सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२९ चैत २०८०, बिहीबार (11 April 2024, Thursday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक ३५३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

■ चिकित्सा शिक्षा आयोगको प्रतिवेदन ६ वर्षपछि सार्वजनिक


एमबिबिएसको शुल्क तोक्नेदेखि त्रिविका उच्चपदस्थमाथि कारबाहीसम्मका सिफारिस

प्रतिवेदन कार्यान्वयन हुँदै जान्छ



● **सुरेश अधिकारी**
सचिव, शिक्षा मन्त्रालय

प्रतिवेदन कार्यान्वयनमा ढिलाइ भएको छ, तर प्रतिवेदन सार्वजनिक हुनु र कारबाहीका लागि तयारी गरिनु सकारात्मक पाटा हुन् । चिकित्सा शिक्षा ऐन, २०७५ ले कार्यान्वयनमा ल्याएकाबाहेकका विषयमा काम गर्दै जाने योजना बनाएका छौं । केही व्यक्तिहरूलाई कारबाहीको सिफारिस पनि गरिएको छ, तीमध्येका कोही कुनै सरकारी ओहोदामा रहेर हाल काम गरिरहेको जानकारीमा छैन । तर, सल्लाहकार अथवा विज्ञको रूपमा रहेको भए सम्बन्धित निकायहरूले हटाउनुपर्छ, हामी यसलाई फलो गर्छौं ।



नयाँ पत्रिका

चिकित्सा शिक्षा सुधारका लागि महत्त्वपूर्ण ठानिएको, तर ६ वर्षदेखि गोप्य राखिएको 'चिकित्सा शिक्षासम्बन्धी जाँचबुझ आयोग, २०७४' को प्रतिवेदन अन्ततः सार्वजनिक गरिएको छ । एमबिबिएससहित विभिन्न तहका शुल्क तोक्नेदेखि त्रिविका उच्चपदस्थ अधिकारीलगायतमाथि कारबाहीसम्मका सिफारिस गरेर शिक्षा मन्त्रालयलाई बुझाएको प्रतिवेदन बुधबार मन्त्रालयले सार्वजनिक गरेको हो ।

विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्की नेतृत्वको आयोगले प्रतिवेदनमा एमबिबिएस तहको अधिकतम मूल्य ३५ लाख तोक्न सिफारिस गरेको छ । जसमा

» पृष्ठ २ मा क्रमशः

■ को-को परे कारबाही सिफारिसमा

आयोगको प्रतिवेदनमा मेडिकल शिक्षामा देखिएका विकृति र विसंगतिलाई बढावा दिने वा अनियमितता गर्ने त्रिविका तत्कालीन उच्चपदस्थ अधिकारीलगायतमाथि कारबाही सिफारिससमेत गरिएको छ । मेडिकल कलेजहरूलाई गलत मनसायले सम्बन्धन दिन प्रक्रिया अघि बढाएको आरोपमा त्रिविका तत्कालीन कार्यकारी परिषद् अध्यक्ष उपकुलपति प्रा.डा. तीर्थ खनियाँ तथा सदस्यहरू रेक्टर प्रा.डा. सुधा त्रिपाठी, रजिस्ट्रार डिल्ली उप्रेती, विज्ञान संकायका डिन रामप्रसाद खतिवडा, कानुन संकायका डिन डा. ताराप्रसाद सापकोटा, राजेन्द्र पौडेल र हरि पराजुलीमाथि कारबाही गर्नुपर्ने सिफारिस छ । आयोगले उनीहरूलाई भविष्यमा सरकारी नियुक्ति गर्नसमेत अयोग्य ठहऱ्याएको छ । त्यस्तै, त्रिविकै तत्कालीन उपकुलपति हिराबहादुर महर्जन, काठमाडौं विश्वविद्यालयका तत्कालीन उपकुलपति डा. रामकण्ठ मकाजू, धरानको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. बिपी दास, अख्तियारका तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीलगायत ४० जनामाथि कारबाही सिफारिस गरिएको छ ।

मिर्गौंला फेल हुनेमध्ये ३० प्रतिशत वैदेशिक रोजगारबाट फर्केका

■ अस्पतालको तथ्यांकअनुसार पछिल्ला एक हजार प्रत्यारोपणमा **७५१ बिरामीले यसबारे जवाफ दिएकामा २१७ जनाले वैदेशिक रोजगारमा रहँदा मिर्गौला फेल भएको बताएका छन्**

■ खाडी मुलुकमा काम गरेर फर्किएका अधिकांशमा मिर्गौलाको कार्यक्षमतामै कमी

मञ्जु टेलर/नयाँ पत्रिका

नेपालमा हाल मिर्गौला फेल भएर डायलाइसिस गराइरहेका र प्रत्यारोपण गराइरहेकामध्ये ३० प्रतिशत वैदेशिक रोजगारबाट फर्किएकाहरू छन् । सरकारसँग नै मिर्गौलारोगीको यकिन तथ्यांक नभए पनि मिर्गौला प्रत्यारोपणको ठूलो हिस्सा ओगट्ने केही अस्पतालको तथ्यांक तथा अमेरिकाको जोन्स हप्किन्स युनिभर्सिटी, ला इस्ला नेटवर्क र नेपाल डेभलपमेन्ट सोसाइटीका अन्वेषकहरूले सार्वजनिक गरेको एक शोधपत्रले मिर्गौला फेल हुनेमध्ये ३० प्रतिशत वैदेशिक रोजगारबाट फर्किएकाहरू रहेको देखाएको हो ।

सबैभन्दा धेरै मिर्गौला प्रत्यारोपण र डायलाइसिस सेवा दिँदै आएको सहिद धर्मभक्त राष्ट्रिय अंग प्रत्यारोपण केन्द्र, भक्तपुरमा प्रत्यारोपण गराउनेमध्ये २९ प्रतिशत बिरामी वैदेशिक रोजगारीबाट फर्किएकाहरू छन् । अस्पतालको तथ्यांकअनुसार पछिल्ला एक हजार प्रत्यारोपणमा सात सय ५१ बिरामीले यसबारे जवाफ दिएकामा दुई सय १७ जनाले वैदेशिक रोजगारमा रहँदा मिर्गौला फेल भएको बताएका छन् जुन २८.९ प्रतिशत हो ।

त्यस्तै, काठमाडौंको त्रिवि शिक्षण अस्पतालमा मिर्गौलाको उपचारका लागि

» पृष्ठ २ मा क्रमशः

■ प्रतिनिधि उदाहरण, जसको वैदेशिक रोजगारीमै मिर्गौला फेल भए


आठ वर्ष साउदी अरेबियामा काम गरेका पाल्पाका ३९ वर्षीय मुक्तबहादुर विक हाल भक्तपुरको राष्ट्रिय अंग प्रत्यारोपण केन्द्रमा डायलाइसिस गराइरहेका छन् । साउदीमै होटेलमा काम गर्दागर्दै मिर्गौला फेल भएर उनी नौ वर्षअघि नेपाल फर्किएका थिए । साउदीमा उनी अन्य कामदारका लागि खाना बनाउने होटेलमा तरकारी काट्थे, जहाँ एसीको सुविधा थिएन । खाना पाकेपछि बाहिर काम गरिरहेकाहरूलाई लगेर बाँड्ने काम पनि गर्नुपर्थ्यो ।

साउदी गएको केही समयलगत्तै उच्च रक्तचापको समस्या देखिएपछि उनले पाँच वर्ष त्यहीं रक्तचाप नियन्त्रणका लागि औषधि सेवन गरे । तर, नाक र मुखबाट लगातार रगत बग्न थालेपछि उनलाई सामान्य उपचार गराएर घर फर्काइयो । नेपालमा औषधि सेवन गर्दागर्दै भारतको बम्बई गए । त्यहाँ स्वास्थ्य जाँच गराउँदा दुवै मिर्गौला फेल फएको पत्ता लाग्यो । त्यसपछि उनले नेपाल फर्किएर नियमित डायलाइसिस गराउन थालेका हुन् । मिर्गौला दान दिने व्यक्ति नपाएका उनी हप्ताको तीनपटक डायलाइसिस गराउँदै छन् ।

'विदेशमा कमाएको पैसा उपचारमै सकियो । कहिल्यै निको नहुने रोग लागेपछि आफन्तले पनि सहयोग गर्दैनन् । उपचारका लागि सरकारले निःशुल्क सेवा दिएको छ, तर कोठाभाडा, खानाको व्यवस्था कसरी गर्ने ?' उनले भने ।

०००

मुक्तबहादुरसँगै मिर्गौलाको डायलाइसिस गराइरहेका सिन्धुलीका ३० वर्षीय सोमकुमार विश्वकर्मा पनि वैदेशिक रोजगारीकै क्रममा मिर्गौला फेल भएर फर्किएका हुन् । कामदार भिसामा तीन वर्षका लागि मलेसिया गएका उनी मिर्गौला फेल भएपछि दुई वर्षमै स्वदेश फर्किएका थिए । सोमकुमारले सुपरमार्केटमा माछा काट्ने, माछा भण्डारणका लागि आइस बनाउने र माछा स्टोर गर्ने काम गर्थे । उनको अधिकांश समय अत्यधिक चिसोमा बित्थ्यो । नियमित स्वास्थ्य परीक्षणका क्रममा मिर्गौला फेल भएको पत्ता



लागेपछि दुईपटक मलेसियामै डायलाइसिस गराएर कम्पनीले उनलाई नेपाल पठाइदियो । हप्तामा तीनपटक डायलाइसिस गराइरहेका उनी प्रत्यारोपणका लागि अंगदाता कुरिरहेका छन् ।

०००

त्यस्तै, गत मंसिरमा मिर्गौला प्रत्यारोपण गरेर हाल नियमित फलोअपमा रहेका काठमाडौं बालाजुका दिनेश खत्रीको पनि विदेशमै मिर्गौला फेल भएको थियो । दुबईमा सेफको काम गर्दैगर्दा मिर्गौलामा पत्थरी भएको पुष्टि भएपछि स्वदेश फर्किएका थिए । शल्यक्रिया गरेर पत्थरी निकालेलगत्तै मिर्गौला पनि फेल भएपछि केही समयको डायलाइसिसपछि मिर्गौला प्रत्यारोपण गराएका हुन् । हाल नियमित चिकित्सकको फलोअपमा रहेका उनले भने, 'नेपाली कामदारको खानपानको बानीले मिर्गौलामा समस्या देखिइरहेको हो । मसँगै काम गर्ने समूहमध्येका हामी आठजनामा एकैपटक मिर्गौलामा पत्थरी देखिएको थियो । पानीको सट्टा इनर्जी ड्रिंक्स पिउने, चिल्लो माछा, मासु र अल्कोहल खाने बानीका कारण धेरैमा यस्तो समस्या देखिन थालेको छ ।'

किन भइरहेको छ मिर्गौला फेल ?

● **डा. पुकारचन्द्र श्रेष्ठ**
मिर्गौला रोग विशेषज्ञ



४० देखि ५० डिग्री सेल्सियस तापक्रम रहेको स्थानमा काम गर्नुपर्ने, शरीरलाई चाहिने पानी खान नपाउने र समयमा पिसाबसमेत गर्न नपाउँदा मिर्गौला फेल हुने जोखिम उच्च हुने नै भयो । मिर्गौलाले शरीरमा भएको विषाक्त पदार्थ फिल्टर गरेर फाल्ने काम गर्छ, तर शरीरमा पानीको मात्रा कम हुँदा मिर्गौलाले काम गर्न सक्दैन र फेल हुने समस्या निम्तिन्छ । प्रसस्त पानी पिउनुपर्ने अवस्थामा कोल्ड ड्रिंक्स पिउँदा पत्थरीको सम्भावना हुन्छ र मिर्गौला फेल हुने जोखिम हुन्छ ।



■ आफ्नै नाममा ताल बनाउने बागमतीका मेयर भरत थापाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

पाँच वर्षमा पाँच करोड ३३ लाखको गैरकानुनी सम्पत्ति आर्जन

नयाँ पत्रिका



नगर क्षेत्रमा आफ्नै नाममा विशाल ताल बनाएर चर्चित सर्लाहीको बागमती नगरपालिकाका बहालवाला मेयर भरतकुमार थापाविरुद्ध पाँच करोड ३३ लाख ५३ हजारबराबरको गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोप लागेको छ । मेयर भएको पाँच वर्षमा उनले अकुत सम्पत्ति आर्जन गरेको भन्दै बुधबार अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

मेयर थापाको १३ करोड २० लाख तीन हजार ३९१ रुपैयाँ कुल सम्पत्ति देखिएकोमा सात करोड ८६ लाख ५० हजार २०१ रुपैयाँको मात्रै वैधानिक स्रोत खुलेको अख्तियारको दाबी छ । अख्तियारले दोहोरिएर मेयर भएका थापा पहिलो कार्यकालका लागि निर्वाचित भएको ७ असोज ०७४ देखि २९ माघ ०७९ सम्मको आम्दानी र खर्चको विश्लेषण गरेको थियो । उक्त अवधिमा उनको आम्दानीभन्दा खर्च तथा लगानी अत्यधिक देखिएपछि अख्तियारले मुद्दा दायर गरेको हो ।

जाँच अवधिको वैधानिक आयको विश्लेषणका क्रममा अख्तियारले मेयरका रूपमा सार्वजनिक सेवामा प्रवेश गर्नुअघि उनी र एकासगोल परिवारका सदस्यहरूको नाममा विभिन्न बैंक तथा वित्तीय

» पृष्ठ २ मा क्रमशः

नव वर्षको शुभकामना

चौतर्फी निराशा, अत्यास र अनिश्चयको
वर्ष २०८० अप्रिय अनुभव र अभूतपूर्व चोट दिएर बिदा भएको छ ।

नव वर्ष २०८१ ले सम्पूर्ण आदरणीय नेपालीजनमा आशाको बिजारोपण गरोस्, उन्नतिको जग बसालोस्; सद्भाव, सहिष्णुता र सहअस्तित्वको फराकिलो मार्ग निर्माण गरोस् ।

अन्तरआत्मादेखि नै शुभकामना व्यक्त गर्दछौं ।



उद्योगमा दैनिक १४ घण्टासम्म अघोषित लोडसेडिङ

मिलन विश्वकर्मा/नयाँ पत्रिका

भारतबाट पर्याप्त बिजुली आपूर्ति नहुँदा देशभरका ठूला उद्योग र औद्योगिक करिडोरमा विद्युत् प्राधिकरणले १४ घण्टासम्म अघोषित लोडसेडिङ गरिरहेको छ । घरायसी प्रयोगकर्तालाई मागबमोजिम बिजुली दिए पनि प्राधिकरणले धेरै र चौबीसै घण्टा बिजुली खपत गर्ने उद्योगहरूमा भने आपूर्ति कटौती गरेको हो ।

उद्योग संगठन मोरङका पूर्वअध्यक्ष सुयश प्याकुरेलले पूर्वको प्रमुख औद्योगिक क्षेत्र विराटनगर मोरङ-सुनसरी औद्योगिक करिडोरमा उद्योगमा हाल दैनिक साँझ ६ बजेदेखि बिहान ६ बजेसम्म विद्युत् कटौती भइरहेको बताए । दिउँसो पनि पटक-पटक विद्युत् ट्रिपिङ हुने गरेको उनको भनाइ छ ।

कमजोर कूटनीतिक पहल

'उद्योग चलाउन विद्युत्को विकल्प छैन । तर, अहिले मागअनुसार विद्युत् आपूर्ति हुने अवस्था छैन । प्रतियुनिट ४७ रुपैयाँ खर्चमा डिजेलबाट विद्युत् निकालेर उद्योग सञ्चालन गर्न सक्ने पनि अवस्था छैन,' उनले भने, 'विद्युत् आपूर्ति गर्न नसक्ने भए प्राधिकरणले लोडसेडिङको तालिका दिनुपर्छ ।'

विराटनगरकै अर्का उद्योगी पवन गोल्यानको रिलायन्स स्पिनिङ

» पृष्ठ २ मा क्रमशः

■ किन भयो विद्युत् कटौती

भारतबाट आपूर्ति नहुँदा समस्या : प्राधिकरण



● **कुलमान घिसिङ**, कार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण

प्राप्त भएसम्म उद्योगलाई विद्युत् उपलब्ध गराएका छौं । तैपनि रातको समयमा केही उद्योगलाई विद्युत् उपलब्ध गराउन सकिएको छैन । ग्यासको विद्युत् आयात गर्न महँगो पर्ने भयो । तर, बिहारबाट विद्युत् आयात गर्न पहल गरिरहेका छौं । त्यहाँबाट विद्युत् आयात गर्न पायौं भने सहज हुन्छ । तर, यो क्षणिक समस्या हो । 'मे' महिनाबाट नेपालकै उत्पादनले पुग्छ । किनकि, हिउँ पग्लेर खोलामा पानीको सतह बढ्दा स्वतः विद्युत् उत्पादन बढ्छ । त्यसपछि बर्खा सिजन पनि सुरु हुन्छ ।

१९ चैतदेखि रातिको समयमा भारतबाट विद्युत् आयात ठप्प भएपछि दैनिक १२ घण्टादेखि १४ घण्टासम्म विद्युत् आपूर्तिमा अवरोध भइरहेको छ । भारतले ऊर्जा खरिद-बिक्री बजारलाई २४ घण्टाबाट १२ घण्टाका लागि मात्रै खुला गरेपछि प्राधिकरणले नेपालका उद्योगहरूमा विद्युत् कटौती गरेको हो । अहिले भारतबाट बिहान ६ बजेदेखि साँझ ६ बजेसम्म मात्रै यो बजार खुला गरिएको छ । यो अवधिमा कोइला, जलविद्युत्, डिजेल र ग्यासबाट उत्पादित विद्युत् किन्न पाइन्छ भने बाँकी समयमा ग्यासमा आधारित प्लान्टबाट उत्पादित बिजुली मात्रै खरिद गर्न पाइने प्राधिकरणले जानकारी दिएको छ ।

नेपालमा जलविद्युत् आयोजनाहरू नदी प्रवाह (आरओआर) मा आधारित छन् । त्यसैले नदीको प्रवाह घट्ने हिउँदयाममा खोलामा पानी कम हुँदा विद्युत् उत्पादन पनि घट्ने हुन्छ । यस्तो समयमा प्राधिकरणले भारतबाट ५५४ मेगावाटसम्म विद्युत् आयात गरिरहेको छ । नेपालमा अहिले विद्युत्को अधिकतम जडित क्षमता तीन हजार ३८ मेगावाट पुगेको छ । तर, अहिले ११ सय मेगावाट हाराहारीमा मात्रै विद्युत् उत्पादन भइरहेको छ । न्यूनतम माग पूरा गर्न १४/१५ सय मेगावाट विद्युत् चाहिन्छ । तर, रातको समयमा विद्युत् आयात गर्न नपाउँदा त्यो माग पूरा गर्न नसकिएको प्राधिकरणको भनाइ छ । मागअनुसार अहिले बढीमा चार सय मेगावाटभन्दा कम आपूर्ति छ ।

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

मिर्गौला फेल...

पृष्ठ १ बाट क्रमशः

पुग्नेहरूमध्ये करिब ३० प्रतिशत वैदेशिक रोजगारबाट फर्किएकाहरू रहेको त्यहाँ कार्यरत डा. पवन चालिसे बताउँछन्। त्यसैगरी, अमेरिकाको जोन्स हप्किन्स युनिभर्सिटी, ला इस्ला नेटवर्क र नेपाल डेभलपमेन्ट सोसाइटीका अन्वेषकहरूले गत जुनमा सार्वजनिक गरेको शोधपत्रले नेपालमा दुईवटा मिर्गौला डायलाइसिस केन्द्रमा उपचार गराइरहेका ३१ प्रतिशत बिरामी खाडी र मलेसियाबाट फर्केका आप्रवासी कामदार रहेको देखाएको थियो। तीमध्ये पनि आधाभन्दा धेरै ४० वर्ष उमेर नकटेका रहेको जनाएको थियो।

राष्ट्रिय अंग प्रत्यारोपण केन्द्रको तथ्यांकअनुसार वैदेशिक रोजगारीमा गएकामध्ये पनि धेरैजसो खाडी मुलुक र मलेसियामा काम गर्नेहरू मिर्गौला रोगबाट प्रभावित छन्। कुल प्रभावित अंकको २५.३ प्रतिशत कतार, २१ प्रतिशत दुबई, ११.५ प्रतिशत मलेसिया र बाँकी अन्य देशमा कामको दौरानमा मिर्गौला फेल भएकाहरू छन्। खासगरी मजदुरी र सर्भिसमा काम गर्न गएकाहरू मिर्गौलामा पत्थरी र मिर्गौला फेल भएर फर्किने गरेका छन्। आवश्यकताअनुसार पानी र खानाविना नै दैनिक १० देखि १२ घण्टासम्म काम गर्ने कामदारको मिर्गौलामा छोटो समयमै गम्भीर समस्या देखिने गरेको चिकित्सकले बताउँदै आएका छन्। केन्द्रको तथ्यांकअनुसार वैदेशिक रोजगारबाट मिर्गौलामा समस्या लिएर फर्किनेमध्ये ४० वर्षमुनिका ४१.५ प्रतिशत छन् भने ४० देखि ५० वर्षभित्रका २५.३ प्रतिशत छन्।

वैदेशिक रोजगारको क्रममा मिर्गौलामा समस्या देखिएकाहरूलाई वैदेशिक रोजगार बोर्डले समेत उपचारका लागि आर्थिक सहयोग गर्दै आएको छ। यसका लागि दैनिक दुई-तीनजना बिरामी बोर्डमा आउने गरेको बोर्ड प्रवक्ता टीकाराम ढकालले बताए। उनका अनुसार हालसम्म मिर्गौला रोगको उपचारका लागि एक सय ९३ जनाले बोर्डबाट सहयोग लिएका छन्।

उच्च वा अति न्यून तापक्रम, समयमा पानी खान नपाउने र पिसाब गर्न नपाउने, अत्यधिक चिल्लो र अल्कोहलको उच्च प्रयोग, अनिद्राजस्ता कारणले वैदेशिक रोजगार मिर्गौलामा समस्या निम्तिने कारण बन्न थालेको छ। अत्यधिक गर्मी वा अत्यधिक चिसोमा बस्दा शरीरमा पानीको कमी हुने र त्यतिवेला पानीको सट्टा इनर्जी ड्रिंक्सहरूको बढी प्रयोग गर्नेमा मिर्गौलामा समस्या देखिने गरेको चिकित्सक बताउँछन्।

उपचारका लागि अस्पताल पुग्नेहरूमध्ये अत्यधिक गर्मीमा काम गर्ने, तर पानी पिउन नपाउने, एसीमा लामो समय बस्नुपर्ने, खानामा ध्यान नदिनु नै मुख्य कारण देखिएको डा. पुकार श्रेष्ठले बताए। '४० देखि ५० डिग्री सेल्सियस तापक्रम रहेको स्थानमा काम गर्नुपर्ने, शरीरलाई चाहिने पानी खान नपाउने र समयमा पिसाबसमेत गर्न नपाउँदा मिर्गौला फेल हुने जोखिम उच्च हुने नै भयो,' उनले भने। डा. श्रेष्ठका अनुसार वैदेशिक रोजगारबाट फर्किनेहरूमा मिर्गौलासम्बन्धी समस्या अत्यधिक देखिन थालेको छ। जसले उपचारमा राज्यको ठूलो खर्च भइरहेको छ भने काम गर्ने उमेरका युवाहरू डायलाइसिस गरेर बाँच्न बाध्य भइरहेका छन्। एक बिरामीको मिर्गौला प्रत्यारोपणमा सरकारले साढे पाँच लाख र एक वर्षको डायलाइसिसका लागि दुई लाख ५६ हजार रुपैयाँ खर्च गर्दै आएको छ।

'मिर्गौलाले शरीरमा भएको विषाक्त पदार्थ फिल्टर गरेर फाल्ने काम गर्छ, तर शरीरमा पानीको मात्रा कम हुँदा मिर्गौलाले काम गर्न सक्दैन र फेल हुने समस्या निम्तिन्छ,' डा. श्रेष्ठले भने, 'प्रसस्त पानी पिउनुपर्ने अवस्थामा कोल्ड ड्रिंक्स पिउँदा पत्थरीको सम्भावना हुन्छ र मिर्गौला फेल हुने जोखिम हुन्छ।'

मानव अधिकार समूह फेयरस्क्वायरले खाडी मुलुकमा काम गर्नेहरूमा विभिन्न स्वास्थ्य समस्याको जोखिम बढ्दै गएको देखाएको छ। अध्ययनका अनुसार विश्वव्यापी तापमान पूर्व-औद्योगिकस्तरभन्दा १.५ डिग्री सेल्सियस माथि पुगेको र अधिकतम दैनिक तापमान ४० डिग्री फरेनहाइट पुग्ने वैज्ञानिकहरूले चेतावनी दिएका छन्। अत्यधिक गर्मी हुने स्थानमा कतिपय देशले आउटडोर काम गर्न निषेधसमेत गर्दै आएका छन्। कतारले सेप्टेम्बरको मध्यतिर बिहान १०:३० देखि दिउँसो ३:३० सम्म आउटडोर काम गर्न बन्देज नै लगाएको थियो।

खाडी मुलुकमा काम गरेर फर्किएका अधिकांशमा मिर्गौलाको कार्यक्षमतामै कमी

खासगरी खाडी मुलुकमा काम गरेर फर्किएका अधिकांशमा मिर्गौलाको काम गर्ने क्षमतामै कमी आएको अध्ययनले देखाएको छ। गत असोजमा बेलायतको बर्नमथ विश्वविद्यालय र ग्रिनतारा नेपाल नामक संस्थाले वैदेशिक रोजगारबाट फर्किएकामा गरेको एक अध्ययनले मिर्गौलामा कुनै न कुनै समस्या लिएर फर्किने संख्या डरलाग्दो देखिएको बताएको थियो। उक्त अध्ययनमा धनुषा जिल्लाको लक्ष्मीनियाँ गाउँपालिका र छिरेश्वरनाथ गाउँपालिकाका विगत एक वर्षभित्र खाडीका ६ मुलुक (कतार, साउदी अरब, कुवेत, ओमान, युएई, बहराइन) र मलेसियामा काम गरी फर्किएका सात सय १८ पुरुष र स्वदेशमै रहेका स्थानीय सात सय २० (तीन सय ७९ पुरुष र तीन सय ४१ महिला)बीच तुलना गरिएको थियो। अध्ययनले वैदेशिक रोजगारबाट फर्केकाहरूमा रगतमा पाइने क्रियटिनिन तत्त्वको मात्राका आधारमा मिर्गौलाले एक मिनेटमा कति रगत छान्छ भनेर हेरेका थिए। जसमा अधिकांशमा मिर्गौलाको कार्यक्षमतामा कमी आएको देखाएको थियो। त्यस्तै, नेपालमा बसेर काम गरिरहेकाहरूको तुलनामा विदेशबाट फर्केकाहरूमा उच्च रक्तचाप, मधुमेह, मोटोपनलगायत समस्या पनि बढी देखिएको थियो।

कसरी हुन्छ मिर्गौला फेल ?

टिचिङ अस्पताल महाराजगन्जका चिकित्सक डा. पवन चालिसेका अनुसार मिर्गौला रोगमा पाँच चरणहरूमध्ये रोग कुन चरणमा छ भनेर ग्लोमेरुलर फिल्टरेसन रेट (जिएफआर)ले निर्धारण गर्छ। जिएफआर घट्दै जाँदा मिर्गौलाको काम पनि घट्दै जान्छ। मिर्गौला फेल तब हुन्छ, जब त्यसको कार्य १५ प्रतिशतभन्दा कम हुन्छ। त्यतिवेला मिर्गौला प्रत्यारोपण वा डायलाइसिस गरेर मात्र जीवन सम्भव हुन्छ। कृत्रिम तरिकाबाट रगतको शुद्धीकरण गर्नुलाई डायलाइसिस भनिन्छ। डायलाइसिसमा हिमोडायलाइसिस र पेरिटोनियल डायलाइसिस पर्छ। हिमोडायलाइसिसमा फिस्टुला, ग्राफ्ट वा क्याथेटरको माध्यमबाट मेसिनको सहायतामा रगतबाट फोहोर र अतिरिक्त तरल पदार्थ फिल्टर गरिन्छ भने पेरिटोनियल डायलाइसिसमा पेटभित्र आन्द्राको बाहिरपट्टि राखिएको पातलो ट्युबले पेरिटोनियल क्याभिटीबाट डायलाइसेटको सहायतामा विकारयुक्त पदार्थ हटाउने गरिन्छ। हिमोडायलाइसिस हप्तामा दुईदेखि तीनपटकसम्म गर्नुपर्ने हुन्छ भने पेरिटोनियल डायलाइसिस दिनहुँ गर्नुपर्छ।

उद्योगमा दैनिक...

पृष्ठ १ बाट क्रमशः

मिल्समा पनि निरन्तर बिजुली कटौती भइरहेको छ। यो उद्योग सबैभन्दा धेरै धागो निर्यात गर्ने उद्योग हो। '१२ घण्टा लोडसेडिङ त नियमितजस्तै छ। तर, विद्युत् उपलब्ध हुने समयमा पनि प्राधिकरणले २० प्रतिशत मात्रै चलाउनू भनेर निर्देशन दिएको छ। नत्र विद्युत् नै काटिदिन्छु भनेर चेतावनी आउँछ। प्राधिकरणले भनेपछि मान्नैपऱ्यो,' गोल्यानले नयाँ पत्रिकासँग भने। विद्युत् प्राधिकरणले आफूलाई घाटा हुन्छ भनेर उद्योग नै चलाउन नदिएर ज्याजती गरिरहेको उनको भनाइ छ।

सुनसरीको सुगम रोजिन टर्पेन्टाइन एन्ड हर्बलमा विद्युत् आपूर्तिको ठेगान नै नहुने उद्योगका सञ्चालक शिवप्रसाद घिमिरेले बताए। 'दैनिक १२ घण्टाजस्तो विद्युत् कटौती भइरहेको छ। तर, कुन समयमा कटौती हुन्छ र कहिले आपूर्ति हुन्छ भन्ने पत्तो हुँदैन,' उनले भने। वीरगन्ज करिडोरमा साँझ ६ बजेदेखि १० बजेसम्म (चार घण्टा) विद्युत् कटौती भइरहेको वीरगन्जस्थित राजेश मेटल ग्लास उद्योगको सञ्चालकसमेत रहेका नेपाल उद्योग परिसंघका अध्यक्ष राजेश अग्रवालले जानकारी दिए। सरकारले महँगोमा आयात गरेर भए पनि उद्योगमा विद्युत् आपूर्ति गर्ने व्यवस्था मिलाउनुपर्ने उनको भनाइ छ।

'प्राधिकरण नाफा-नोक्सानमा केन्द्रित भएजस्तो देखिन्छ। यद्यपि, हामी प्राधिकरणलाई केही भन्दैनौं। उद्योगलाई सञ्चालन गराउने दायित्व सरकारको पनि हो,' उनले भने, 'सरकारले जुनसुकै मूल्यमा भए पनि विद्युत् आयात गरेर उद्योगमा आपूर्ति दिने व्यवस्था गर्नुपर्छ।' भैरहवाको अर्घाखाँची सिमेन्ट र पाल्पा सिमेन्ट उद्योगमा साँझ ६ बजेदेखि बिहान ६ बजेसम्म विद्युत् कटौती भइरहेको त्यहाँका उद्योगीहरूको गुनासो छ।

प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले रातको समयमा केही उद्योगमा विद्युत् उपलब्ध गराउन नसकिएको बताए। 'प्राप्त भएसम्म उद्योगलाई विद्युत् उपलब्ध गराएका छौं। तर, पनि रातको समयमा केही उद्योगलाई विद्युत् उपलब्ध गराउन सकिएको छैन। ग्यासको विद्युत् आयात गर्न महँगो पर्ने भयो। तर, बिहारबाट विद्युत् आयात गर्न पहल गरिरहेका छौं। त्यहाँबाट विद्युत् आयात गर्न पायौं भने सहज हुन्छ,' उनले भने, 'तर, यो क्षणिक समस्या हो। 'मे' महिनाबाट नेपालकै उत्पादनले पुग्छ। किनकि, हिउँ पग्लेर खोलामा पानीको सतह बढ्दा स्वतः विद्युत् उत्पादन बढ्छ। त्यसपछि बर्खा सिजन पनि सुरु हुन्छ।'

ग्यासमा आधारित बिजुली महँगो हुने भएकाले रातको समयमा विद्युत् आयात नगरेको प्राधिकरणका प्रवक्ता चन्दनकुमार घोसले बताए। सोहीकारण बाध्य भएर उद्योगहरूमा विद्युत् कटौती गर्नुपरेको उनको भनाइ छ। 'अहिले विद्युत् को स्वदेशी उत्पादन अत्यन्तै न्यून छ। त्यसले न्यूनतम माग पनि धान्दैन। रातको समयमा भारतबाट विद्युत् आयात गर्न मिलेको छैन। ग्यासको विद्युत् महँगो पर्छ,' उनले भने, 'सक्नेसम्म विद्युत् आपूर्ति गरिरहेका छौं। इच्छाले उद्योगहरूमा विद्युत् कटौती गरेको होइन। बाध्यात्मक परिस्थिति हो।'

नेपाल र भारतबीच विभिन्न स्तरमा कूटनीतिक वार्तामा नेपालको बिजुली भारतमा निर्यात गर्ने विषयमा छलफल हुँदै आए पनि सुक्खायाममा आवश्यकता पूर्ति गर्ने विषयमा नेपाली पक्षबाट पहल नभएको जानकार बताउँछन्। पूर्वऊर्जासचिव देवेन्द्र कार्कीले अहिलेको समयमा नेपालले भारतसँग कूटनीतिक पहल गरेर तत्काल विद्युत् आयातको सबै ढोका खुलाउन पहल गर्नुपर्ने बताए। त्यसबाहेक नेपालले दीर्घकालीन समाधानका रूपमा जलाशययुक्त विद्युत् आयोजना निर्माणमा केन्द्रित हुनुपर्ने उनको जोड छ।

राष्ट्रिय सभा उपाध्यक्षमा विमला घिमिरे निर्वाचित

नयाँ पत्रिका



तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

राष्ट्रिय सभा उपाध्यक्षमा एमालेकी विमला घिमिरे निर्वाचित भएकी छिन्। निर्वाचित भएलगतै घिमिरेले राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहालबाट पद तथा गोपनीयताको शपथग्रहण गरेकी छिन् भने सिंहदरबारस्थित कार्यकक्षमा पदवहाली गरेकी छिन्।

राष्ट्रिय सभाको बुधबार बसेको बैठकमा भएको मतविभाजनमा काग्रेसकी विष्णुदेवी पुडासैनीलाई २३ मतले पराजित गर्दै घिमिरे उपाध्यक्ष निर्वाचित भएकी भएकी हुन्। घिमिरेले ३९ मत प्राप्त गर्दा पुडासैनीको पक्षमा १६ मत पऱ्यो। घिमिरेलाई एमाले, माओवादी, एकीकृत समाजवादी, जसपालगायत दलले समर्थन गरेका थिए।

कपिलवस्तु वाणगंगा- ८ ढोडेकोलनिवासी घिमिरे २१ फागुन ०७६ मा राष्ट्रिय सभा सदस्य बनेकी थिइन्। सदस्यका रूपमा चार वर्ष पूरा गरिसकेकी घिमिरेले बाँकी दुई वर्ष उपाध्यक्षका रूपमा सभा सञ्चालनको अवसर प्राप्त गरेकी हुन्।

२१ फागुनमा सत्तासमीकरण फेरिएसँगै राष्ट्रिय सभा अध्यक्ष माओवादी र उपाध्यक्ष एमालेले पाउने सहमति भएको थियो। २९ फागुनमा माओवादीबाट नारायण दाहाल अध्यक्ष निर्वाचित भएपछि निवर्तमान उपाध्यक्ष उर्मिला अर्यालले १५ चैतमा राजीनामा दिएकी थिइन्। अर्यालको राजीनामापछि रिक्त पदमा एमालेकी घिमिरे निर्वाचित भएकी हुन्।

उपाध्यक्ष निर्वाचित भएपछि घिमिरेले पार्टीभन्दा माथि उठेर जिम्मेवारी बहन गर्ने बताइन्। उपाध्यक्ष पद केही होइन भन्ने मनोविज्ञान बदल्ने उनको भनाइ थियो। 'पार्टीभन्दा माथि उठेर तटस्थ हिसाबले काम गर्छु। म सबैको साझा उपाध्यक्ष हुँ,' उनले भनिन्, 'उपाध्यक्ष पद केही होइन, अध्यक्ष नहुँदा मात्र त जिम्मेवारी आउने त हो नि भन्ने मनोविज्ञान बदल्छु। संविधान र नियमावलीले दिएको अधिकार प्रयोग गर्दै आफ्नो क्रियाशीलता बढाउने प्रयास गर्छु। महिला माननीयको क्षमता विकासमा भूमिका खेल्छु।'

अखिल नेपाल महिला संघबाट ०४७ देखि राजनीति सुरु गरेकी घिमिरेले अनेरास्ववियु, एमाले जिल्ला कमिटी, पार्टी केन्द्रीय स्कुल विभाग, केन्द्रीय समितिमा रहेर काम गरेकी छिन्। हाल घिमिरे एमालेको पोलिटब्युरो सदस्य छिन्। उपाध्यक्ष हुनुअघि घिमिरे दिगो विकास तथा सुशासन समिति सदस्य थिइन्।

एमबिबिएसको...

पृष्ठ १ बाट क्रमशः

परीक्षा, काउन्सिल, भर्ना, पुस्तकालय, प्रयोगशालाजस्ता नाममा अन्य थप शुल्क लिन नपाइने उल्लेख छ। त्यस्तै, बिडिएस कार्यक्रमको शुल्क १८ लाखभन्दा धेरै लिन नपाइने व्यवस्था गर्न भनेको छ। यसमा पनि अन्य अतिरिक्त शुल्क लिन नपाइने गरी सिफारिस गरेको छ। मेडिकल कलेजहरूले भर्ना सूचनामै शुल्कको विवरण र विषयगत रूपमा उपलब्ध सिटसंख्या अनिवार्य खुलाउनुपर्ने आयोगको सिफारिस छ।

आयोगको प्रतिवेदनमा मेडिकल शिक्षामा देखिएका विकृति र विसंगतिलाई बढावा दिने वा अनियमितता गर्ने त्रिविका तत्कालीन उच्चपदस्थ अधिकारीलगायतमाथि कारबाही सिफारिससमेत गरिएको छ। मेडिकल कलेजहरूलाई गलत मनसायले सम्बन्धन दिन प्रक्रिया अघि बढाएको आरोपमा त्रिविका तत्कालीन कार्यकारी परिषद् अध्यक्ष उपकुलपति प्रा.डा. तीर्थ खनियाँ तथा सदस्यहरू रेक्टर प्रा.डा. सुधा त्रिपाठी, रजिस्ट्रार डिल्ली उप्रेती, विज्ञान संकायका डिन रामप्रसाद खतिवडा, कानुन संकायका डिन डा. ताराप्रसाद सापकोटा, राजेन्द्र पौडेल र हरि पराजुलीमाथि कारबाही गर्नुपर्ने सिफारिस छ। आयोगले उनीहरूलाई भविष्यमा सरकारी नियुक्ति गर्नसमेत अयोग्य ठहऱ्याएको छ। त्यस्तै, त्रिविकै तत्कालीन उपकुलपति हिराबहादुर महर्जन, काठमाडौं विश्वविद्यालयका तत्कालीन उपकुलपति डा. रामकण्ठ मकाजू, धरानको बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति डा. बिपी दास, अख्तियारका तत्कालीन प्रमुख आयुक्त लोकमानसिंह कार्कीलगायत ४० जनामाथि कारबाही सिफारिस गरिएको छ।

कार्कीको अध्यक्षतामा रहेको तीन सदस्यीय आयोगमा डा. उपेन्द्र देवकोटा र शिक्षा मन्त्रालयका तत्कालीन सहसचिव सूर्यप्रसाद गौतम सदस्य थिए। आयोगले चिकित्सा शिक्षा क्षेत्रमा विभिन्न अनियमितता भएको, सम्बन्धन, प्रवेश परीक्षा शुल्क, भर्ना शुल्क, कोटा निर्धारण र गुणस्तरका क्षेत्रमा आउने गरेको गुनासो र उजुरीमाथि छानबिन गरी ०७४ माघमै तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवालाई प्रतिवेदन बुझाएको थियो। तर, १० महिना छानबिन गरेर बुझाएको प्रतिवेदन सरकारले सार्वजनिक गरेको थिएन।

जाँचबुझ आयोगले अनुगमनमा जाने विश्वविद्यालय वा मेडिकल काउन्सिलका प्रतिनिधिलाई भ्रमण भत्तालगायत खर्च कलेजले व्यहोर्नुपर्ने विकृति रोक्न पनि भनेको छ। विश्वविद्यालय वा काउन्सिलका प्रतिनिधिले भ्रमण भत्ताका नाममा प्रतिदिन आठ हजार रुपैयाँका दरले र बसाइ खर्च पनि कलेजलाई तिराउँदै आएका छन्।

त्यस्तै, निजी मेडिकल कलेजलाई एकै स्थानमा सात सय शय्याको अस्पताल सञ्चालन गर्नुभन्दा दुर्गम क्षेत्र वा हिमाली तथा पहाडी जिल्लामा समेत गुणस्तरीय स्वास्थ्य सेवाको सुनिश्चितताका लागि विद्यार्थी संख्या, भौतिक सुविधा, फ्याकल्टीजस्ता आधार तयार गरी कम्तीमा तीनदेखि पाँच जिल्लामा आउटरिच अस्पताल सञ्चालन गर्नुपर्ने प्रावधान राख्नु उपयुक्त हुने सुझाव पनि आयोगले दिएको छ।

शिक्षामन्त्री सुमना श्रेष्ठले आयोगले प्रतिवेदनमा समावेश गरेका आफ्नो मन्त्रालयसँग सम्बन्धित सुझाव तथा सिफारिस तत्काल कार्यान्वयन प्रक्रियामा लैजाने बताएकी छिन्। शिक्षा मन्त्रालयका सचिव सुरेश अधिकारीले प्रतिवेदनमा समावेश भएका अधिकांश विषयवस्तु चिकित्सा शिक्षा ऐनमा समावेश भएकाले अन्य सुधार र कारबाहीका पाटाहरू कार्यान्वयनमा ल्याउन नै प्रतिवेदन सार्वजनिक गरिएको बताए।

'प्रतिवेदन कार्यान्वयनमा ढिलाइ भएको छ, तर प्रतिवेदन सार्वजनिक हुनु र कारबाहीका लागि तयारी गरिनु सकारात्मक पाटा हुन्। चिकित्सा शिक्षा ऐन, २०७५ ले कार्यान्वयनमा ल्याएकाबाहेकका विषयमा काम गर्दै जाने योजना बनाएका छौं,' सचिव अधिकारीले भने, 'केही व्यक्तिहरूलाई कारबाहीको सिफारिस पनि गरिएको छ, तीमध्येका कोही कुनै सरकारी ओहोदामा रहेर हाल काम गरिरहेको जानकारीमा छैन। तर, सल्लाहकार अथवा विज्ञको रूपमा रहेको भए सम्बन्धित निकायहरूले हटाउनुपर्छ, हामी यसलाई फलो गर्छौं।'

पाँच वर्षमा...

पृष्ठ १ बाट क्रमशः

संस्थाहरूमा मौज्दात रकम, सार्वजनिक सेवामा प्रवेशपश्चात् उनले प्राप्त गरेको पारिश्रमिक बचत, पत्नीको पारिश्रमिक बचत, बैठक भत्ता, विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट लिएको ऋण, जग्गा बिक्री, कम्पनी आय र कृषि आम्दानीसमेत गरी जम्मा सात करोड ८६ लाख ५० हजार २०१ रुपैयाँको वैधानिक स्रोत खुलेको अख्तियारको दाबी छ। त्यसैअवधिमा मेयर थापाको सम्पूर्ण व्यय (खर्च तथा लगानी)को पनि अख्तियारले विश्लेषण गरेको थियो। त्यसक्रममा घरजग्गा खरिद, विभिन्न बैंक तथा वित्तीय संस्थाहरूबाट उपभोग गरेको कर्जाको सावाँ-ब्याज तिरेको रकम, जीवन बिमा प्रिमियम भुक्तानीमा भएको खर्च, विभिन्न कम्पनीहरूमा लगानी भएको खर्च, अध्ययन खर्च, सेयर खरिद खर्च, सवारीसाधन खरिदमा भएको खर्च, सेवा दस्तुरबापत तिरेको रकम र बैंक मौज्दात रकमसमेत गरी जम्मा १३ करोड २० लाख तीन हजार ३९१ रुपैयाँ खर्च तथा लगानी गरेको देखिन्छ। यसरी अनुसन्धानको जाँच अवधिमा स्रोत खुल्न आएको मेयर थापाको वैध आयको अनुपातमा सोही अवधिमा खर्च तथा लगानी पाँच करोड ३३ लाख ५३ हजार १९१ रुपैयाँबराबरको सम्पत्ति ऋणात्मक देखिएको छ। स्रोत नखुलेको यही रकमलाई गैरकानुनी ठहर गरी अख्तियारले मेयर थापाविरुद्ध मुद्दा दायर गरेको हो। यसैलाई अख्तियारले बिगो कायम गरेको छ।

थापाले सार्वजनिक पदको दुरुपयोग गरी गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको पुष्टि भएको अख्तियारको दाबी छ। उनीविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा २ बमोजिम कैद तथा जरिवानाको सजायको मागदाबी अख्तियारले गरेको छ।

सार्वजनिक सेवाको पदमा रहँदाका बखत गैरकानुनी रूपमा आर्जन गरेको सम्पत्ति थापाले श्रीमती रेश्मीकुमारी घिमिरे थापा, भाइ रामकुमार थापा र भाइ बुहारी द्वारिका राउतको नाममा घरजग्गा, विभिन्न कम्पनीमा लगानी, सेयर खरिद, जीवन बिमा प्रिमियम भुक्तानी र बैंक खातामा मौज्दात रकम राखेको अख्तियारको आरोपपत्रमा उल्लेख छ। त्यसमध्ये स्रोत नखुलेको, आंशिक स्रोत खुलेको तथा पूरै स्रोत खुलेको सम्पत्ति र त्यसबाट बढेबढाएको सम्पत्तिबाट जफत प्रयोजनका लागि श्रीमती, भाइ र भाइ बुहारीसमेतलाई अख्तियारले प्रतिवादी कायम गरेको छ।

बागमती प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय

पूर्वाधार विकास कार्यालय

काभ्रेपलाञ्चोक

वोलपत्र स्विकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८०/१२/२५)

यस कार्यालयबाट मिति २०८०/११/२२ को "नयाँ पत्रिका" राष्ट्रिय दैनिक तथा PPMO को E-Procurement Portal मा प्रकाशितबोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार रित पुर्वक म्याद भित्र www.bolpatra.gov.np/egp मार्फत दर्ता हुनआएका बोलपत्रहरु मध्ये तपशिलमा उल्लेखित आयोजना, बोलपत्रदाताको बोलपत्र न्युनतम मुल्यांकित र सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) तथा ITB 39.1 बमोजिमनिजले पेश गरेको वोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको छ।

S. N.	Name of Road	Lowest & Responsive Bidder	Bid Price (WithVAT & PS) NRs.	Contract ID
1	Upgradingof RoshaiwaaThuloparsal Road, Temal Rural Municipality – 5 & 6	M/S Mount Makalu Infracon Pvt Ltd., Bhaktapur	7,924,376.65	IDOKAVRE/ W/NCB/54/080/081

कार्यालय प्रमुख

नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग

सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटा

बोलपत्र स्वीकृती गर्ने आशय सम्बन्धी सूचना

प्रकाशन मिति : २०८०/१२/२५

यस आयोजनाको बोलपत्र आह्वानको सूचना अनुसार तपसिलका निर्माण कार्यको लागि प्राप्त बोलपत्र मध्ये न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएका निम्न बोलपत्रदाताहरुको बोलपत्र स्वीकृतको लागि छनौट भएको हुंदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो आशयको सूचना प्रकाशन गरिएको छ।

सि. नं.	योजनाको नाम, ठेक्का नं.	निर्माण व्यवसायीको नाम, ठेगाना	कबोल अंक रु.(मु.अ.कर र प्रोभिजनल सम सहित)
1	Construction of Startup Business Building and Associated Infrastructures in Dhankuta Municipality PUDBC/DKT/NCB/WORKS/61/080/081	K.S.Y. Construction and Suppliers Pvt. Ltd., Kathmandu	41,70,587.09
2	Construction of Infrastructures of Sewage Disposal and Management in Ward No. 5,6 & 7, Dhankuta Municipality PUDBC/DKT/NCB/WORKS/62/080	Chhintang Devi Construction Pvt. Ltd., Dhankuta	35,11,245.63
3	Construction of Blacktopped Road and Drain Works Connecting Dadabokhim-Helauda-Botha-Sampang-Dingla-Kudakaunle-Wasepla Dobhane in Bhojpur Municipality PUDBC/DKT/NCB/WORKS/64/080/081	Mukul Nirman Sewa, Bhojpur	75,03,209.26

आयोजना प्रमुख

Invitation for Bids

Lumbini Technological University

Nepalgunj Banke

SUPPLY & DELIVERY OF FURNITURE FIXTURES AND AIR CONDITIONER

IFB NO.: LTU/G/NCB-01/2080/081

Date of publication: April 11, 2024

1. Lumbini Technological University invites electronic bids from eligible bidders for the procurement of following items:

Descriptions	Quantity	Minimum Bid SecurityAmount	Cost of Bid Document
SUPPLY & DELIVERY OF FURNITURE FIXTURES AND AIR CONDITIONER	***As Per Bid***	**NRs. 86,000/-**	**NRs. 3000/-**

2. Eligible bidders may obtain further information from Lumbini Technological University, Tel: 081-539601; or info@ltu.edu.np or may visit PPMO egp system of http://www.bolpatra.gov.np/egp.
3. Electronic Bidding Document is available online and can be downloaded on or **before 12:00 hours on 10 May, 2024** from PPMO's website http://www.bolpatra.gov.np/egp, the Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit their electronic bids as specified in the Instructions to Bidders. The Bidder is required to deposit the non-refundable fee of NRs. **3,000 in the Revenue Head Account No. 1000100200010000** and electronic scanned copy (pdf format) of the Bank deposit voucher must be submitted along with the electronic bid files.

   Information to deposit Bid Security in Bank:
   Name of the Bank : Rastriya Banijya Bank, Nepalgunj, Banke
   Name of Office : Lumbini Technological University, Nepalgunj Banke.
   Office Code no. : 3500057055
   Deposit Account no. : **KHA-2-3: DHARAUTI A/C (PARA.LE.NI.KA) 4130100202030000**

   Bidder Shall submit the electronic bid through website http://www.bolpatra.gov.np/egp on or before **12:00 hours on 10 May, 2024**. Bids shall be valid for a period of 90 days after the deadline of bid submission. All bids must be accompanied by a bid security of amount mentioned above **NRs. 86,000/-**valid **30 d**ays beyond Bid validity. Bids received after the deadline of the submission will be rejected. Bids will be opened in the presence of the Bidders representatives who choose to attend at the address below at **14:00 Hours on 10 May, 2024**
4. If the last day for downloading, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
5. Bank Guarantee issued by any finance company in any form will not be accepted.
6. Bids should comply in all respects with the Instructions to Bidder included in the Bid Document. Non compliance with this instruction will result in disqualification.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

Registrar

संसद्को गतिरोध हटाउन भेटिएन मध्यमार्गी बाटो

तेस्रो दिन पनि सदनमा कांग्रेसको अवरोध जारी, संसदीय छानबिन समिति गठन बटमलाइन

कमलराज भट्ट/नयाँ पत्रिका

सहकारी ठगी प्रकरणमा संसदीय छानबिन समिति गठन गर्ने कि नगर्ने विवादले संसद्को कामकारबाही ठप्प बनेको छ। विपक्षी दलहरूले संसदीय समिति गठन गरेर सहकारीमा छानबिन अगाडि बढाउन माग गरिरहेका छन् भने सत्तापक्ष कुनै हालतमा संसदीय समिति गठन नगर्ने पक्षमा छ। दुवै पक्ष आ-आफ्नै अडानमा अडिग रहेपछि सदनको गतिरोध हटाउने प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र सभामुख देवराज घिमिरेको पहल निष्फर्षमा पुग्न सकेको छैन।

२१ फागुनमा सत्तासमीकरण फेरिएपछि प्रमुख प्रतिपक्षी कांग्रेसले सहकारी ठगी प्रकरणमा उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेको संलग्नता रहेको भन्दै संसदीय छानबिन समितिको माग गरिरहेको छ। कांग्रेसलाई विपक्षी राप्रपा, जनमत र लोसपाले समर्थन गरेका छन्। तर, सत्तापक्ष सहकारी ठगीमा लामिछानेको संलग्नता पुष्टि हुने कुनै आधार नरहेको भन्दै समिति बनाउन तयार छैन। दुवै पक्षले संसदीय छानबिनमा कुनै मध्यमार्गी बाटो नभएको भन्दै आ-आफ्नै अडान प्रस्तुत गरिरहेका छन्। कांग्रेसले अभियोग लागेको विषयमा संसदीय छानबिनबाट टुंग्याउनुपर्ने भनिरहेको छ भने सत्तापक्ष कुनै संलग्नता नै नभएको विषयमा संसदीय छानबिन समिति बनाउने हठ कांग्रेसले छोड्नुपर्ने जिकिर गरिरहेको छ।

दुवै पक्षको हठले संसदीय कारबाही भने प्रभावित बनेको छ। ६ वटा विधेयकको प्रक्रिया अलपत्र बनेको छ। क्यालेन्डरमा उल्लेखित २, २७ र २८ चैत गरी तीन दिनको कार्यसूचीमा सदन प्रवेश गर्न सकेको छैन। २ चैतमा राजनीतिक दलसम्बन्धी ऐनलाई संशोधन विधेयक पेस गर्ने कार्यसूची थियो, यसलाई २७ गते तय गरिएकोमा अवरोधले प्रक्रियामा जान सकेन। २८ गते तय भएको शिक्षा समितिबाट प्रतिवेदनसहित पारित सुरक्षण मुद्रणसम्बन्धी विधेयक सदनमा पेस हुन सकेन। यसैगरी, 'बैंक तथा वित्तीय संस्थासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८० माथि विचार गरियोस् भन्ने प्रस्ताव, राष्ट्रिय सभामा उत्पत्ति भएको विधायनसम्बन्धी विधेयक, २०८० लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव र राष्ट्रिय सभामा उत्पत्ति भएको विद्युतीय व्यापार विधेयक, २०८० लाई दफावार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत हुन सकेन।

तीन दिनको अवरोधले चारवटा विधेयक प्रभावित हुँदा क्यालेन्डरमा २९ चैतमा तय गरिएको बैठक पनि स्थगित गरिएको छ। राष्ट्रिय सभामा उत्पत्ति भएको सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव, संघीय निजामती सेवा विधेयकलाई समितिमा पठाउने कार्य पनि प्रभावित बनेको छ।

कांग्रेसले २४ फागुनदेखि सहकारी ठगीमा गृहमन्त्री लामिछानेको संलग्नता रहेको दाबी गर्दै संसदीय छानबिन समितिको माग गरिरहँदा २ चैतमा पहिलोपटक बैठकमा अवरोध गरेको थियो। आरोपित व्यक्तिले गृहमन्त्रीका रूपमा विधेयक पेस गर्न नपाउने भन्दै कांग्रेस सांसदले बेल घेराउ गरेका थिए। त्यसयता कांग्रेसले बैठकको सुरुवातमा आफ्नो माग राख्दै सदन चल्न दियो। बजेटका सिद्धान्त र प्राथमिकतामा छलफलदेखि विभिन्न विधेयक प्रक्रियामा जान दियो। तर, २७ चैतको बैठकमा दलसम्बन्धी संशोधन ऐन गृहमन्त्री लामिछानेले प्रस्तुत गर्ने कार्यसूची तय गरिएपछि कांग्रेसले अल्टिमेटम सकिएको घोषणा गऱ्यो।

अल्टिमेटम सकिएको घोषणापछि सभामुख घिमिरेले गतिरोध हटाउन उच्चस्तरमा पहलकदमी लिएका थिए। २६ चैतमा सभामुखले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड, विपक्षी दलका नेता शेरबहादुर देउवा, सत्तारूढ एमाले उपाध्यक्ष विष्णु पौडेल र राप्रपा सभापति लामिछानेलाई राखेर छलफल गरे। तर, दलहरू आ-आफ्नो अडानबाट पछि हटेनन्। यसकै निरन्तरतामा भोलिपल्ट २७ चैतमा प्रधानमन्त्रीनिवास बालुवाटारमा शीर्ष बैठक बस्यो। प्रधानमन्त्रीको अध्यक्षतामा सभामुखसहित एमाले अध्यक्ष केपी ओली, कांग्रेस महामन्त्री गगन थापा, नेता कृष्ण सिटौला, एकीकृत समाजवादी अध्यक्ष माधव नेपाल र राप्रपा सभापति लामिछानेसहित बैठक बस्यो, तर सहमति जुट्न सकेन। सदनको निर्धारित बैठक चल्न सकेन। १५ मिनेटका लागि स्थगित गरेर सभामुखले प्रमुख सचेतकहरूसँग विभिन्न विकल्पमा बैठक चलाउन प्रयास गरे पनि सफल हुन सकेन। गृहमन्त्रीले विधेयक पेस गर्ने कार्यसूची हटाएर अगाडि बढौं भनेका थिए, तर संसदीय छानबिन समिति बटमलाइन बनाएर अल्टिमेटम नै दिएको कांग्रेस मानेन। भोलिपल्ट ११ बजेसम्मका लागि स्थगित गरियो।

२८ चैतमा बिहानै सभामुख घिमिरेले दलका सचेतकहरूसँग छलफल गरेर आकस्मिक समय चलाउने र अन्त्य गर्ने सहमति गरे। मंगलबार कांग्रेसले मात्रै बोल्यो अरूले पाएनन् भन्ने भएपछि बुधबार आकस्मिक समयमा सबै पार्टीले बोल्ने र बैठक अन्त्य गर्ने सहमति भयो। सहमतिअनुसार आकस्मिक समयमा कांग्रेसदेखि लोसपासम्मका दलका सांसदले धारणा राखे। शून्य समय चलाउन खोज्दा कांग्रेसले अवरोध गऱ्यो, बैठक नियमित कार्यसूचीमा प्रवेश नगरी २ वैशाखसम्मका लागि स्थगित भयो। सदनको गतिरोध हटाउन सभामुखले शीर्ष नेतृत्वदेखि प्रमुख सचेतक र सचेतकसँग चरण-चरणमा छलफल गरिरहेको प्रेस सल्लाहकार शेखर अधिकारीले बताए। 'विपक्षीले उठाइरहेको विषयमा समाधान खोज्न सभामुखज्यूले दलहरूसँग समाधान गर्नुस् भनेर कुरा गरिरहनुभएको छ। सामूहिक रूपमा तथा प्रधानमन्त्री र सत्तारूढ नेता केपी ओलीलाई भन्नुभएको छ,' उनले भने, 'आजसम्म दुवै पक्ष आ-आफ्नो अडानमा छन्। अलिकति नेगोसिएसन गर्ने भन्ने देखिएको छैन। मध्यमार्गी विकल्प भेटिएको छैन।'

चालू हिउँदे अधिवेशनमा संसद्मा दर्ता गरिएका विधेयक दफावार छलफलका लागि संसदीय समितिमा पुगोस् भन्ने सरकारले चाहेको छ। अवरोधले अलपत्र परेका ६ वटा विधेयकलाई समितिमा पुऱ्याएर दफावार छलफल प्रारम्भ गराउने र वैशाख पहिलो साता हिउँदे अधिवेशन अन्त्य गर्ने सरकारको योजना थियो। तर, संसदीय छानबिन समितिमा कांग्रेसले अडान नछोडेर सदन ठप्प हुँदा विधेयकलाई प्रक्रियामा लैजाने सरकारी चाहना पूरा नहुने भएको छ।

माओवादीका प्रमुख सचेतक हितराज पाण्डे शीर्ष तहको संवादलाई निरन्तरता दिएर गतिरोध हटाउनुपर्ने बताउँछन्। 'विधेयक अधिवेशन अब केही दिन चल्छ। यसरी नै सदनलाई सधैं बन्धक बनाएर राख्नुहुँदैन। राजनीतिक नेतृत्वबाट समाधान खोज्नुपर्छ। प्रधानमन्त्री र सभामुख तहबाट भइरहेको छलफललाई निरन्तरता दिनुपर्छ,' उनले भने।

एमाले उपाध्यक्ष विष्णु पौडेलले कांग्रेस आफ्नो हठबाट पछि हटेर सदन चल्ने वातावरण बनाउनुपर्ने बताए। 'कांग्रेसको माग पूरा हुने कुनै सम्भावना देख्दिनँ। कांग्रेस ब्याक भएर गतिरोध हटुनुपर्छ। कांग्रेसले अनावश्यक र अनुचित माग सारेर संसद्को कारबाही रोकेर गलत गरेको छ। कांग्रेस आफ्नो हठबाट पछि हटुनुपऱ्यो। संसद्को कामकारबाहीलाई चल्न दिनुपऱ्यो,' उनले भने।

तर, कांग्रेस महामन्त्री विश्वप्रकाश शर्मा संसदीय छानबिन समिति बनाउनु नै मध्यमार्गी विकल्प भएको बताउँछन्। 'म दोषी हुँ भनेर सोच्नुभएन, निर्दोष हो भने संसदीय छानबिन समिति बनाउन तयार हुनुपऱ्यो। विपक्षीले दोषी भनेर किटान गर्ने र सत्तापक्षले निर्दोष भनेर प्रमाणपत्र दिने कुरा मिल्दैन। छानबिन हुनुपर्छ। छानबिनबाट को दोषी हो, को निर्दोष हो थाहा हुन्छ,' उनले भने। संसदीय समितिमा सत्तापक्षकै सदस्य बढी हुने भन्दै शर्माले छानबिन गर्न किन हिच्किचाएको भनी प्रश्न गरे। राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले सदनमा बिना आधार व्यक्ति केन्द्रित भएर प्रहार गर्न नहुने बताए। 'सदनको नियमावलीमा सदनमा कुनै व्यक्तिप्रति पटक-पटक निराधार लाञ्छना लाउन पाइँदैन। कानुनले कुनै निर्णय दिइसकेको छैन, सुरक्षा निकायले आफनो सूचना दिइसक्यो। देशको प्रधानमन्त्रीले सदनमा आफ्नो अभिव्यक्ति दिइसक्नुभयो,' उनले भने, 'चौकीमा गएर कसैले दिएको उजुरी जुन दर्ता भएको छैन। त्यसको आधारमा पटक-पटक कुनै व्यक्तिप्रति गरिएको प्रहारप्रति हाम्रो आपत्ति छ।'



बुधबारको प्रतिनिधिसभा बैठक अवरोध गर्दै कांग्रेस सांसदहरू। **तस्बिर : अमुल थापा/नयाँ पत्रिका**

कांग्रेसलाई सत्तापक्षकै साथ

सहकारी ठगी प्रकरणमा कांग्रेसलाई सत्तारूढ जसपा र एकीकृत समाजवादीले साथ दिएको छ। संसदीय छानबिन समिति गठन गर्नुपर्ने कांग्रेसको मागमा समर्थन जनाउँदै जसपा र एकीकृत समाजवादीले बुधबारको प्रतिनिधिसभामा सरकारको ध्यानाकर्षण गराएका छन्। जसपा प्रमुख सचेतक प्रदीप यादवले सहकारीमा आमनागरिकको अर्बौं रुपैयाँ फसेको भन्दै देशभरका सहकारीको समस्या र ठगीबारे छानबिन जरुरी रहेको बताए। एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले संसदीय छानबिन समिति गठन गर्नुपर्ने माग गरिरहेको कांग्रेससँग संवाद गरेर सदनको गतिरोध हटाउन सरकारको ध्यानाकर्षण गराए। 'प्रमुख प्रतिपक्षले सहकारीको ठगी प्रकरणका सम्बन्धमा छानबिनको माग लिएर केही दिनदेखि संसद्को बैठक अवरोध गरिरहेको छ। प्रमुख प्रतिपक्षको मागलाई ध्यान दिएर सार्थक वार्ता गरी संसद्को यो गतिरोध अन्त्य गर्न सरकारको ध्यानाकर्षण गराउँछु,' उनले भने। विपक्षी राप्रपा र लोसपाले पनि प्रतिनिधिसभाको आकस्मिक समयमा सहकारी समस्या समाधानका लागि संसदीय छानबिन समिति बनाउन माग गरे। राप्रपा प्रमुख सचेतक ज्ञानबहादुर शाही र लोसपा प्रमुख सचेतक रामप्रकाश चौधरीले लाखौं बचतकर्ताको अर्बौं रकम जोखिममा परेको भन्दै तत्काल संसदीय छानबिन समिति गठन गरेर समाधान खोज्नुपर्ने धारणा राखेका थिए।

● विश्वप्रकाश शर्मा
महामन्त्री, कांग्रेस



म दोषी हुँ भनेर सोच्नुभएन, निर्दोष हो भने संसदीय छानबिन समिति बनाउन तयार हुनुपऱ्यो। विपक्षीले दोषी भनेर किटान गर्ने र सत्तापक्षले निर्दोष भनेर प्रमाणपत्र दिने कुरा मिल्दैन। छानबिन हुनुपर्छ। छानबिनबाट को दोषी हो, को निर्दोष हो थाहा हुन्छ।

● विष्णु पौडेल, उपाध्यक्ष, एमाले



कांग्रेसको माग पूरा हुने कुनै सम्भावना देख्दिनँ। कांग्रेस ब्याक भएर गतिरोध हटुनुपर्छ। कांग्रेसले अनावश्यक र अनुचित माग सारेर संसद्को कारबाही रोकेर गलत गरेको छ। कांग्रेस आफ्नो हठबाट पछि हटुनुपऱ्यो। संसद्को कामकारबाहीलाई चल्न दिनुपऱ्यो।

● हितराज पाण्डे, प्रमुख सचेतक, माओवादी



विधेयक अधिवेशन अब केही दिन चल्छ। यसरी नै सदनलाई सधैं बन्धक बनाएर राख्नुहुँदैन। राजनीतिक नेतृत्वबाट समाधान खोज्नुपर्छ। प्रधानमन्त्री र सभामुख तहबाट भइरहेको छलफललाई निरन्तरता दिनुपर्छ।

● मनीष झा, सांसद, रास्वपा



सदनको नियमावलीमा सदनमा कुनै व्यक्तिप्रति पटक-पटक निराधार लाञ्छना लाउन पाइँदैन। कानुनले कुनै निर्णय दिइसकेको छैन, सुरक्षा निकायले आफ्नो सूचना दिइसक्यो। देशको प्रधानमन्त्रीले सदनमा आफ्नो अभिव्यक्ति दिइसक्नुभयो। चौकीमा गएर कसैले दिएको उजुरी जुन दर्ता भएको छैन। त्यसका आधारमा पटक-पटक कुनै व्यक्तिप्रति गरिएको प्रहारप्रति हाम्रो आपत्ति छ।

दलित अभियन्तामाथि गाउँपालिका पूर्वउपाध्यक्षबाटै जातीय विभेद

झापा/ दलित अभियन्ता नै जातीय विभेदको सिकार बनेका छन्। लामो समयदेखि जातीय विभेदविरुद्धको अभियान चलाउँदै आएका झापाका सोमनाथ पोर्तेलमाथि जातीय विभेद भएको छ। जिल्ला समन्वय समिति झापाका पूर्वप्रमुखसमेत रहेका पोर्तेलमाथि हल्दीबारी गाउँपालिकाका पूर्वउपाध्यक्ष डम्बर गिरीले जातीय विभेद गरेका हुन्। गत १८ चैतमा पोर्तेलको नम्बरमा फोन गरेर गिरीले जातीय विभेद हुने गरी गालीगलौज गरेका हुन्। पोर्तेल र गिरी एउटै गाउँपालिकाका हुन्। एमाले नेतासमेत रहेका पोर्तेललाई पार्टीको विषयमा गिरीले जातीय विभेद हुने गरी गालीगलौज गरेका हुन्। गिरी विगतमा एमालेमै थिए। उनले गत निर्वाचनमा टिकट नपाएपछि एमाले छाडिसकेका छन्। गिरीले जातीय रूपमा होच्याउँदै पोर्तेललाई अपशब्दसमेत बोलेको अडियो नयाँ पत्रिकालाई प्राप्त भएको छ। 'पार्टीको बैठकका सन्दर्भमा उहाँले मलाई कल गर्नुभयो। म अर्को फोनमा भएकाले उठाइनँ। पछि कल ब्याक गर्दा ममाथि विभेद हुने शब्द प्रयोग गर्दै गालीगलौज भर्नुभयो,' पोर्तेलले भने, 'जातीय विभेदविरुद्ध लामो समय लडियो। आज आफैं विभेदको सिकार हुन पुगियो। अहिले त्यसको विरुद्ध लड्दै छु।' जातीय विभेदमा परेपछि पोर्तेलले बुधबार इलाका प्रहरी कार्यालय, अनारमनी बिर्तामोडमा जाहेरी दिएका छन्। उनले जातीय तथा अन्य छुवाछुत र भेदभाव (कसुर सजाय) ऐनअनुसार कारबाहीको माग गर्दै गिरीविरुद्ध जाहेरी दिएका हुन्। जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता प्रहरी नायब उपरीक्षक कृष्ण चन्दले विभेदबारे जानकारी आएको र अनुसन्धान प्रक्रिया अघि बढाइएको बताए। आरोपित गिरीले भने हल्दीबारीमा भएको एमाले बैठकमा केन्द्रीय सदस्य दीपक कार्कीले आफूमाथि अनावश्यक टिप्पणी गरेका कारण आक्रोशित भएर गालीगलौज गर्न पुगेको स्वीकार गरे।

मानव बेचबिखनको आरोपमा नौकुण्ड गाउँपालिका अध्यक्ष घले पक्राउ

काठमाडौं/ रसुवाको नौकुण्ड गाउँपालिकाका अध्यक्ष नुर्बु स्याङ्बो घले मानव बेचबिखन तथा ओसारपसारको मुद्दामा पक्राउ परेका छन्। सात वर्षअघिको घटनामा प्रहरीले उनलाई बुधबार पक्राउ गरेको हो। ०७३ मा एक युवतीलाई ओमान लैजाने भन्दै उनीलगायत व्यक्तिले श्रीलंका लगेर बन्धक बनाएको मानव बेचबिखन अनुसन्धान ब्युरोका प्रवक्ता एसपी ज्ञानेन्द्र फुँयालले बताए। 'सो मुद्दामा घले पहिलेदेखि नै फरार थिए,' उनले भने, 'पक्राउ परेपछि मात्र उनी गाउँपालिका अध्यक्ष भएको खुल्यो।'



०७३ मा खाडीमा मानव तस्करी गर्ने समूहले श्रीलंकालाई ट्रान्जिट बनाउने गरेको थियो। भारतबाट खाडी जान 'नो अब्जेक्सन लेटर' चाहिने प्रावधान कार्यान्वयन भएपछि श्रीलंका ट्रान्जिट बनेको थियो। त्यही क्रममा केही युवतीलाई श्रीलंका पुऱ्याई उनीहरूको समूहले बन्धक बनाएको थियो। प्रहरी र केही संस्थाको सहयोगमा ती युवतीको उद्धार भएको थियो।

जिल्ला प्रहरी परिसर, काठमाडौंले त्यतिबेला केही व्यक्तिलाई पक्राउ गरेकोमा नुर्बु भने फरार भएका थिए। त्यतिबेला उनको विस्तृत विवरण नखुलेपछि मुद्दा दायर भएको थिएन। प्रहरीले बुधबार अदालतमा उपस्थित गराई पाँच दिनमा थुनामा राख्ने म्याद लिएको छ। पक्राउ परेका घलेले विगतमा आफूले वैदेशिक रोजगारीमा पठाउने काम गरेको स्वीकार गरेका छन्।

■ खाजाघरको आवरणमा वेश्यावृत्ति धन्दा

काठमाडौंको तारकेश्वर नगरपालिका- ११ हिलेटोलमा खाजाघरको आवरणमा कोठी चलाएको आरोपमा प्रहरीले बर्दिया घर भएकी २६ वर्षीया मुनु गुरुङलाई पक्राउ गरेको छ। मानव बेचबिखन अनुसन्धान ब्युरोले उनलाई पक्राउ गरेको हो। त्यहाँ बालिकासमेत राखेर उनले वेश्यावृत्तिको गतिविधिमा लगाएको प्रहरीले जनाएको छ। उनको खाजाघरबाट प्रहरीले सातजना युवती र दुई बालिकालाई उद्धार गरेका थिए। निम्न आर्थिक अवस्था भएका ग्रामीण क्षेत्रका बालबालिकालाई जागिर दिने भन्दै काठमाडौं ल्याएर उनले यसरी वेश्यावृत्तिमा लगाउँदै आएको सूचनाका अधारमा प्रहरीले छापा हानी उनलाई पक्राउ गरेको हो।

गण्डकी सरकारलाई सर्वोच्चको अंकुश

प्रदेश प्रमुखको निर्णयले कोशीका मुख्यमन्त्री अप्ठ्यारोमा

कास्कीमा **रोहितराज पराजुली**, मोरङमा **गणेश लम्साल** र धनगढीमा **तेजराज भट्ट**

दीर्घकालीन असर पर्ने प्रकृतिका निर्णय नगर्न गण्डकी प्रदेश सरकारलाई सर्वोच्च अदालतले अन्तरिम आदेश दिएको छ। निवर्तमान मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले दायर गरेको रिटमा प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्चले मुद्दाको टुंगो नलाग्दासम्म ठूला निर्णय नगर्न भनेको हो।

खगराज अधिकारी नेतृत्वको वर्तमान प्रदेश सरकार खारेजीको माग गर्दै निवर्तमान मुख्यमन्त्री पाण्डेले सर्वोच्चमा रिट दायर गरेका हुन्। सभामुखको मतलाई समेत जोडेर बहुमत पुऱ्याइएको भन्दै सरकारको वैधानिकतामाथि प्रश्न उठाउँदै कांग्रेसका प्रदेश सभा सदस्य पाण्डे सर्वोच्च गएका थिए। न्यायाधीश विनोद शर्माको इजलासले मुद्दामा सुनुवाइ गर्दै सरकार शून्यताको अवस्था सिर्जना हुन नमिल्ने भएकाले सरकार खारेज गर्न भने अस्वीकार गरेको छ। सर्वोच्चले माओवादीबाट निर्वाचित कृष्णप्रसाद धिताल सभामुख पदमा निर्वाचित भई दलसँग आबद्धता त्याग गरेको र नेपालको संविधानको धारा १८६ को अवस्थामा मात्र निर्णायक मत दिन सक्ने उल्लेख छ।

'निजको संख्यासमेत गणना गरी मुख्यमन्त्री पदमा गरिएको दाबीको आधारमा प्रत्यक्षी खगराज अधिकारीलाई नियुक्ति गरिएको भन्ने संवैधानिक व्याख्याको प्रश्न, संसदीय अभ्यास र यस अदालतबाट स्थापित सिद्धान्तलगायत विषयमा निरूपण हुन आवश्यक देखिएको, तर सरकार शून्यताको अवस्था सिर्जना हुनसमेत मिल्ने नहुँदा प्रदेशका सरकारका नियमित कार्य सञ्चालनबाहेक प्रत्यक्षी खगराज अधिकारीको नेतृत्वमा गठित प्रदेश सरकारबाट प्रस्तुत निवेदन टुंगो नलाग्दासम्म दीर्घकालीन असर पर्ने प्रकृतिका निर्णय नगर्नू-नगराउनू भनी सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम प्रत्यक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी गरिएको छ,' आदेशमा छ। सर्वोच्चले यो मुद्दा छिटो निरूपण गर्ने भएको छ। त्यसका लागि मुद्दालाई अग्राधिकार दिई आगामी १० वैशाखमा पूर्ण सुनुवाइका लागि पेसी तोकिएको छ।

■ ६ वैशाखमा कोशी प्रदेश सभाको अधिवेशन आह्वान

मुख्यमन्त्री केदार कार्कीको सिफारिसको मितिभन्दा अगाडि नै कोशी प्रदेश सभाको अधिवेशन आह्वान भएको छ। दुईचौथाइभन्दा बढी सदस्यको लिखित अनुरोधमा प्रदेश प्रमुख परशुराम खापुड्ले कोशी प्रदेश सभाको अधिवेशन ६ वैशाखका लागि आह्वान गरेका हुन्।

मुख्यमन्त्री कार्कीले २५ चैतमा कोशी प्रदेश सभाको अधिवेशन ११ जेठमा बोलाउन प्रदेश प्रमुख खापुड्लाई सिफारिस गरेका थिए। तर, प्रदेश प्रमुखले संविधानको धारा १८३ को उपधारा ३ बमोजिम दुईचौथाइ सदस्यको लिखित अनुरोधमा ६ वैशाखमा प्रदेश सभाको अधिवेशन आह्वान गरेको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता नरेन्द्रकुमार श्रेष्ठले जानकारी दिए। एमाले र माओवादीले सोमबार सरकारबाट समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री कार्कीले अविश्वासको प्रस्ताव छल्न डेढ महिनापछि ११ जेठमा कोशी प्रदेश सभाको अधिवेशन आह्वान गर्न प्रदेश प्रमुखलाई सिफारिस गरेको आरोप लगाएका थिए। उनीहरूले मुख्यमन्त्रीको सिफारिसभन्दा अगाडि नै गत सोमबार दुईचौथाइ सांसदको हस्ताक्षरसहित प्रदेश सभाको विशेष अधिवेशन बोलाउन प्रदेश प्रमुखसमक्ष निवेदन दिएका थिए। एमाले र माओवादीले सरकारबाट समर्थन फिर्ता लिएपछि अल्पमतमा परेका मुख्यमन्त्री कार्कीले एक महिनाभित्र राजीनामा दिनुपर्ने वा संसद्बाट विश्वासको मत लिन आग्रह गर्दै आएका छन्।

सुदूरपश्चिम सरकारको नेतृत्वमा नागरिक उन्मुक्तिको दाबी

नागरिक उन्मुक्ति पार्टीले सुदूरपश्चिम प्रदेशमा सरकार गठनका लागि केन्द्रीय सत्तागठबन्धनसँग सहकार्य गर्ने भएको छ। पार्टीका प्रदेश सांसदहरू तथा संरक्षक रेशम चौधरीसहित बुधबार भएको छलफलमा नयाँ गठबन्धनमा सहभागी हुने र प्रदेशको मुख्यमन्त्री दाबी गर्ने समझदारी भएको हो।



संसदीय दलका नेता घनश्याम चौधरीले बुधबार भएको छलफलमा नयाँ गठबन्धनमा जाने समझदारी बनेको बताए। 'नयाँ गठबन्धनमा जाने भन्ने भएको छ, हाम्रो पार्टीले मुख्यमन्त्री पाउनुपर्छ भनेर गठबन्धनमा दाबी गर्छौं,' कामचलाउ सरकारका आर्थिक मामिलामन्त्रीसमेत रहेका उनले भने, 'हामीले नेतृत्व गर्नुपर्छ भन्ने विषयमा हाम्रो पार्टीका सबै सांसद एकमत छौं।' मुख्यमन्त्री लिने विषयलाई 'बटमलाइन' बनाएर गठबन्धनका दलहरूसँग संवाद गरिने उनले बताए।

सरकारमा सहभागिताको विषयमा नागरिक उन्मुक्तिका दुई पक्षबीच विवाद छ। अध्यक्ष रञ्जिता श्रेष्ठ एमाले-माओवादीसहितको गठबन्धनको पक्षमा छिन्। पार्टीका संरक्षक रेशम चौधरी र उनीनिकट पाँच सांसद भने कांग्रेस नेतृत्वकै सरकारको पक्षमा थिए। रेशमको पक्षमा उभिएकी समानुपातिक सांसद इन्दिरा गिरीलाई अध्यक्ष श्रेष्ठले पदमुक्त गरेकी छिन् भने संसदीय दलका नेता घनश्याम चौधरीलाई हटाएर कैलाश चौधरीलाई जिम्मेवारी दिएकी छिन्। सरकारमा सहभागिताका सन्दर्भमा एक भएर जाने सहमति भएको कैलाशले बताए। उनले आफूहरू एमाले-माओवादीसहितको गठबन्धनमा सहभागी हुने बताए। सरकारको नेतृत्व लिने सन्दर्भमा दलहरूसँग छलफल गरिने उनले बताए।

कांग्रेससँग सहकार्य गरेर जाने विषयमा पनि बैठकमा छलफल भएको बताइएको थियो। कांग्रेस पनि अहिले सरकारको नेतृत्व दिन तयार रहेको नागरिक उन्मुक्तिका एक सांसदले बताए। उनका अनुसार रेशम पनि कांग्रेससहितको गठबन्धनको पक्षमा थिए, तर कांग्रेससँग मिल्दा पार्टीका सबै सांसद एकमत नहुने र बहुमत नपुग्ने भएकाले नयाँ गठबन्धनमा जाने विषयमा सहमति जुटेको हो। 'बहुमत सांसद कांग्रेसकै सरकारको निरन्तरताको पक्षमा थियौं, तर मुख्यमन्त्रीले विश्वासको मत पाउने अवस्था बन्न सकेन,' उनले भने।

संक्षेप

सीमाविद् श्रेष्ठ पुरस्कृत

काठमाडौं/ सीमाविद् बुद्धिनारायण श्रेष्ठलाई दण्डपाणि-नन्दकुमारी राष्ट्रिय पुरस्कार प्रदान गरिएको छ। दण्डपाणि अर्ज्याल स्मृति केन्द्रले बुधबार आयोजना गरेको कार्यक्रममा त्रिवि उपकुलपति प्रा.डा. केशरजंग बरालले ताम्रपत्रसहित ५० हजार राशिको 'दण्डपाणि-नन्दकुमारी अर्ज्याल राष्ट्रिय पुरस्कार २०८०' श्रेष्ठलाई प्रदान गरेका हुन्। सीमा र सुरक्षाका विषयमा गहन अध्ययन गर्दै राष्ट्रिय योगदान पुऱ्याएबापत श्रेष्ठलाई पुरस्कृत गरिएको स्मृति केन्द्रका अध्यक्ष ई. ईश्वरचन्द्र बानियाँले बताए। त्रिवि उपकुलपति बरालले सीमाविद् श्रेष्ठ कृतित्व, व्यक्तित्व र अस्तित्वको हिसाबले सही व्यक्ति चयन भएको भनाइ राखे। पुरस्कार ग्रहण गर्दै सीमाविद् श्रेष्ठले गोरखामा जन्मिएर इतिहास, ज्योतिषशास्त्र, तन्त्रशास्त्रका धुरन्धर व्यक्तित्व दण्डपाणि अर्ज्यालको नाममा स्थापित संस्थाबाट पुरस्कृत हुन पाउँदा गर्व महसुस गरेको बताए। उनले सीमाको विषयमा थप प्रकाश पार्दै भारतबाट सन् १९६२ देखि अतिक्रमित ३७२ वर्गकिलोमिटर नेपाली भूभाग लिपुलेक-कालापानी-लिम्पियाधुरा क्षेत्रको नेपालसँग प्रमाण लालपुर्जा भएर पनि भोगचलन गर्न नपाएको विषय उजागर गरे। उनले नेपाल सरकारले चाहे कूटनीनिक माध्यमद्वारा अझै पनि वार्ता, छलफलमार्फत आफूसँग भएको प्रमाण देखाएर अतिक्रमित नेपाली जमिन फिर्ता ल्याउन सक्ने दाबी गरे।



सार्वजनिक पदाधिकारीले उपहार लिएमा कारबाहीमा पर्ने

लमजुङ/ सार्वजनिक पदधारण गरेका व्यक्तिले महँगा उपहार, कोसेली वा कुनै पनि लाभ स्वीकार नगर्न जिल्ला प्रशासन कार्यालय लमजुङले आग्रह गरेको छ। मंगलबार एक सूचना जारी गरी प्रशासनले आफू बहाल रहेको पदमा रहेका राष्ट्रसेवक कर्मचारी वा परिवारको कुनै सदस्यले अरूले दिएका उपहार, कोसेली स्वीकार नगर्न आग्रह गरेको हो।

सार्वजनिक पदाधिकारीसँगको औपचारिक-अनौपचारिक भेटघाटमा संलग्न व्यक्ति तथा निकायले मदिरालगायत महँगा उपहार लिने तथा दिने गरेको गुनासो प्राप्त भएको भन्दै प्रशासनले सार्वजनिक पदधारण गरेका सबैलाई आचारसंहिताको पालना गर्न अनुरोध गरेको हो। पदीय दायित्वसँग सम्बन्धित विषयमा कार्यालय परिसरभित्र वा बाहिर उपहार लिने वा दिने गतिविधिमा संलग्न हुनु आचारसंहिताविपरीतको कार्य भएको प्रशासनले जनाएको छ। प्रमुख जिल्ला अधिकारी बुद्धबहादुर गुरुङले कानुनले वर्जित गरेको कार्यमा जोकोही पनि संलग्न हुन नहुने र सार्वजनिक पदधारण गरेका व्यक्ति भनै संलग्न हुन नहुने भएकाले आचारसंहिता पालना गर्न गराउन सबैमा अनुरोध गरिएको बताए। आचारसंहिता वा कानुनको उल्लंघन गरेको पाइएमा लिने र दिने दुवै कारबाहीको भागीदार हुने उनको भनाइ छ। 'आफू बहाल रहेको पदअनुसार सम्पादन गर्नुपर्ने कुनै कामका लागि कुनै राष्ट्रसेवक वा परिवारको कुनै सदस्य वा अरू कसैद्वारा कुनै प्रकारका उपहार, कोसेली वा कुनै किसिमको लाभ स्वीकार गर्ने कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार दण्डनीय भएकाले सोविपरीतका कुनै पनि गतिविधिमा संलग्न नहुन सबैमा अनुरोध गरिन्छ,' सूचनामा भनिएको छ।

सुनकोशीमा डुबेर एकको मृत्यु

रामेछाप/ रामेछाप नगरपालिका- ५ रामपुर कोलन्जोर घाटस्थित सुनकोशी नदीमा डुबेर एकजनाको मृत्यु भएको छ। मृत्यु हुनेमा मकवानपुरको भीमफेदी गाउँपालिका- ५ अकोटेका अन्दाजी ५२ वर्षीय बलबहादुर लामा छन्। उनी केही महिनादेखि कोलन्जोर घाटमा निर्माणाधीन पक्की मोटरेबल पुलमा ज्यामी काम गर्दै आएका थिए। मंगलबार साँझ पुलमा काम गरेर कोठातर्फ गएका लामा रातको समयमा कोठामा नदेखेपछि उनीसँगै बस्ने अन्य साथीहरूले उनको खोजतलास गरेका थिए। साथीहरूले खोज्दासमेत लामा फेला नपरेपछि उनीहरूले प्रहरीमा खबर गरेका थिए। बुधबार बिहान प्रहरीसमेतको टोली खोजीकार्यमा जुटेको थियो। त्यस क्रममा लामाको शव सुनकोशीमा फेला परेको जिल्ला प्रहरी कार्यालय रामेछापले जनाएको छ।

मानव जाति र संस्कृतिको साइनो

मानिसलाई आजको मानिस बनाउने संस्कृतिले नै उसलाई के र कोबाट निर्देशित हुने भन्ने सिकाउँछ



● प्रा.डा. पारसनाथ यादव

अग्रलेख



संस्कृतिको परिभाषा : मानव निष्क्रिय प्राणी हुन् । मानिसको संस्कृतिले उनीहरूलाई जे गर्न भन्छ, त्यही गर्छन् । एउटा व्यक्तिका विश्वास र नैतिक पक्ष संस्कृतिद्वारा निर्मित भएरै सम्पूर्ण जीवन निर्देशित हुन्छ । संस्कृतिले नै मानिसलाई आजको मानिस बनाएको हो र संस्कृतिले नै मानिसलाई के र कोबाट निर्देशित हुने भन्ने पक्ष निर्धारण गरेको हुन्छ । यो सामाजिक सम्पत्तिका रूपमा रहन्छ । संस्कृति ज्ञान, अनुभव, विश्वास, मूल्य, मनोवृत्ति, अर्थ, सोपानक्रम, धर्म, समयको धारणा, स्थानिक सम्बन्ध, विश्व दृष्टिकोणको अवधारणा, भौतिक वस्तु, व्यक्तिको समूहले व्यक्तिगत र समूहको प्रयासबाट पुस्तापुस्तामा साझा बनाइएको हुन्छ । अपेक्षाकृत ठूलो समूहले साझा पारिएको ज्ञान प्रणाली नै संस्कृति हो । बृहत् अर्थमा संस्कृति पुस्ताप्रदत्त व्यवहार हो । संस्कृतिको व्यवहारवादी परिभाषाअनुसार यो सामाजिक नियन्त्रणको वैकल्पिक प्रणाली हो र यसबाट मानिसले आफ्नै व्यवहारको निरीक्षण गर्छन् । हाम्रा सांस्कृतिक मूल्यले हाम्रो जीवनको सैद्धान्तिक आधारशिलाका रूपमा सेवा गर्छन् । यी पक्षबाट हाम्रो सोच, व्यवहार र व्यक्तित्वलाई आकार प्रदान गरेको हुन्छ । संस्कृति हाम्रो जीवनको सधैं विकसित र गतिशील पक्ष हो । संस्कृति उद्‌विकासात्मक र गतिशील पक्ष भएकाले यसले हामीलाई नवीन र अर्थपूर्ण मार्ग निर्देशित गर्छ । कार्ल मार्क्सले संस्कृतिलाई समाजको अधिसंरचनाका रूपमा लिएका छन् । म्याक्सिम गोर्कीका अनुसार संस्कृति मानव आत्माको मूल्य या क्षमता भएकाले नैतिक र आध्यात्मिक जागरुकताभन्दा क्रान्तिको सफलताका लागि राजनीतिक र आर्थिक व्यवस्था बढी महत्त्वपूर्ण हुन्छ भन्ने प्रस्तुति पाइन्छ । गोर्कीले संस्कृति मानव निर्मित दोस्रो प्रकृति भएको पक्षमा पनि जोड दिएको पाइन्छ ।

संस्कृतिको महत्त्व : संसारका जुनसुकै भागका मानिसले आफूलाई संस्कृति र सांस्कृतिक समूहका रूपमा चिनाउन रुचाउँछन् । व्यक्तिको आफ्नो भन्ने धारणासँग समाज र संस्कार जोडिएको हुन्छ । यो अवस्थासँग सम्बन्धित हुन्छ र यसका मूल्यमान्यता एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुन्छन् । यसलाई सबै मानिसका लागि सार्वजनिक वस्तु वा वैयक्तिक सम्पत्तिका रूपमा लिइन्छ । औद्योगिकीकरणपछिको समाजमा सार्वजनिक वस्तु र निजी सम्पत्तिको अधिकारका रूपमा उत्पादित वस्तु र जीवनशैलीसँग संस्कृति जोडिएको छ । यसलाई एक प्रकारको उत्पादित वस्तु र मानिसको जीवनशैलीका रूपमा हेरिएको पनि पाइन्छ । हालैका विविध गतिविधि या पृथक्ता र जातीय आन्दोलनका साथै यसले विद्यमान राष्ट्र राज्यको पतन र नयाँ राज्यको उदयमा योगदान पनि दिएको छ । विश्वव्यापीकरणका सन्दर्भमा संस्कृतिको भूमिका रहेको हुन्छ, तैपनि सामान्यतया संस्कृतिका विशेषता स्थानीय रूपमै जरिएका हुन्छन् भन्ने तर्क पनि पाइन्छ ।

सबै संस्कृतिका सबै मानिस विश्वव्यापी रूपमा जोडिने क्रममा अहिले वृद्धि नै देखिन्छ । सांस्कृतिक रूपमा नवीन सोच बनाएर बहुसांस्कृतिक र अन्तरसांस्कृतिक कार्य गर्नुपर्ने अहिलेको स्थिति हो । सामाजिक आर्थिक क्रियाकलापमा संलग्न व्यक्तिको कुनै स्वतन्त्र संस्कृति हुँदैन । संस्कृतिलाई एक प्रणाली या व्यवस्थाका रूपमा हेर्न सकिन्छ । संस्कृति त्यो अदृश्य बन्धन हो, जसले क्षेत्रविशेषका समुदायका मानिसलाई एकसाथ जोड्छ । यसले मानव गतिविधिको ढाँचालाई निर्देश गर्छ । कुनै पनि समुदायको कला, साहित्य, भाषा र धर्मले त्यसको संस्कृतिको प्रतिनिधित्व गर्छ । हाम्रा सांस्कृतिक मूल्यमान्यता र विश्वास हाम्रो जीवनशैलीमार्फत प्रकट हुन्छन् । नैतिक मूल्यमान्यताले हाम्रो संस्कृतिको प्रतिनिधित्व गर्छ । हाम्रा सांस्कृतिक मूल्यमान्यताले हामी कसरी जीवन बिताउने भन्नेमा असर पारेको हुन्छ । संस्कृति राष्ट्रको पहिचान हो । संस्कृतिविना समाज असभ्य बन्छ । तसर्थ, विशेष समुदाय वा जनसंख्याको एक मात्र प्रतिनिधि संस्कृति हो । यसले जनसमुदायलाई जीवनमार्ग दिन्छ । समुदायले सामना गरेका समस्याको समाधानमा संस्कृतिको भूमिका देखिन्छ । संस्कृतिले हामीलाई व्यक्तिगत रूपमा नभई सिंगो राष्ट्रका लागि सोच्न सिकाउँछ । यसले परिवार, राज्य आदिको प्रधानता हेर्छ । सांस्कृतिक मूल्य-मान्यताका कारण समुदायको आफ्नो पहिचान निर्माण हुन्छ । समुदायले आफ्नो अस्तित्व, चरित्र र व्यक्तित्व प्रदान गर्छ । सांस्कृतिक समुदाय या मानिसको संस्कृतिका कारण समुदायका सदस्यको पहिचान बनेको हुन्छ । यो पुरानो पुस्ताद्वारा नयाँ पुस्तामा सिकाइसँगै हस्तान्तरण गरिन्छ । एक पुस्ताबाट अर्को पुस्तामा संस्कृतिको प्रभावकारी हस्तान्तरणका लागि सचेत हुनुपर्छ । सामाजिक प्रतीकहरू, कला, धर्मको सेवाजस्ता सांस्कृतिक मूल्य पुस्तागत हस्तान्तरण गर्न प्रतीकात्मक माध्यमका रूपमा यसले कार्य गरेको हुन्छ । समुदायका मानिसले पालन गर्ने रीतिरिवाज, परम्परा, तिनले मनाउने चाडपर्व, वेशभूषा, खानापान आदिसँगै तिनले पालना गर्ने सामाजिक मूल्यका अस्तित्वभित्र सांस्कृतिक रूपले बाँधिएका हुन्छन् । त्यस विशेष संस्कृतिका मानिसलाई सांस्कृतिक मूल्यले नै एकताको भावना विकास गर्न मद्दत गर्छ । एकै संस्कृतिका मानिसको परम्परा र केही हदसम्म आफ्नो विचारधारा पनि साझा हुने गर्छ । तिनले सिद्धान्त र जीवनदर्शन अर्थात् हाम्रो जीवनशैलीलाई प्रभाव पार्छन् र यसले हाम्रो सामाजिक जीवनलाई असर गर्छ । समाजको सांस्कृतिक सम्पदाले सामाजिक र राजनीतिक रूपमा व्यवस्थित गर्ने तरिका समावेश गर्छ । त्यो समाजका पौराणिक, दार्शनिक धारणा, विज्ञान र साहित्य पनि उल्लेखनीय हुन्छन् । रीति या अनुष्ठान दोहोरिने व्यवहार हुन् । यसको संस्कृतिसँग विशेष अर्थ हुन्छ । यी धार्मिक, सामाजिक या राजनीतिक प्रकृतिका हुन सक्छन् । हामीलाई हाम्रो संस्कृतिसँग जोड्न र आफ्नोपनको विकासका लागि मद्दत गर्ने कडी पनि हुने गर्छन् । पहिचानको संरक्षण र सुनिश्चितता संगठित शक्तिबाट हुन्छ । यो सांस्कृतिक पहिचानको अभिव्यक्ति हो । यसको रणनीति भनेको सांगठनिक रूपमा सांस्कृतिक पहिचानको प्रतिनिधित्व दिनु हो ।

संस्कृति र मानवसोच : संस्कृतिको महत्त्व मानिसको सोच र जीवनशैलीसँग नजिकको सम्बन्धमा रहेको हुन्छ । सोच र तर्कका आधारबाट देखिने सांस्कृतिक भिन्नता मनोवैज्ञानिक स्तरका मानिन्छन् । सामाजिक पारिस्थितिक कारक र दूरस्तरका सांस्कृतिक परम्परागत कारकका निकट माध्यमबाट सोच र तर्कलाई प्रभाव पार्न सकिन्छ । नैतिक प्रणाली इतिहास, धार्मिक विश्वास, सामाजिक पारिस्थितिक र संस्थागत नियमबाट यो प्रभावित हुन्छ । प्रत्येक कारकीय अवस्था दूर स्तर र समीप स्तरबाट हुने गर्छ । सांस्कृतिक प्रभाव निहित रूपमै स्विकारिएको हुन्छ । मानिसको सोच सांस्कृतिक उत्पादनबाट निर्मित हुन्छ र यो सोच समूहका रूपमा प्रभावकारी बन्छ । समाजशास्त्रीय मान्यतामा मानवीय व्यवहार नै सांस्कृतिक तत्त्वलाई प्रभाव पार्ने सबैभन्दा महत्त्वपूर्ण कारक हो । मानवीय व्यवहारले समाज र सामाजिक मूल्य-मान्यतामा गहिरो प्रभाव पार्छ । विचार, भावना, कार्य आदि हाम्रा विश्वास हुन् र यसबाट मूल्य निर्माण हुन्छ र जीवनमा यी कुरा महत्त्वपूर्ण बन्छन् । मानिसको विश्वास उसको वरपरको संसारको बुझाइ नै हो भन्दा फरक पर्दैन । मानिसले घटनालाई व्याख्या गर्ने र निर्णय गर्ने तरिकाले यसमा प्रभाव पार्छ । केही संस्कृतिका मानिसले अलौकिक कुरामा विश्वास नगर्न सक्छन् । यसले मानिसलाई संसार बुझ्न थप वैज्ञानिक या तर्कसंगत दृष्टिकोणको आधार लिन्छन् । समाजका यी मापदण्ड मानिसका व्यवहारलाई नियन्त्रण गर्ने नियम हुन् । यी नियम वा व्यवहार समाजमा स्वीकार्य र अस्वीकार्य हुन्छन् । कुनै संस्कृतिमा अपरिचित व्यक्तिसँग आँखा जुधाउनु अशिष्ट मानिन्छ र केही संस्कृतिमा यसलाई शुभचिह्नका रूपमा लिइन्छ । त्यसैले सांस्कृतिक मापदण्डले विभिन्न सामाजिक अवस्थामा कसरी एकअर्कासँग अन्तर्क्रिया गर्नुपर्छ भन्ने सिकाउँछन् ।

> संस्कृति राष्ट्रको पहिचान हो । संस्कृतिविना समाज असभ्य बन्छ । विशेष समुदाय वा जनसंख्याको एक मात्र प्रतिनिधि संस्कृति हो । यसले मानव समुदायलाई जीवनमार्ग दिन्छ ।

संस्कृति र विकास : संस्कृतिको नकारात्मक प्रभावमा हानिकारक परम्परा तथा पुस्तागत अभ्यासको निरन्तरतालाई लिन सकिन्छ । यसमा लिंग तथा जातिगत भेदभाव वा असमानता कायम भएका संस्कारलाई बिर्सन मिल्दैन । यस्तो संस्कारले परिवर्तन र नवीनताको प्रतिरोध गर्ने मात्र नभई प्रगति र विकासमा पनि बाधा पुर्‍याउँछ । सांस्कृतिक विविधता भएका देशमा बहुसांस्कृतिकता र दोहोरो पहिचानको विकास पनि हुने गर्छ । आप्रवासी पहिचान यसको स्पष्ट उदाहरण हो । नयाँ विचार र अवधारणा मुख्य धारा बन्नेबित्तिकै वर्षौंदेखिका विचार नवीकरण हुने या परिष्कार हुने पनि सोच पाइन्छ । केही मानिस पहिचानमा जातीयता केन्द्रित दृष्टि राख्छन् । यो पश्चवादको एक रूप हो । यसले जीवनका विविध आधार र रूपलाई आफ्नै विकृत संस्कारमा विलय गराउँछ । त्यसैले, परिवर्तित वैज्ञानिक सामाजिक मूल्यसँग संस्कृतिको नयाँ संस्कार निर्माण हुने गर्छ ।

निश्चित सामाजिक सन्दर्भमा सामाजिक र सांस्कृतिक विकास हुन्छ । संस्कृति र सामाजिक विकासबीच पारस्परिक अन्तर्क्रिया हुन्छ । यो अन्तर्क्रिया पूर्वव्यवस्थित या सावधानीपूर्वक गरिएको या सहज र अनायास गरिएको पनि हुन्छ । सामाजिक जीवनका विभिन्न क्षेत्रमा सामाजिक विकाससँगै सांस्कृतिक प्रभावको प्रमाण फेला पार्न सकिन्छ । कला र संस्कृतिले बाल्यकालीन शिक्षाबाट रचनात्मक विकासमा महत्त्वपूर्ण भूमिका खेल्छ । यो प्रक्रिया औपचारिक र अनौपचारिक शिक्षाका सबै तहमार्फत अघि बढ्छ । यो सिकाइ अन्तरपुस्ता र आजीवन चलिरहन्छ । यसबाट रचनात्मक व्यक्तित्व र विकासका लागि संस्कृति आवश्यक तत्त्व हो भन्ने स्पष्ट हुन्छ । त्यसैले सामाजिक र आर्थिक भिन्नता कम गर्न संस्कृतिलाई औजारका रूपमा पनि प्रयोग गरिँदै आएको पाइन्छ । यसलाई जीवनभरको शिक्षाका लागि मुख्य कारकका रूपमा परिभाषित गरिएको छ । वर्तमानका सामाजिक मुद्दा बहुल संस्कृति र एकल संस्कृतिगत पहलका लागि प्रमुख कारक या द्वन्द्वका विषय बनेका छन् । संस्कृतिसम्बन्धी प्रकार्यमा सक्रिय सहभागिता हुँदा व्यक्तिको व्यवहार या ढाँचा र सोचमा दीर्घकालीन परिवर्तन देखिन्छ । मानिसको जीवनका हरेक पक्षमा उपभोक्तावादी सोचबाट देखिएको विषय र यसबाट पृथक् सामूहिक संस्कृति या सक्रिय सहनिर्माताका कारण संक्रमण भएको देखिन्छ । धेरै सांस्कृतिक संस्था र संगठन यस किसिमका परिवर्तनमा सचेत छन् । मानिसका विभिन्न पहलुमा सहभागी हुन वा संस्थागत सहमालिक हुन आमन्त्रित गरेर संस्कृतिमा संलग्नताको प्रयास वर्तमानमा पनि चलिरहकै देखिन्छ ।

निष्कर्ष : संस्कृति आफ्नोपन भएकाले प्रत्येक व्यक्तिलाई यो समान महत्त्वको हुनेमा हामी सचेत रहनुपर्छ । यसलाई मानवीय सभ्यताको विकासका पहलका साथै चेतनाका सन्दर्भमा समेत हेर्न सकिन्छ । संस्कृतिले सामाजिक मूल्य, मान्यता र प्रवृत्तिलाई आकार दिन्छ । आमसञ्चारको नियन्त्रण, प्रभावकारी नीति, अभिजात वर्गको हित, अन्यको सीमान्तीकरणमा सचेत हुँदा नै यसको महत्त्व उल्लेख्य हुने देखिन्छ । प्राचीन समयदेखि नै मानवशास्त्रीहरू संस्कृतिका अध्ययनमा संलग्न छन् । यसबाट संस्कृति र सांस्कृतिक परिवर्तनको गहिरो ज्ञानविना समाज विकासको ज्ञान हुन सक्दैन भन्ने निष्कर्षमा पुग्न सकिन्छ । द्रुतगतिमा विकसित आजको संसारमा प्रगतिशील सोचको संस्कृतिलाई प्राथमिकता दिनु व्यक्ति, संगठन र समग्र समाजका लागि अपरिहार्य छ । प्रगतिशील संस्कृतिले नै नयाँ आचार, विविधताको समायोजन, अनुकूलन र निरन्तर सुधारलाई प्रोत्साहित गर्छ । यथास्थितिमा प्रश्न गर्दै नयाँ दृष्टिकोणसहित सिर्जनात्मक प्रस्तावबाटै प्रगतिशील वातावरण निर्माण हुन्छ । प्रगतिशील सोच भएको संस्कृति रातारात निर्माण हुँदैन । यसको विकासका लागि निरन्तर प्रयास र प्रतिबद्धता चाहिन्छ । यसलाई शिक्षा मानेर समग्र समाजको उज्यालो दिशा खोज्नु भनेको नै प्रगतिशील संस्कृतिसहित भविष्य निर्माणको उचित कदम उठाउनु हो । यसबाट सबैभन्दा प्रगतिशील संस्कृति र भविष्यको खोजी पनि गर्नु हो । र, त्यो संस्कृति जसले मानवीय मनलाई अझ मानवीय बनाउन सकोस् ।

---

३ प्रश्न

संसद्का पूर्वमहासचिव **सूर्यकिरण गुरुङलाई**



सबै कालखण्डका भ्रष्टाचार छानबिन गर्ने चर्चालाई कसरी हेर्नुभएको छ ?

दलहरूले मनैदेखि संकल्प गरेका हुन् भने यो राम्रो कुरा हो । यस्तो छानबिन संसदीय समितिबाट सम्भव छैन । यसका लागि उच्चस्तरीय न्यायिक आयोग नै बनाउनुपर्छ, त्यो पनि पूर्वप्रधानन्यायाधीशको नेतृत्वमा । आयोगका सदस्यहरू पनि सरकार या दलहरूको सिफारिसमा नभई आयोगका अध्यक्ष या संयोजक स्वयंले स्वविवेकमा विज्ञमध्येबाट चयन गर्न पाउनुपर्छ । यस्तो आयोगको कार्यक्षेत्र विस्तृत र व्यापक हुनुपर्छ र समय पनि पर्याप्त दिनुपर्छ ।

यो प्रस्ताव कार्यान्वयन पनि होला कि सार्वजनिक खपतका लागि ल्याइएको नारा मात्र साबित होला ?

दलहरूले संसदीय छानबिन समिति बनाएर सबै कालखण्डका भ्रष्टाचारका विषय छानबिन गर्ने कुरा गरे भने त्यो कत्ति पनि उपलब्धिमूलक हुँदैन । छानबिनका लागि संसदीय समिति नै किन चाहियो ? सहकारीमा भएको बदमासी छानबिन गर्न संसद्‌कै कृषि, सहकारी तथा प्राकृतिक स्रोत समिति छँदै छ । त्यसैले गर्न सकिहाल्छ नि गृहमन्त्री रवि लामिछानेजी जोडिएको सहकारी प्रकरणको छानबिन । कांग्रेसको यो प्रस्ताव नै हास्यास्पद छ । त्यसैले, सबै दलले मनैदेखि भ्रष्टाचार नियन्त्रण र रोकथामका लागि यो प्रस्ताव ल्याएका हुन् भने मैले माथि नै भनेजस्तो उच्चस्तरीय न्यायिक आयोगको विकल्प छैन ।

अहिले आएर यो बहस किन चलाइरहेका होलान् दलहरूले ?

भ्रष्टाचारको मामिलामा कुनै पनि राजनीतिक दलका नेता चोखा देखिन्नन् । उनीहरूसित कुनै न कुनै काण्ड जोडिएका छन् । यस्तोमा एक-अर्काको विरोध गर्दा सबै तैं चुप मैं चुप हुने प्रपञ्च या छानबिनको नाटक मञ्चन गरेर सबैलाई चोख्याउने दाउ पनि हुन सक्छ ।

प्रेरक प्रसंग

जीवनको दुःख



एकपटक एक युवक एक सन्तकहाँ पुगे । उनले भने- सन्त महाराज, म आफ्नो जीवनदेखि हैरान भएको छु । कृपया यस हैरानीबाट मुक्ति पाउने उपाय बताउनुहोस् । सन्तले भने- पानीको ग्लासमा एक मुठी नुन हाल र त्यसलाई घटघट पिइदेऊ । युवकले सन्तको आदेश शिरोपर गरे ।

सन्तले सोधे- यसको स्वाद कस्तो लाग्यो ? युवकले मुख बिगार्दै जवाफ दिए- निकै खराब ! जिब्रै पाछ्ने एकदमै चर्को ! सन्तले मुसुक्क मुस्कुराउँदै भने- एक मुठी नुन लिएर मेरो पछि-पछि आऊ ।

दुवै बिस्तार-बिस्तारै अघि बढ्न लागे । केही पर पुगेपछि एउटा स्वच्छ, सफा झरना भेटियो । दुवै झरनाको नजिकै रोकिए । सन्तले निर्मल झरना देखाउँदै भने- ल अब अघि साथमा ल्याएको नुन यो झरनाको पानीमा मिसाऊ । युवकले सन्तको आदेशको पालना गरे । सन्तले भने- अब यो झरनाको पानी पिइहेर त ! युवकले पानी पिए । पुनः सन्तले सोधे- यसको स्वाद कस्तो रहेछ ? के अझै यो त्यस्तै चर्को छ ? युवकले शिर हल्लाउँदै जवाफ दिए- अहँ, यो त निकै मिठो छ ।

सन्तले युवकको छेउमा बस्दै भने- जीवनको दुःख पनि नुनजस्तै हो । न योभन्दा बढी न योभन्दा कम ! जीवनमा दुःखको मात्रा उही रहन्छ । तर, हामीले त्यसलाई कुन पात्रमा हाल्छौँ, केमा मिलाउँछौँ, त्यसले हाम्रो दुःखको स्वाद निर्धारण गर्छ । त्यसैले, गिलास बन्नुको साटो जहिल्यै झरना बन्ने प्रयत्न गर । जीवनको दुःखदेखि मुक्त हुनेछौ ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

२०८० जस्तो नहोस् २०८१

२०८० को पूरा वर्ष नै राजनीतिक दलहरूका कारण अस्थिरतामा बित्यो । जनताले निराशा र संकटबीच पूरै वर्ष गुजार्नुपर्‍यो । देशमा बेरोजगारी, महँगी र भ्रष्टाचार दिन दुईगुना त रात चौगुनाको गतिमा मौलायो । तर, वर्ष २०८१ चाहिँ त्यस्तो नहोस् । दलहरूको घैँटामा घाम लागोस् । देशमा महँगी नियन्त्रण होस् । भ्रष्टाचारीमाथि पाता कसियोस् र युवाले रोजगारी पाऊन् । जनताका यिनै सपना पूरा गर्न वर्ष २०८१ सफल होस् । हाम्रा युवाले रोजगारीकै लागि विदेशी भूमिमा पुगेर पसिना बगाउनुपर्ने दिनको अन्त्य होस् । युवाले विदेशमा हैन स्वदेशमै रही काम गरी आर्थिक उन्नतिको ढोका खोल्न सकून् । नयाँ वर्ष २०८१ को सबैमा शुभकामना !

● **बलराम थापा**, क्षेत्रपाटी, काठमाडौं
2213ncw@gmail.com

कार्यान्वयन होला र ?

विभिन्न कालखण्डमा भएका भ्रष्टाचार छानबिनबारे प्रमुख दलहरू सैद्धान्तिक रूपमा एकै ठाउँमा उभिएको समाचार सुन्दा अलि पत्याउन सकस भयो । अदालतबाट प्रमाणित भ्रष्टाचारीको राज्यकोष खर्चेर सालिक बनाई फूलमाला चढाउने राजनीतिक दलहरूले आफैँमाथि छानबिन गर्ने संयन्त्र बनाउलान् र त्यस्तो संयन्त्रको सिफारिसमा आफैँमाथि कारबाहीको डन्डा बर्साउलान् भनेर यो देशमा कसैले पनि पत्याउनेवाला छैन । किनकि, हाम्रो राजनीतिक दलहरूलाई कसले, कहाँ, कति, कसरी र कहिले भ्रष्टाचार गरेको छ भन्ने थाहा नभएको हो र ?

● **कपिला लुइँटेल**
सातदोबाटो, ललितपुर

सार्वजनिक खपतको नारा

दलहरूले ०४६ यता भएका भ्रष्टाचारको छानबिन गर्लान् भन्ने आशा र विश्वास हामी जनतामा कत्ति पनि छैन । तैपनि अहिले सबैजसो प्रमुख दलले भ्रष्टाचारको छानबिन गर्ने भनेर लोकप्रिय नारा ल्याएका छन् । यसको अर्थ उनीहरू भ्रष्टाचारको छानबिनको नौटंकी गरेर यसअघि भ्रष्टाचार आरोप लागेका या प्रश्न उठेका प्रकरणबाट आफू र आफ्ना मान्छेलाई सफाइ दिन चाहन्छन् भन्ने नै हो । भ्रष्टाचारीलाई बचाउन ज्यान दिने नेताहरूले सार्वजनिक खपतका लागि मात्र यस्तो नारा ल्याएका हुन् ।

● **सुजन परियार**
सामाखुसी, काठमाडौं

राज्य पुनर्संरचनामाथि प्रश्न

अहिले देशको हरेक क्षेत्रमा राजनीति हावी छ । जसका कारण आमजनमानसमा वितृष्णा पैदा भइरहेको छ । यस्तो अवस्थामा हाल आर्थिक गतिविधिमा देखिएको प्रभावले देशको अर्थतन्त्रमा हुन सक्ने सम्भावित ह्रास तथा मन्दीबाट बच्न राज्यको अनावश्यक खर्चको बोझलाई तत्काल घटाई सो रकमलाई कृषि र उत्पादनमूलक क्षेत्रमा लगानी विस्तार गर्न अपरिहार्य भइसकेको छ । जसका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा लगाउन जरुरी छ । यसका लागि देशको ढुकुटीबाट सेवा, सुविधा उपभोग गर्ने अनावश्यक पद हटाई एकजना प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रप्रमुखको नेतृत्वमा अधिकतम १० सदस्यीय मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था गरिनुपर्छ ।

प्रदेश सभाको औचित्य र आवश्यकता नदेखिएकाले त्यसलाई तत्काल खारेज गर्नुपर्ने देखिन्छ । त्यसैगरी प्रत्येक पालिकामा प्रमुख र उपप्रमुख एक-एकजनासहित हरेक वडास्तरमा एक वडा अध्यक्ष मात्र रहने व्यवस्थासहित प्रशासनिक क्षेत्रमा भागबन्डाका आधारमा गरिने राजनीतिक नियुक्तिलाई निरुत्साहित गर्न जरुरी छ । यसका साथै सरकारी कार्यालयमा न्यूनतम जनशक्तिले कार्य सम्पादन गर्न सक्ने गरी प्रविधिको अधिकतम सदुपयोग गरी बाँकी सम्पूर्ण दक्ष जनशक्तिलाई देश विकासको काममा परिचालन गर्दा राष्ट्रलाई अनावश्यक व्ययभार कम हुन गई विकासले तीव्रता लिई पर्याप्त रोजगारी सिर्जना हुन सक्छ । यति हुन सकेमा नेपाल चाँडै नै समृद्ध राष्ट्रको सूचीमा पर्ने दिन टाढा हुनेछैन । अन्यथा हामी अझै सयौँ वर्ष पछि धकेलिने निश्चित छ ।

● **माधव पुडासैनी**, जोरपाटी, काठमाडौं
mpudasaini71@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भारतमा बढ्दो युवा आत्महत्या

दिनमा दुई घन्टाभन्दा बढी सामाजिक सञ्जाल प्रयोग गर्ने किशोर–किशोरीले आत्महत्या गर्ने गरेका छन्



देश/विदेश

● लक्ष्मी विजयकुमार

आत्महत्या मानव जीवनको दुःखद एवं अकालको क्षति हो । यो सबैभन्दा विनाशकारी र अन्योलजनक छ किनभने आत्महत्या एक सचेत स्वेच्छिक कार्य हो । विश्वमा सबैभन्दा धेरै आत्महत्या गर्नेको दुर्भाग्यपूर्ण तथ्यांक भारतमा छ । राष्ट्रिय अपराध अभिलेख ब्युरो (एनसिआरबी) ले सन् २०२२ मा एक लाख ७१ हजारले आत्महत्या गरेको जनाएको छ । यो दर बढेर प्रतिएक लाखमा १२.४ जना पुगेको छ, जुन भारतमा अहिलेसम्मकै उच्च दर हो । तर, अपर्याप्त दर्ता प्रणाली, मृत्युको चिकित्सा प्रमाणपत्रको अभाव, सामाजिक लाञ्छना आदिका कारण यो तथ्यांक यथार्थभन्दा कम हुन सक्छ । दुर्भाग्य, कुलमध्ये ४१ प्रतिशत आत्महत्या ३० वर्षभन्दा कम उमेरका युवाले गर्छन् । भारतमा युवतीको मृत्युको प्रमुख कारण आत्महत्या हो । प्रत्येक आठ मिनेटमा एक युवाले आत्महत्या गरेर ज्यान गुमाएका छन्, जुन परिवार, समाज, अर्थतन्त्र र देशको भविष्यका लागि क्षति हो । युवाको आत्महत्या भारतमा एक प्रमुख सार्वजनिक स्वास्थ्य समस्या हो ।

एक मात्रै कारक छैन : आत्महत्या एक जटिल मानव व्यवहार हो र यसको एकल कारण पत्ता लगाउन सकिन्न । युवामा हुने आत्महत्यालाई बहुनिर्धारित र जैविक, मनोवैज्ञानिक, पारिवारिक एवं सामाजिक-सांस्कृतिक कारकबीच अन्तर्क्रियाको परिणामका रूपमा बुझ्न सकिन्छ ।

भारतमा किशोर आत्महत्याको हालैको एक विश्लेषणले प्रमुख जोखिम कारक पहिचान गरेको छ । जसमा मानसिक स्वास्थ्य समस्या (५४ प्रतिशत), पारिवारिक समस्या (३६ प्रतिशत), शैक्षिक तनाव (२३ प्रतिशत), सामाजिक एवं जीवनशैली (२० प्रतिशत), हिंसा (२२ प्रतिशत), आर्थिक संकट (९.१ प्रतिशत) र सम्बन्धमा समस्या (नौ प्रतिशत) रहेका छन् । अन्य कारकमा शारीरिक र यौन दुर्व्यवहार, परीक्षामा असफलता, अन्तरपुस्ताको द्वन्द्व, आमाबाबुको दबाब र जातीय भेदभाव समावेश छन् ।

युवा-युवती र महिलामा आत्महत्याका पछाडि विशिष्ट सामाजिक सांस्कृतिक कारक छन् । मागी विवाह र कम उमेरमा विवाह, कम उमेरको मातृत्व, न्यून सामाजिक स्थिति, घरेलु हिंसा र आर्थिक निर्भरता केही अभिलिखित कारक हुन् । कठोर लैंगिक भूमिका र विभेदलाई पनि कारकमा समावेश गरिएको छ । सन् २०२२ मा दुई हजार ९५ आत्महत्याका पछाडि परीक्षा असफल हुनु रहेको थियो । एउटै परीक्षामा अंक ल्याउने शिक्षा प्रणालीको जोड र अभिभावकीय एवं स्वदबाबका सन्दर्भमा पनि आत्महत्या हुने गर्छ । कलेज भर्नाका लागि तीव्र प्रतिस्पर्धा, नतिजाको वरिपरि मिडियाको सनसनी खोज चर्चा र सामाजिक लाञ्छनाले भावनात्मक तनाव बढाउँछ । प्रतिष्ठित कलेजमा हुने प्रतिस्पर्धात्मक परीक्षा र मौजुदा शैक्षिक दबाबले यी समस्यालाई थप जटिल बनाउँछन्, जसले दुःखद परिणाम निम्त्याउँछ । रक्सी र लागुपदार्थ युवा आत्महत्याका जोखिमपूर्ण कारक हुन् । पछिल्ला दुई दशकमा युवामा इन्टरनेट प्रयोगमा उल्लेख्य वृद्धि भएको छ । भारतका १९ राज्यको मेटा-विश्लेषणअनुसार कलेजका लगभग २० प्रतिशत विद्यार्थी दुर्व्यसनमा छन् । एकतिहाइ युवा साइबर-बुलिङको सिकार भएका छन् । र, यो एकतिहाइको एकतिहाइले आत्महत्या गर्छन् । त्यसैगरी दिनमा दुई घन्टाभन्दा बढी सामाजिक सञ्जाल प्रयोग गर्ने किशोर-किशोरीले आत्महत्या गर्ने गरेका छन् । जोखिममा रहेका युवामा मिडियाको बलियो प्रभाव छ । आत्महत्याको सनसनीपूर्ण रिपोर्टिङ विशेषतः सेलिब्रेटीको बढ्दो आत्महत्यापछि हुने रिपोर्टिङले पनि गम्भीर प्रभाव पार्ने गरेको छ । भारतमा एक लोकप्रिय युवा पुरुष अभिनेताको आत्महत्यापछि



तस्बिर : रोयटर्स

गुगलमा 'कसरी आत्महत्या गर्ने' भन्ने खोजमा उल्लेखनीय वृद्धि भएको थियो ।

समाधानका उपाय : आत्महत्या एक व्यक्तिगत छनोट हो, यसलाई रोक्न सकिँदैन भन्ने मानिन्छ । अथवा यो सामाजिक-आर्थिक कारणले हुने हो, जुन आत्महत्या गर्ने व्यक्तिको नियन्त्रणबाहिर छ भन्ने बुझाइ पनि छ । अधिकांश आत्महत्या प्रयास गर्ने युवाका समस्याको वैकल्पिक एवं उपयुक्त समाधान हुन्छन् । युवाले समस्या समाधान, आवेग नियन्त्रण, र भावनात्मक नियमनको सीप सिक्न सक्छन् र मद्दत खोज्ने व्यवहारमा सुधार गर्न सक्छन् । मानसिक समस्याको प्रारम्भिक पहिचान र युवाअनुकूल हेरचाह आवश्यक छ । राम्रो आहार, नियमित व्यायाम, मध्यम इन्टरनेट प्रयोग, सहयोगी मित्रता, र योग/ध्यानसहितको स्वस्थ जीवनशैली अपनाउनाले मानसिक स्वास्थ्यलाई प्रोत्साहन गर्छ र युवाको आत्महत्या कम गर्छ । घरेलु हिंसा र मदिरा सेवन घटाएर पारिवारिक वातावरणमा सुधार ल्याउने र खाँचोमा परेकालाई आर्थिक सहायता प्रदान गर्दा आत्महत्या गर्ने प्रवृत्तिमा कमी आएको देखिन्छ । वैकल्पिक मूल्यांकन विधि र युवाको क्षमता अन्वेषण गर्ने प्रावधानजस्ता शैक्षिक सुधार आवश्यक छन् । जात, धर्म र लैंगिकतामा आधारित लाञ्छना र विभेद सम्बोधन गर्न आवश्यक छ । राजनीतिक इच्छाशक्ति, अन्तरक्षेत्रीय सहयोग एवं प्रतिबद्धता र समुदायको सहभागिता पनि आवश्यक छ ।

प्रचार हुनुपर्ने रणनीति : स्वास्थ्य मन्त्रालयले नोभेम्बर २०१९ मा भारतका लागि राष्ट्रिय आत्महत्या रोकथाम रणनीति विकास गर्न कार्यदल गठन गरेको थियो । सन् २०३० सम्ममा आत्महत्यालाई १० प्रतिशतले घटाउने लक्ष्यसाथ २१ नोभेम्बर २०२२ मा अन्तिम रणनीति सुरु गरिएको थियो ।

रणनीतिले स्वास्थ्य, शिक्षा, सूचना तथा प्रसारण र समाज कल्याण मन्त्रालयबीचको सहकार्य आवश्यक रहेको जनाएको छ । रणनीतिले विद्यालय स्वास्थ्य दूत र युवा क्लबमार्फत मानसिक स्वास्थ्य प्रवर्द्धन गर्न र लागुपदार्थ एवं व्यवहारसम्बन्धी लत कम गर्न शैक्षिक संस्था र युवा संगठनलाई लाभान्वित गर्न सक्नुपर्छ । यो रणनीतिलाई सबै भारतीय राज्य र सरोकारवालामाझ तुरुन्तै प्रचार गर्न आवश्यक छ । प्रदेश, जिल्ला र सामुदायिक तहमा तत्काल कार्यान्वयनका लागि बजेट विनियोजन जरुरी छ ।

(प्राध्यापक विजयकुमार स्नेहा आत्महत्या रोकथाम केन्द्रकी संस्थापक हुन्)

द हिन्दूबाट

वायु प्रदूषणको सामना गर्दै दक्षिण एसिया

एक अध्ययनअनुसार उच्च प्रदूषणका कारण भारतीयको औसत आयु ५.३ वर्षसम्मले घट्ने गरेको छ

स्विस जलवायु समूह आइक्युएयरले सन् २०२३ मा १३४ देशमा गरेको अनुगमनमा सबैभन्दा खराब वायु गुणस्तर बंगलादेशको थियो । त्यसबाहेक प्रतिवेदनमा समग्र दक्षिण एसिया विश्वमा सबैभन्दा खराब प्रदूषणबाट ग्रस्त रहेको भनिएको छ । प्रतिवेदनमा पाकिस्तान र भारत वायु प्रदूषणका हिसाबले हाराहारीमा छन् । प्रदूषणबारे प्रतिवेदनका केही अन्तर्दृष्टि यहाँ उल्लेख गरिएको छ, जसले हामीलाई दक्षिण एसियाली देशका सरकारबारे बताउँछ ।

प्रतिवेदनले विश्वभरका सात हजार आठ सय १२ सहरबाट पिएम २.५ वायु गुणस्तर तथ्यांकको एक सिंहावलोकन प्रदान गर्छ । पिएम २.५ भन्नाले २.५ माइक्रोन वा सोभन्दा सानो व्यास भएको सूक्ष्म कणलाई जनाउँछ । यी मानव श्वासप्रश्वास प्रणालीको गहिराइमा पुग्न सक्ने भएकाले खतरनाक हुन्छन् । यी कण प्राकृतिक घटना, जस्तै- धुलो, तुफान, डढेलो, कोइला जलाउँदा वा कृषिजन्य कार्यजस्ता मानव गतिविधिले गर्दा उत्पन्न हुन्छ ।

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को दिशानिर्देशअनुसार पिएम २.५ को औसत वार्षिक स्तर प्रतिघनमिटर पाँच माइक्रोग्रामभन्दा बढी हुनुहुँदैन । तथापि, प्रतिवेदनमा सूचीबद्ध १० देशले मात्र यो मानक पुरा गरेका छन् । तिनमा फ्रान्सेली पोलिनेसिया, न्युजिल्यान्ड, फिनल्यान्ड र इस्टोनियालगायत विश्वको सबैभन्दा स्वच्छ हावा भएको मुलुक समावेश छन् । बंगलादेशको पिएम २.५ स्तर ७९.९ माइक्रोग्राम प्रतिघनमिटर छ, जुन विश्व स्वास्थ्य संगठनले स्वस्थ्य भनेर सिफारिस गरेकोभन्दा झन्डै १६ गुणा बढी हो । गत वर्षको तुलनामा पाकिस्तानमा ७३.७ र भारतको हावामा ५४.४ माइक्रोग्राम पिएम २.५ कण प्रतिक्युबिक मिटर थियो ।

आइक्युएयरद्वारा अनुगमन गरिएका प्रत्येक देशभित्रै पनि हावाको गुणस्तर एक सहरदेखि अर्को सहरमा फरक-फरक पाइएका छन् । रिफाइनरी र पावर स्टेसन भएको भारतको बिहारको औद्योगिक र आर्थिक राजधानी बेगुसराइमा सन् २०२३ मा प्रतिघनमिटर औसतमा ११८.९ माइक्रोग्राम पिएम २.५ कण थिए । त्यसबाहेक अरु सहरमा पिएम २.५ कण कुरा गर्दा, नयाँदिल्लीमा ९२.७, बंगलादेशको ढाकामा ८०.२ र धुवाँले ढाकेको पाकिस्तानी सहर लाहोरले ९९.५ को औसत रेकर्ड गरेको थियो । भारतका ८३ सहरमा स्वास्थ्य भनी सिफारिस गरिएको सीमाभन्दा १० गुणा बढी छ ।

प्रतिवेदनअनुसार सन् २०२३ मा औसतमा प्रतिघनमिटर २.५ पिएम कणको स्तर केबल २.७ माइक्रोग्रामको साथ संसारको सबैभन्दा कम प्रदूषित सहर सान जुआन (प्युर्टो रिको) बनेको थियो । प्रतिवेदनमा ३.१ माइक्रोग्रामका साथ दोस्रो नम्बरमा न्युजिल्यान्डको वेलिंगटन छ भने अस्ट्रेलियाको क्यानबेरा ३.८ माइक्रोग्रामसहित तेस्रो स्थानमा छ ।

दक्षिण एसियामा खराब हावाको गुणस्तरमा प्रायः इँटाभट्टा र अन्य औद्योगिक उत्सर्जन, कृषि उपज निकालसकपछि बाँकी रहने परालजन्य वस्तुमा आगजनी गर्ने अभ्यासआदीको योगदान रहेको पाइन्छ । विशेषगरी यस भेगमा खाना पकाउन र अन्य कामको लागि ताप उत्सर्जन गर्न दाउरा, गुईठा(दाउरामा गोबर दलेर सुकाएर बनाईने)जस्ता ठोस इन्धन जलाउँने प्रचलन छ । यसले पनि वायु प्रदूषण बढाउँछ । त्यस्तै न्युन हावाको गुणस्तरमा प्लास्टिक जलाउने क्रिया र सवारीसाधनको धुवाँको पनि उत्तिकै भूमिका छ । पराल बाल्ने सिजनमा पाकिस्तान, भारत, नेपालमा बन्ने धुवाँ हावाले बंगलादेशतर्फ लान सक्छ । त्यसबाहेक बंगलादेशभित्र झन्डै आठ हजार इँटाभट्टा छन्, जसमध्ये केही अवैध रूपमा सञ्चालित छन् ।

उत्तरी भारत र दिल्लीमा विशेषगरी विधुत उत्पादन गर्न कोइलाको प्रयोग हुन्छ । कोइलाले वायुको गुणस्तर निक्कै खराब बनाउँछ । भारत र पाकिस्तानका किसानहरूले गहुँको रोपाईंको लागि खेत तयार गर्न धान काटेपछि बोटको बाँकी अवशेष जलाउँछन् । वर्षेनी चल्ने यस बाली जलाउने प्रक्रियाले पनि वायु प्रदूषण बढाएको छ । वायु प्रदूषण बढाउनमा दक्षिण एसियाको भूगोलले पनि केही योगदान छ । बंगलादेश, पूर्वी पाकिस्तानको ठूलो भूभाग, उत्तरी र पूर्वी भारत र नेपालको दक्षिणी भूभाग समेट्ने गंगा मैदानबाट उत्सर्जन हुने प्रदूषण तटीय हावाले उठाउँदा पनि उत्तरतर्फको हिमालयले टाढा फैलिन दिँदैन, यहीँ रोकिदिन्छ ।

> दक्षिण एसियाको वायु प्रदूषण बढाउन यहाँको भूगोलको पनि योगदान छ । बंगलादेश, पूर्वी पाकिस्तानको भूभाग, उत्तरी तथा पूर्वी भारत र नेपालको दक्षिणी भेग समेट्ने गंगा मैदानबाट उत्सर्जन हुने प्रदूषण तटीय हावाले उडाउँदा पनि उत्तरतर्फको हिमालयका कारण टाढासम्म फैलिन सक्दैन । यसले प्रदूषण यही भेगमै रोकिन्छ ।

एसियामा खराब हावाको प्रभाव के छ ?

'इम्पेरियल कलेज लन्डन'को पर्यावरण अनुसन्धान समूहले वायु प्रदूषणबारे दशकौं वैज्ञानिक अनुसन्धानपछि अप्रिल २०२३ मा एक समीक्षा प्रकाशित गऱ्यो । समीक्षाले वायु प्रदूषण र नवजात शिशुहरूको स्वास्थ्य, कम तौल, गर्भपतन र मृत बच्चाबीचको सम्बन्ध फेला पारेको छ । यसले यो पनि पत्ता लगायो कि वायु प्रदूषणको प्रारम्भिक जोखिमले विकासलाई बाधा पुऱ्याउन सक्छ । अगस्ट २०२३ मा सिकागो विश्वविद्यालयको ऊर्जा नीति संस्थान (इपिआइसी)ले प्रकाशन गरेको एयर क्वालिटी लाइफ इन्डेक्स (एक्युएलआई) अनुसार प्रदूषणका कारण औसत भारतीयको आयु ५.३ वर्षले घटेको छ । नयाँदिल्लीमा औसत आयु १० वर्षले घटेको छ ।

प्रतिवेदनले डब्ल्युएचओका दिशानिर्देश पूरा गरेमा वायुको गुणस्तरले औसत पाकिस्तानी ३.९ वर्ष बाँच्ने देखाएको छ । स्वास्थ्य प्रभावबाहेक पाकिस्तान र भारतमा वायु प्रदूषणले शिक्षा र व्यापारजस्ता दैनिक गतिविधिलाई असर गरेको छ । सन् २०२३ को नोभेम्बरको सुरुमा धुवाँले ढाकेको पाकिस्तानको पन्जाब प्रान्त, लाहोर, गुजरनवाला र हाफिजाबादमा आपत् काल घोषणा गरियो र सबै सार्वजनिक स्थान बन्द गरियो । भारतको राजधानी दिल्लीमा एकै समयमा वायु प्रदूषणको खतरनाक स्तरका कारण विद्यालय बन्द गरिनुका साथै निर्माण कार्य रोकिएको थियो । पछि सन् २०२३ को नोभेम्बरमा लाहोरमा फेस मास्क अनिवार्य बनाइयो ।

वायु गुणस्तर संकट समाधान गर्न के गर्न सकिन्छ ?

आइक्युएयरले जारी गरेको प्रतिवेदनले सरकारलाई नवीकरणीय ऊर्जा पहलमा लगानी गर्न, सफा सवारीसाधनलाई प्रोत्साहित गर्न, पैदल यात्रुमैत्री पूर्वाधारमा सुधार गरेर तिनको गतिशिलता बढाउन र पराल जलाउने अभ्यासमा प्रतिबन्ध लगाउन सिफारिस गरेको छ । प्रतिवेदनले विशेषगरी दक्षिण एसियामा सरकारद्वारा सञ्चालित वायु गुणस्तर अनुगमन स्टेसनहरूको अभावलाई उजागर गरेको छ । पाकिस्तानको लाहोर र पेसावर साथै बंगलादेशको ढाकामा हावाको गुणस्तरको तथ्यांक रिपोर्ट गर्ने लगभग ९६ प्रतिशत स्टेसन देशका सरकारहरूसँग सम्बद्ध छैनन् । प्रतिवेदनका अनुसार आम मानिस र समाजिक संस्थाले वायु प्रदूषण स्तरको दस्ताबेजीकरण र अनुगमन गर्न चाहे पनि सरकारले त्यसो गर्ने जिम्मेवारी दिइरहेको छैन ।

वायु प्रदूषण नियन्त्रण गर्न दक्षिण एसियाली सरकारले प्रयास नै नगरेका भने होइनन् । उदाहरणका लागि सन् २०२३ को जनवरीमा वायु प्रदुषण उच्च भएपछि दिल्लीको राष्ट्रिय राजधानी क्षेत्रमा कोइला जलाउन प्रतिबन्ध लगाइएको थियो । त्यस्तै, सन् २०१८ मा दिल्लीमा पुराना गाडीलाई प्रतिबन्ध लगाइयो । यस निर्णयले सडकमा कारको संख्या ३५ प्रतिशतले घट्न पुग्यो । सन् २०२३ को नोभेम्बरमा दिल्ली राज्य सरकार र 'इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी-कानपुर'ले मिलेर गरेको अध्ययनले दिल्लीको वायु प्रदूषणमा सवारीसाधनको उत्सर्जन सबैभन्दा ठूलो कारक रहेको देखाएको छ ।

उता भारतको छिमेकी मुलुक पाकिस्तानले उसको सबैभन्दा घना जनसंख्या भएको र कृषिकेन्द्रित राज्य पन्जाबमा बाली जलाउन प्रतिबन्ध लगाएको छ । त्यहाँ निजी सवारीसाधनको प्रयोग घटाउन सार्वजनिक यातायात सुदृढीकरण परियोजना सुरु गरिएको छ । यद्यपि, यी प्रतिबन्धका बाबजुद किसानले गैरकानुनी रूपमा बाली जलाउने कार्यलाई जारी राखेका छन् । धुवाँलाई नियन्त्रण गर्न भारत र पाकिस्तानले कृत्रिम वर्षा गराउन कृत्रिम वर्षा गराउने 'क्लाउड सिडिङ'तर्फ पनि ध्यान दिएका छन् । क्लाउड सिडिङअन्तर्गत जमिनमा जेनेरेटर वा आकाशमा विमानको प्रयोग गरी बादललाई क्रिस्टल बनाउने प्रक्रियालाई तीव्र बनाइन्छ । क्रिस्टलले वर्षाको पानीका थोपा निर्माण गर्न मद्दत गर्छ । बंगलादेशको वातावरण, वन र जलवायु परिवर्तन मन्त्रालयले जनवरीमा इँटाभट्टा ट्र्याकर प्रयोग गर्ने योजनाको घोषणा गऱ्यो । यसले हानिकारक इँटाभट्टा पहिचान गर्न र कार्यान्वयन सुधारमा 'रिमोट सेन्सिङ' प्रविधि प्रयोग गर्नेछ ।

(अलजजिराका लागि सारा समिमको आलेख)

आगामी चुनावमा भाजपाको जितका पाँच आधार

अप्रिल ६ मा सत्तारुढ भारतीय जनता पार्टी (भाजपा)ले आफ्नो ४४औँ वार्षिकोत्सव मनायो । यसको स्थापना दिवसको मूल विषयवस्तु 'फिर एक बार मोदी सरकार', अर्थात् फेरि एकपटक मोदी सरकार भन्ने थियो । तसर्थ, आगामी निर्वाचनमा पार्टीको सम्भावनाको मूल्यांकन गर्ने र आफ्नो किल्ला कत्तिको बलियो छ भनी हेर्ने यो उपयुक्त समय हो । सन् २०१४ मा भाजपाले कंग्रेसलाई व्यापक रूपमा पराजित गर्दै २८२ सिट जित्यो (३१ प्रतिशत भोट सेयर) । अर्को लोकसभा चुनावमा पार्टीले ३०३ सिट ल्यायो । बहुमतका लागि कुनै पनि दलले २७२ सिट ल्याउनुपर्छ । ५४५ सिट भएको लोकसभामा ५४३ सिटका लागि निर्वाचन हुन्छ ।



१. भारतको सबै क्षेत्रमा ठूलो पार्टी

सामान्यतया यो विश्वास गरिन्छ कि भारतीय जनता पार्टी उत्तर र पश्चिम क्षेत्रमा बलियो छ । तर, पूर्व र दक्षिण क्षेत्रमा भने कमजोर छ । यद्यपि, यो सत्य हो कि भाजपा अझै पनि चारवटै क्षेत्रमा सबैभन्दा ठूलो पार्टी हो । किनभने पूर्वी र दक्षिणी क्षेत्रमा धेरै क्षेत्रीय दलको प्रभाव भए पनि एक साझा ब्यानरअन्तर्गत उनीहरूमा एकता छैन । उत्तर र पश्चिम क्षेत्र भाजपाको गढ हो, जहाँ अघिल्लो निर्वाचनमा यसले क्रमशः १९१ सिटमध्ये १५५ र ७८ सिटमध्ये ५१ मा जित हासिल गरेको थियो । तर, पूर्व र दक्षिणमा भाजपाको प्रदर्शन फितलो रह्यो । यसले पूर्वमा १४२ मध्ये ६७ सिटमा (आधाभन्दा कम) र दक्षिणमा १३२ सिटमध्ये ३० (केवल २५ प्रतिशत) सिट मात्र जित्यो । यी दुई क्षेत्रअन्तर्गतका विशेषगरी पश्चिम बंगाल, ओडिसा, तमिलनाडु र केरलाजस्ता राज्यहरू सन् २०२४ मा भाजपाको 'फोकस' क्षेत्र हुन् ।

२. सन् २०१९ मा फराकिलो मतान्तर

सन् २०१९ को निर्वाचनमा भाजपाले ५० प्रतिशतभन्दा बढी भोट सेयरसाथ जितेका २२४ सिट थिए । यसको मतलब पार्टीले कुल सिटको लगभग ७५ प्रतिशत प्रस्ट रूपमा जित्यो । चार राज्यहरू- दिल्ली, उत्तराखण्ड, हिमाञ्चल प्रदेश र गुजरातमा पार्टीले ५० प्रतिशत वा सोभन्दा बढी भोट सेयरका साथ आफ्ना सबै सिट जित्यो, जबकि अन्य ६ वटा राज्यहरू- बिहार, कर्नाटक, असम, राजस्थान, हरियाणा र मध्यप्रदेशमा यसको तीनचौथाइ सिट कुल मतको आधाभन्दा बढीले जितेको थियो । उत्तर प्रदेश र महाराष्ट्रजस्ता राज्यका झन्डै दुईतिहाइ निर्वाचन क्षेत्रमा पनि त्यस्तै ढंगले जितेको थियो भने पश्चिम बंगालमा एकचौथाइ सिटमा विजयी भएको थियो । यसविपरीत ओडिसामा (जहाँ त्रिकोणीय प्रतिस्पर्धा भयो) भाजपाले ५० प्रतिशतभन्दा बढी मतले जितेका त्यस्ता कुनै सिट थिएनन् ।

भाजपाले जितेका कुल ३०३ सिटमध्ये २२६ सिटमा एक लाखभन्दा बढी मतको अन्तरले विजय हासिल गरेको थियो । यीमध्ये १०५ सिटमा वास्तवमा विजय मतान्तर तीन लाख मतभन्दा बढी थियो । पार्टीको विजयी धार ५० हजारभन्दा कम भएको ठाउँमा ४० सिट मात्रै थिए र यी सिट कमजोर मानिने वा नजिकबाट प्रतिस्पर्धा गर्न सकिने सिट हुन् ।

३. लोकप्रियतामा कमी नआएको

भाजपाले सन् २०१४ र २०१९ दुवैमा जितेका २४७ सिटलाई बलियो रूपमा वर्गीकृत गर्न सकिन्छ । ऐतिहासिक प्रवृत्तिको आधारमा त्यहाँ ९५ सिट छन्, जुन भाजपाले लगातार तीनवटा चुनावमा जितेको छ र पछिल्ला तीन चुनावमा दुईपटक जितेका १६७ सिट छन् । यसरी, कुलमा भाजपाको २६२ सिटमा राम्रो सम्भावना छ । त्यो २७२ (बहुमत प्राप्तिका लागि आवश्यक) को जादुई अंकभन्दा १० सिट मात्र कम हो । यसबाहेक, सन् २०१९ मा पार्टी ७२ सिटमा उपविजेता थियो र तीमध्ये १७ सिटमा पाँच प्रतिशतभन्दा कम अन्तरले पराजित भएको थियो । सन् २०१९ मा भाजपाले अघिल्लो चुनावमा जितेको ३५ सिट गुमाएको थियो । तीमध्ये २० सिट उत्तर प्रदेश र बिहारको गढमा थिए ।

४. अघिल्लो पटकभन्दा ठूलो गठबन्धनको साथ

यस वर्ष भाजपाले धेरै गठबन्धन जोड्ने प्रयास गरेको छ र कर्नाटकमा जनता दल सेक्युलर (जेडी-एस), आन्ध्र प्रदेशमा तेलुगु देशम पार्टी (टिडिपी), उत्तर प्रदेशमा राष्ट्रिय लोक दल (आरएलडी) र महाराष्ट्रमा राष्ट्रवादी कंग्रेस पार्टी (एनसिपी)जस्ता साझेदार थपेको छ । समग्रमा, यो वर्ष चार राज्यमा पार्टीको गठबन्धन कायम रहनेजस्तो देखिन्छ, जसमा १८१ सिट छन्, जुन लोकसभाको शक्तिको एकतिहाइ हो । यस हिसाबले भाजपा गठबन्धन सन् २०१९ मा भन्दा बलियो छ ।

५. मोदी प्रभाव

अन्तमा लोकसभा निर्वाचन बढ्दो रूपमा राष्ट्रपतिको शैलीमा बढ्दै जाँदा नरेन्द्र मोदीले राहुल गान्धीमाथि ठूलो अग्रता कायम गर्न सक्छन् । राहुल विपक्षी गठबन्धन (आइएनडिआइए)को तर्फबाट ब्लकको आधिकारिक प्रधानमन्त्री अनुहार पनि होइनन् । मोदीले आफ्नो तेस्रो कार्यकालमा ठूलो जनविश्वास र विश्वसनीयता पाएका छन् र धेरैले उनलाई आफ्नो पार्टीको जित र हारबीचको भिन्नता ठान्छन् । तथ्यले यस चुनावमा भाजपाको लगभग अजेय प्रकृतिलाई जोड दिन्छ । के विपक्षीले त्यो अडानलाई अपमान गर्न सक्छ ?

(राजनीतिक रणनीतिकार तथा टिप्पणीकार अमिताभ तिवारीको आलेख ।)

इतिहासमा आज

अप्रिल ११



सन् १९५५ : बम्बईबाट उडेको एयर इन्डियाको 'कास्मिर प्रिन्सेस' नामक चार्टर्ड विमानमा बम विस्फोट भएर दक्षिण चीन सागरमा खस्यो । सो विस्फोट भारतको कूटनीतिक भ्रमण सकेर फर्किन लागेका चिनियाँ प्रधानमन्त्री चाउ एनलाई लक्षित गरी ताइवानमा शासन गरिरहेको कोमिन्ताङ एजेन्टले गरेको विश्वास गरिन्छ । चाउ अन्तिम समयमा स्वास्थ्यका कारण सो विमान चढेका थिएनन् ।

सन् १९६१ : दोस्रो विश्वयुद्धपछि अर्जेन्टिनामा लुकेर बसेका पूर्वनाजी अधिकारी एडोल्फ आइकम्यानलाई इजरायली गुप्तचर संस्था मोसादले पक्राउ गरेरपछि जेरुसेलममा न्यायिक सुनुवाइ सुरु भयो ।

सन् १९६८ : तत्कालीन अमेरिकी राष्ट्रपति लिन्डन बी. जोनसनले अश्वेत अधिकारकर्मीका केही माग सम्बोधन गर्न ल्याइएको 'सिभिल राइट्स एक्ट'मा हस्ताक्षर गरे ।

सन् १९७९ : तानाशाह इदी अमिनको छिमेकी तान्जानियासँगको तनाव चुलिँदै जाँदा तान्जानियाली सेनाले युगान्डामाथि आक्रमण गरेर अमिनको क्रूर शासन अन्त्य गरी दिए ।

सन् २००२ : भेनेजुएलाका राष्ट्रपति ह्युगो चाभेजविरुद्ध सैन्य कुको प्रयास ।

सन् २०१९ : सन् २०१२ जुनदेखि लन्डनस्थित इक्वेडोरियन दूतावासमा शरण लिइरहेका विकिलिक्सका संस्थापक जुलियन असान्जलाई बलजफ्ती निकालियो । दूतावासबाट निकालिएलगत्तै उनलाई लन्डन प्रहरीले पक्राउ गरेको थियो ।

दक्षिण कोरियामा प्याज कसरी बन्यो मुख्य चुनावी मुद्दा ?

दक्षिण कोरियामा भर्खरै सम्पन्न संसदीय चुनावको मुख्य बहसको विषय थियो, हरियो प्याज । यस मुद्दाले देशमा सधैँ महत्त्वपूर्ण मुद्दा रहने परराष्ट्र नीति र अर्थव्यवस्थासमेत ओझेलमा परे । हरियो प्याजको बहस यति चर्कियो कि मतदान प्रक्रिया अवरुद्ध हुन सक्ने चिन्ताका कारण मतदान केन्द्रमा तिनलाई लान प्रतिबन्ध लगाइएको थियो । यो निर्णय आफैंमा मतदाता र निर्वाचन अधिकारीबीच बहसको विषय बन्यो ।

हरियो प्याजको बहस मार्च १८ बाट सुरु भएको थियो । त्यस दिन दक्षिण कोरियाका राष्ट्रपति युन सुक येओल आम उपभोग्य वस्तुको मूल्य बुझ्न राजधानी सियोलको एउटा किराना पसल पुगेका थिए । पसलमा राखिएको हरियो प्याजको एक बन्डलको मूल्य सोध्दा पसलेले ८७५ ओन (०.६५ अमेरिकी डलर) जवाफ दिए । त्यति मूल्य उचित भएको युनले प्रतिक्रिया दिएका थिए । स्थानीय मिडियाले पछि पसलले राष्ट्रपतिलाई प्याजमा छुट दिएको खुलासा गऱ्यो । यसपछि राष्ट्रपतिलाई प्याजको समेत मूल्य थाहा नभएको, उनी आममानिसको चासोका विषयमा बेखबर रहेको भन्ने विषयले चर्चा पाउन सुरु गऱ्यो ।

अनलाइनमा आलोचनाका रूपमा सुरु भएको यो मुद्दालाई विपक्षीले टिपेपछि यसले थप व्यापकता पायो । प्रतिपक्षीले राष्ट्रपति जनताको चासोको विषयबाट बेखबर रहेको जनाउन हरियो प्याजलाई प्रतीकको रूपमा प्रयोग गर्न थाल्यो । चुनावका लागि केही दिनअघि खुलाइने प्रारम्भिक मतदानमा मत हाल्नेहरूले मत केन्द्रसँगै हरियो प्याज बोकेको तस्बिर पनि सामाजिक सञ्जालमा राख्न थाले । हरियो प्याज ८७५ओन भन्ने ह्यासट्यागमा पोस्टको बाढी आउन थाल्यो । त्यसपछि देशको राष्ट्रिय निर्वाचन आयोग (एनइसी)ले कुनै मतदान केन्द्रमा हरियो प्याज निषेधको घोषणा गऱ्यो । एनइसीको निर्णय अनलाइन उपहासको विषय बन्यो । सामाजिक सञ्जालमा प्याजका मिम्सहरू भाइरल हुन थाले । मतदाताको एक समूहले चुनावको दिन हरियो प्याजले बनेको हेडब्यान्ड लगाएर मतदान गर्ने घोषणा गर्दै एनइसीको प्रतिबन्धलाई विरोध गर्न थाले । तिनले निर्णय निर्वाचन आयोगको मनोमानी र अपमानजनक भएको भन्दै आलोचना गरे ।



दक्षिण कोरियाली राष्ट्रपति युन सुक येओल प्याज हेर्दै ।

यस चुनावमा हरियो प्याज राजनीतिक प्रतिबन्धविरुद्धको प्रतिरोधको प्रतीक बनेको विश्लेषकहरूको ठम्याइ छ । हरियो प्याज गाथाले राजनीतिक प्रतीकात्मकता र दैनिक जीवनको अन्तरसम्बन्धलाई समेत प्रकाश पारेको चर्चा सुरु भएको छ । एउटा खाद्यान्नले समेत चुनावको समयमा देशव्यापी बहस सुरु गर्न सक्ने यस घटनाले चित्रण गर्छ ।

अर्थ पत्रिका
नयाँ पत्रिका
बिहीबार २९ चैत ०८०

अध्यादेशबाटै भए पनि लगानीप्रतिकूल कानुन संशोधन गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता

निजी क्षेत्रलाई
प्रधानमन्त्रीका तीन सन्देश

१ निजी क्षेत्रलाई उच्च मनोबलका साथ काम गर्ने वातावरण बनाउने प्रतिबद्धता, निजी क्षेत्रसँग सरकारको बलियो सहकार्यकै कारण अर्थतन्त्रका आधारभूत सूचकांक सकारात्मक भएको दाबी ।

२ लगानी र रोजगारी सिर्जना गर्न एवं उत्पादन र रोजगारी बढाउन निजी क्षेत्रले अग्रणी भूमिका गर्दै आएकाले तीनै तहका सरकारको नीति तथा योजना निर्माणमा निजी क्षेत्रसँग समन्वय भइरहेको ।

३ सन् २०२६ मा अल्पविकसित मुलुकबाट स्तरोन्नति हुन, सन् २०३० सम्म दिगो विकासको लक्ष्य हासिल गर्न र सन्तुलित विकास हासिल गर्न सरकार र निजी क्षेत्र दुवैबाट हुने लगानी विस्तार गर्नुपर्ने आवश्यकता ।



उद्योग वाणिज्य महासंघको ५८औँ साधारणसभालाई सम्बोधन गर्दै प्रधानमन्त्री प्रचण्ड । तस्बिर : नयाँ पत्रिका

नयाँ पत्रिका

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले अध्यादेश ल्याएरै भए पनि लगानी भित्र्याउन प्रतिकूल ऐन संशोधन गर्ने प्रतिबद्धता जनाएका छन् । नेपाल उद्योग वाणिज्य महासंघको ५८औँ वार्षिक साधारणसभालाई सम्बोधन गर्दै उनले वैशाखमा हुने लगानी सम्मेलनलाई अधिकतम प्रभावकारी र परिणामुखी बनाउन ठोस गृहकार्य गरिरहेको बताएका हुन् ।

सरकारले वैशाख १६ र १७ गते हुन लागेको तेस्रो लगानी सम्मेलनअघि नै लगानीको वातावरण राम्रो बनाउन विद्यमान १० वटा ऐन र दुईवटा नियमावली संशोधन गर्नुपर्ने निष्कर्ष निकालेको थियो । लगानी सम्मेलनमा लगानीकर्ता आकर्षित गर्ने उद्देश्य राखेर प्रधानमन्त्री कार्यालयका तत्कालीन सचिव (हाल गृह) एकनारायण अर्यालको संयोजकत्वमा मंसिर चौथो साता नै नीति, कानुन तथा संरचना सुधार कार्यदल बनाइएको थियो । जसले सम्मेलनलाई लक्षित गरी १० ऐन र दुई नियमावली संशोधन गर्नुपर्ने सुझावसहितको प्रतिवेदन १५ माघमै मुख्यसचिव वैकुण्ठ अर्याललाई बुझाएको थियो ।

तर, लगानी सम्मेलन नजिकै गर्दा ऐन र नियमावली संशोधनमा ढिलाइ भइरहेको छ ।

'देशमा लगानीको वातावरण निर्माण गरी लगानी भित्र्याउन हाम्रा नीति, कानुन, सोच, संरचना र कार्यशैलीमा काफी चुनौती र सीमा छन्,' प्रधानमन्त्री प्रचण्डले भने, 'सम्भव भएसम्म संसद्बाट र नभए अध्यादेशबाटै भए पनि कानुन संशोधन गरी लगानीका लागि सरलीकृत नीति र प्रक्रियाको तयारी भइरहेको छ ।'

निजी क्षेत्रको मनोबल उच्च राख्दै देशको आर्थिक रूपान्तरणमा गति दिन सरकार प्रतिबद्ध रहेको पनि प्रधानमन्त्रीले बताए । लगानी र रोजगारी सिर्जना गर्न एवं उत्पादन र रोजगारी बढाउन निजी क्षेत्रले अग्रणी भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै उनले भने- 'राज्यका तीनै तहका सरकारले नीति तथा योजना निर्माणमा निजी क्षेत्रसँग समन्वय गर्दै आएका छन् ।'

कार्यक्रममा महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले करिब दुई वर्षदेखि सुस्ताएको अर्थतन्त्रको रोग पहिचान गरेर पनि निदान नगर्दा समस्या झन् बल्झिँदै गएको बताए । देशको अर्थतन्त्र कमजोर हुनुमा बाह्यभन्दा आन्तरिक कारण नै प्रमुख रहेको उनको भनाई थियो । 'निजी क्षेत्रले रोगको पहिचान गरेर औषधि सिफारिस गरेकै हो, यसमा राज्यका जिम्मेवार निकायले ध्यान नदिँदा यो मोडमा आइपुगेका हौं' उनले भने 'चालू बजेट र मौद्रिक नीतिमा निजी क्षेत्रको साझा सुझाव पेस हुँदा पनि सुधारका उपायहरू अवलम्बन हुन सकेनन् ।'

निर्यात, लगानी सहायतालगायत कम हुँदा पनि बाह्य क्षेत्र सबल हुनुको कारण रेमिट्यान्स रहेको अध्यक्ष ढकालको भनाइ छ । रेमिट्यान्सले मात्रै निरन्तर अर्थतन्त्र धान्न सक्ने सम्भावना न्यून हुने उनले बताए ।

अर्थमन्त्री वर्षमान पुनले बजेटमा चिनेको घरानालाई पोस्ने खालको कर प्रणालीको व्यवस्था आफूबाट नहुने बताए । आगामी आर्थिक वर्ष ०८१/८२ को बजेटमा सबैलाई समान रूपमा लागू हुने करको व्यवस्था गरिने बताउँदै उनले भने- 'बजेटमा समेट्नुपर्ने सुझाव दिन आउँदा कुनै घराना वा व्यक्तिको रूपमा नभई सिंगो निजी क्षेत्रलाई हित हुने खालका मागहरू लिएर आउनुहोला ।'

कांग्रेस प्रवक्ता एवं पूर्वअर्थमन्त्री डा. प्रकाशशरण महतले निजी क्षेत्र रोजगारी सिर्जना, आम्दानी वृद्धि र समृद्धिको वाहक हो भन्ने कुरामा कांग्रेस कहिल्यै पनि द्विविधामा नरहेको स्पष्ट पारे । '०४६ सालको परिवर्तनसँगै जुन आर्थिक वृद्धिको शृंखला अगाडि बढ्यो, त्यसमा कांग्रेसले लिएको नीति महत्त्वपूर्ण हो,' उनले भने, 'कांग्रेसले निजी क्षेत्रको महत्त्वलाई बुझ्छ ।'

महासंघ अध्यक्ष चन्द्र ढकालको गुनासो-

सरकारले दिने सेवा र सुरक्षाविना काम गर्न सक्दैनौं



- मुलुकको खर्च धान्ने निजी क्षेत्र पखेटा फिँजाएर थप आर्जन गर्न खोजिरहेको छ । तर, त्यसका लागि आवश्यक सेवा र सुरक्षा पाउन सकेको छैन । यो क्षेत्रले अहिले सरकारबाट थोरै मात्र भए पनि प्रोत्साहन चाहेको छ ।
- उद्यम गर्न चाहने युवाको आइडियालाई समाजले स्वीकार गर्नुपर्‍यो । राजनीतिक तहबाट अपनत्व ग्रहण गरिदिनुपर्‍यो । कानुनी अड्चन पनि हुनुभएन ।
- भुक्तानी सन्तुलन र चालू खातासमेत बचतमा हुँदा सकारात्मक सन्देश जान्छ । तर, यस अवधिमा एक खर्ब रुपैयाँको निर्यात हुँदा ८० अर्ब रुपैयाँ त विद्यार्थी विदेश जाँदा नै बाहिरिएको छ ।
- वैदेशिक अनुदान निरन्तर घट्दो छ । वित्तीय व्यवस्थापन खर्च पुँजीगतभन्दा झन्डै दोब्बर छ । आन्तरिक स्रोत बनाउन सकिएन भने अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदा ऋणको भार थप बढ्ने जोखिम छ ।
- बाह्य क्षेत्र सबल हुनुको प्रमुख कारण रेमिट्यान्स हो । रेमिट्यान्सले मात्रै निरन्तर अर्थतन्त्र धान्न सक्ने सम्भावना न्यून हुन्छ ।
- करिब दुई वर्षदेखि सुस्ताएको अर्थतन्त्रको रोग पहिचान गरेर निदान नगर्दा समस्या बल्झिँदै गएको हो । निजी क्षेत्रले रोगको पहिचान गरेर औषधि सिफारिस गरेकै हो । तर, राज्यले ध्यान दिन नसक्दा आज यो मोडमा आइपुगेका छौं ।
- चालू आर्थिक वर्ष ०८०/८१ को बजेट र मौद्रिक नीतिमा निजी क्षेत्रको साझा सुझाव पेस हुँदा पनि सुधारका उपाय अवलम्बन हुन सकेनन् ।
- श्रीलंका बन्न सक्ने भयले यहाँ नियन्त्रणमुखी नीतिगत व्यवस्था गरियो । जसकारण हाम्रो आर्थिक वृद्धिदर २ प्रतिशतमा झरेको छ भने श्रीलंकाको आर्थिक वृद्धिदर माइनस ७.८ बाट बढेर करिब दुई प्रतिशत सकारात्मक भएको छ ।
- सबै छिमेकी मुलुकको तीव्र विकास भइरहँदा पछिल्लो दुई वर्षमा नेपालको न्यून आर्थिक वृद्धि हुनुको कारण निजी क्षेत्रले काम गर्न नपाउँदा हो । यस वर्ष पनि उत्पादनमूलक क्षेत्रको वृद्धिदर ०.४ प्रतिशत मात्र छ ।
- साना उद्यमीको सहुलियतपूर्ण कर्जा र निर्माण व्यवसायीको भुक्तानी रोकिएको छ । राजस्व कम भएकाले अनावश्यक अनुगमनका कारण व्यवसायी समस्यामा छन् ।
- हाम्रा युवाहरूको सपना खाडीमा खेर जान नदिऔं । उद्यमीको मोहरलाई रुपैयाँ बनाउने अवसर दिऔं । मुलुकको निजी क्षेत्र विकास र समृद्धिको नेतृत्व लिन तयार छ, मात्रा वातावरणको खाँचो छ ।

उत्पादनमूलक क्षेत्रको इपिएस भाषा परीक्षामा ६ हजार २२१ उत्तीर्ण



फाइल तस्बिर

नयाँ पत्रिका

उत्पादनमूलक क्षेत्रको रोजगारीमा कोरिया जानका लागि भाषा परीक्षा दिएका ४० हजार पाँच सय ८० मध्ये ६ हजार दुई सय २१ जना उत्तीर्ण भएका छन् ।

इपिएस कोरिया शाखाले उत्पादनमूलक क्षेत्रका लागि पहिलो चरणको भाषा परीक्षाको नतिजा सार्वजनिक गरेको हो । गत ७ फागुनदेखि २४ चैतसम्म परीक्षा सञ्चालन भएको थियो ।

दोस्रो चरणको परीक्षा आगामी ९ देखि १५ वैशाखसम्म सञ्चालन हुने भएको छ । यो परीक्षामा ७९ हजार नौ सय ३७ ले सहभागिता जनाउने अनुमान छ । उक्त परीक्षा नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानले पनि परीक्षा लिनेछ ।

■ कोरियाको रोजगारीका लागि यो वर्ष एक लाख ६३ हजार ६३५ ले परीक्षा दिँदै १५ हजार ४४८ जान पाउने

■ **पहिलो चरण**
विद्यार्थी : ४०,५८०
उत्तीर्ण : ६,२२१

■ **दोस्रो चरण**
विद्यार्थी : ७९,९३७
परीक्षा : ९ **देखि १५ वैशाख**

■ **तेस्रो चरण**
विद्यार्थी : ३६, १७९
परीक्षा : ३१ **वैशाखदेखि १६ साउन**

तेस्रो चरणको परीक्षा भने ३१ वैशाखदेखि १६ साउनसम्म चल्नेछ । तेस्रो चरणका लागि ३६ हजार एक सय ७९ ले भाषा परीक्षा दिनेछन् ।

प्रकाशित नतिजाअनुसार ९२.५ प्रतिशत अंक ल्याउने उत्तीर्ण भएका हुन् । दक्षिण कोरियाको रोजगार अनुमति प्रणाली (इपिएस)मार्फत कामदार लैजान कोरियाली सरकारले नेपाल सरकारसँग सन् २००७ मा एमओयू गरेको थियो । त्यसअन्तर्गत सन् २००८ बाट कामदार लैजान सुरु गरिएको थियो ।

यो वर्ष कुल एक लाख ६३ हजार ६ सय ३५ ले कोरियाको रोजगारीमा जान आवेदन दिएको इपिएस शाखाले जनाएको छ । त्यसमध्ये १५ हजार चार सय ४८ जनालाई कोरियाले रोजगारीका लागि अवसर दिने सहमति भएको छ ।

कृषिमा ५१ अर्ब ८८ करोडको सिलिङ

रासायनिक मलका लागि ३० अर्ब खर्चिने, १६ अर्ब रुपैयाँबराबरको मल किन्ने प्रक्रिया सुरु

भोजराज भण्डारी/नयाँ पत्रिका

आगामी आर्थिक वर्ष ०८१/८२ का लागि कृषि तथा पशुपक्षी विकास मन्त्रालयलाई ५१ अर्ब ८८ करोड ९५ लाख रुपैयाँको बजेट सिलिङ तोकिएको छ । यसमध्ये चालू खर्चमा ४८ अर्ब रुपैयाँ र पुँजीगततर्फ तीन अर्ब ८८ करोड रुपैयाँ छ ।

मन्त्रालयले चालू आव ०८०/८१ मा भने ५८ अर्ब ९८ करोड रुपैयाँको बजेट कार्यान्वयन गरिरहेको छ । यो वर्षको बजेट खर्च भने निराशाजनक छ । मन्त्रालयले चालूतर्फ ४८ प्रतिशत र पुँजीगततर्फ २८ प्रतिशत मात्र खर्चेको छ ।

प्रस्तावित बजेट सिलिङमा रासायनिक मलका लागि सबैभन्दा धेरै ३० अर्ब रुपैयाँ छुट्याउने तयारी भइरहेको मन्त्रालयको प्रवक्ता शवनम शिवाकोटीले जानकारी दिइन् । चालू आर्थिक वर्षको बजेटमा पनि रासायनिक मलमा ३० अर्ब रुपैयाँ विनियोजन गरिएको थियो ।

आगामी आवका लागि छुट्याइने ३० अर्ब रुपैयाँमध्येबाट हालसम्म १६ अर्ब रुपैयाँबराबरको रासायनिक मल खरिदको प्रक्रिया सुरु भइसकेको छ । पत्येक वर्ष बजेट घोषणाअघि नै रासायनिक मल खरिदका लागि अर्थबाट स्रोत सुनिश्चितता लिएर खर्च गर्ने प्रवृत्ति छ । त्यस्तै, मल खरिदका लागि बिनियोजन हुने रकमबाटै यो बर्ष उखु किसानका लागि अपुग भएको ५२ करोड रुपैयाँसमेत भुक्तानी भइसकेको छ ।

आगामी वर्षको बजेटमा कृषि मन्त्रालयबाट ठोस नयाँ योजना भने नराखिने भएको छ । मन्त्रालयका अनुसार चालू आर्थिक वर्षमा छुट्याएका कार्यक्रम र योजना नै दोहोरिनेछन् । मन्त्रालयका योजना शाखा प्रमुखसमेत रहेका सहसचिव राजेन्द्रप्रसाद मिश्रले यसवर्षको बजेटमा नयाँ योजना र कार्यक्रमभन्दा पनि पुरानै योजनालाई समेट्ने तयारी भइरहेको बताए । उनले भने, 'सरकारले ल्याउने भनिएका अधिकांश योजना पूरा भएका छैनन्, त्यसलाई कार्यान्वयन गर्ने गरी कृषिमा बजेट आउने सम्भावना छ ।'

सबैका लागि बैंक
Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक
Global Remit ग्लोबल रेमिट

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले घोषणा गरेका कृषि दशक (०८१ देखि ०९१)लाई सघाउ पुग्ने गरी आगामी वर्षको बजेट तर्जुमाका लागि मन्त्रालय खटिएको उनको भनाई छ । प्रधानमन्त्री प्रचण्डले गत १० पुसमा राष्ट्रको नाममा सम्बोधन गर्दै वर्ष ०८१ देखि ०९१ सम्मलाई कृषि दशक घोषणा गर्ने उद्घोष गरेका थिए । त्यसलाई कार्यान्वयन गर्ने गरी मन्त्रालयले निजी क्षेत्र, कृषि मन्त्रालयमातहतमा रहेका सम्पूर्ण निकायका प्रतिनिधि, प्रदेश र स्थानीय पालिकाहरूसँग छलफल गरेर दस्तावेज निर्माण गरिरहेको जनाएको छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सञ्चालित १६ वटा सुपरजोन, प्रदेश सरकारअन्तर्गत सचालन भइरहेका ६ सय ६० बल्क र स्थानीय तहमा सञ्चालित एक हजार ५३ पकेट क्षेत्रमा विशेष महत्त्वका साथ कार्यक्रम सञ्चालन गर्ने जनाइएको छ । त्यस्तै, कृषिका रैथाने बालिलाई यो दशकमा पहिलो प्राथमिकतामा राखिने, परम्परागत र प्राकृतिक तथा पोषणयुक्त रैथाने खाद्यान्न बालीको बिउ संरक्षण गरी खेती विस्तार गरिने, जुम्लाको मार्सी धान, पाल्पा र सल्यानको अदुवा, गुल्मीको कफी, मुस्ताङको आलुलगायत उत्पादनको ब्रान्डिङ र बजारीकरणलाई प्राथमिकतामा राखेर कृषि दशकको योजना निर्माण गरिरहेको मन्त्रालयले जनाएको छ ।

धितोपत्र बोर्डको अध्यक्ष छनोट प्रक्रिया अन्योलमा

नयाँ पत्रिका

नेपाल धितोपत्र बोर्डको अध्यक्ष छनोट प्रक्रिया रोकिएको छ । 'सर्टलिस्ट'मा परेका पाँचजना उम्मेदवारलाई बिहीबार व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण र अन्तरवार्ताका लागि समय निर्धारण भएको थियो, तर अर्थमन्त्री वर्षमान पुनको निर्देशनले रोकिएको छ ।

छनोट समितिले कृष्णबहादुर कार्की, डा. नवराज अधिकारी, सन्तोष नारायण श्रेष्ठ, चिरञ्जिबी चापागाईं र मुक्ति श्रेष्ठको नाम सर्टलिस्ट गरेको छ । कार्की नेपाल स्टक एक्सचेन्जका प्रमुख कार्यकारी अधिकृत हुन् । त्यस्तै, अधिकारी र श्रेष्ठ धितोपत्र बोर्डका कार्यकारी निर्देशक हुन् भने चापागाईं तत्कालीन बिमा समितिका अध्यक्ष हुन् । मन्त्रालय स्रोतका अनुसार सर्टलिस्टमा रहेका उम्मेदवार विभिन्न व्यवसायीनिकट रहेको भन्दै तत्काललाई अर्थमन्त्री पुनले छनोट प्रक्रिया रोकेका हुन् ।

छनोट प्रक्रिया अघि बढाएपछि अन्तिम समयमा आएर रोकिनुलाई गम्भीर रूपमा लिनुपर्ने अर्थ मन्त्रालयमा पूर्वसचिव गोपी मैनालीले बताए ।

अध्यक्ष पदका लागि छनोट भएका पाँचजनाको बिहीबार व्यावसायिक कार्ययोजना प्रस्तुतीकरण र अन्तर्वार्ता थियो, तर अर्थमन्त्री वर्षमान पुनको निर्देशनले रोकिएको छ ।

सरकारले १५ फागुनमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. मीनबहादुर श्रेष्ठको संयोजकत्वमा अर्थसचिव कृष्णहरी पुष्कर र शंकरदेव क्याम्पसका प्राध्यापक उदय निरौला सदस्य रहेको छनोट समिति गठन गरेको थियो ।

कर्णालीमा पहिलोपटक चिया र कफीखेतीको अध्ययन

सल्यानमा **दीपक शर्मा**

कर्णाली प्रदेशमा पहिलोपटक चिया तथा कफी खेतीका लागि सम्भाव्यता अध्ययन गरिएको छ । कर्णाली प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको आयोजनामा सल्यानमा चिया तथा खेतीका लागि पहिलोपटक सम्भाव्यता अध्ययन गरिएको हो ।

चिया तथा कफी विकास कार्यालय प्युठान कार्यालय प्रमुख चन्द्रप्रकाश बस्नेतसहितको विज्ञ टोलीले सल्यानको वनगाड कुपिन्डे नगरपालिका-७ को मैदुपोखरी, वडा नं ८ को कुपिन्डे र अधेरी र वडा नं ११ को लछुहालेमा चिया तथा कफी खेतीका लागि स्थलगत सम्भाव्यता अध्ययन गरेको छ ।



कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष ०८०/८१ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार कर्णाली प्रदेशमा चिया तथा कफी खेती व्यवसायका लागि नीति अवलम्बन गरिएको कर्णाली प्रदेश सरकार भूमि व्यवस्था कृषिमन्त्री भीमप्रकाश शर्माले बताए ।

कर्णाली प्रदेशमा चिया तथा कफी खेती विकासका लागि आगामी वर्षमा कार्यालय स्थापनाका लागि राष्ट्रिय चिया तथा कफी विकास कार्यालयमा प्रस्तावसमेत गरिसकिएको उनको भनाइ छ । 'अहिले पहिलोपटक सल्यान जिल्लाबाट चिया तथा कफी खेतीका लागि सम्भाव्यता अध्ययन थालिएको छ,' उनले भने, 'प्रदेशका बाँकी जिल्लाहरू दैलेख, सुर्खेत, जाजरकोट र रुकुम पश्चिममा सम्भाव्यता अध्ययन गरिनेछ ।'

विज्ञसहितको टोलीले सल्यानमा चिया तथा कफी खेतीका लागि गरिएको सम्भाव्यता अध्ययनमा चिया तथा कफी खेतीका लागि माटो पूर्ण रूपमा स्वस्थ रहेको कफी खेतीका लागि पूर्वतयारीको अवस्था राम्रो भएको प्रमुख बस्नेतको भनाइ छ । अध्ययनबाट सुक्खा मौसममा सिँचाइको समस्या रहेको र वैकल्पिक उपाय खोज्न सुझावसमेत दिएको छ ।

आर्थिक वर्ष सकिनै लाग्दा ७० करोडका योजना थप

मकवानपुरमा **पोष्टराज अधिकारी**

चालू आर्थिक वर्ष ०८०/८१ को अन्तिम तीन महिनामा कार्यान्वयन गर्ने गरी बागमती प्रदेशले ७० करोड रुपैयाँबराबरको चार सय ३७ योजना थप गरेको छ ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको उपसचिव लक्ष्मी रिमालले थपिएका योजना पाँच लाखदेखि ५० हजार रुपैयाँसम्मका रहेको जानकारी दिए । उनका अनुसार विविध शीर्षकको रकमबाट खर्च हुने गरी योजना छनोट गरिएको हो । 'थप भएका योजनालाई विविध शीर्षकको बजेट रकमबाट खर्च गर्ने तयारी भएको छ । बजेट सूचना प्रणालीमा योजना थपिएपछि मात्रै अर्थ मन्त्रालयले बजेट उपलब्ध गराउँछ,' उनले भने ।

उपसचिव रिमालका अनुसार थपिएका योजना भौतिक पूर्वाधार विकास मन्त्रालय, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालय, पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय, सामाजिक विकास मन्त्रालय र वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित रहेका छन् । थपिएका योजनामध्ये ३२ करोडका योजना पूर्वाधार मन्त्रालयअन्तर्गत छन् । पूर्वाधारका १६३ वटा योजना १३ वटा कार्यालयबाट कार्यान्वयन गर्ने गरी ३२ करोडको योजना थप गरिएको हो ।

भौतिक मन्त्रालयअन्तर्गत कुलो, मन्दिर, भवन, कल्भर्ट, आर्यघाटदेखि सडक निर्माण तथा मर्मतसम्मका योजनाहरू छन् । यस्तै खानेपानी ऊर्जा तथा सिंचाइमा खानेपानीका योजना, तरकारी बजार व्यवस्थापन, पहिरो नियन्त्रण, ढल व्यवस्थापनसम्बन्धी छन् भने पर्यटन मन्त्रालयमा संस्कृति तथा पर्यटकीय क्षेत्रको सम्भाव्यता अध्ययन, मन्दिर संरक्षण, गुठी, पाटी, सत्तल, विहारको निर्माण तथा स्तरोन्नति, बालउद्यानपार्क निर्माण गर्ने लगायतका योजना छन् ।



यसैगरी सामाजिक विकास मन्त्रालय अन्तर्गत विभिन्न लक्षित समूदायका लागी तालिम, जनचेतनामूलक कार्यक्रम, गोष्ठी, सेमिनारलगायत समावेश छन् भने विद्यालय, सभाहल, शौचालय, खेलकुदका पूर्वाधार निर्माण जस्ता योजना थपिएका छन् ।

यस्तै, वन तथा वातावरण मन्त्रालयअन्तर्गत नदी नियन्त्रण तथा तारजाली, शिवपुरी जंगल सफारीका लागि सम्भाव्यता अध्ययन, रानीवनमा टुरिजम पार्क बनाउनेलगायतका योजना छन् ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले १२ र २० चैतमा थपिएका योजना प्रदेश सरकारको बजेट सूचना प्रणालीमा प्रविष्ट गर्न पत्राचार गरिसकेको छ । योजना प्रविष्ट भएपछि मन्त्रालयले माग गरेको बजेट आर्थिक मामिला मन्त्रालयले उपलब्ध गराउने उपसचिव रिमालले बताए ।

उनका अनुसार आर्थिक मामिला मन्त्रालयसँग अर्थ विविध शीर्षकमा चार अर्ब २६ करोड ५० लाख तीन हजार ८५ रुपैयाँ बजेट रहेको र सोही बजेटबाट थपिएका योजनाका लागि रकम उपलब्ध हुनेछ ।

१७ फागुनमा विपक्षीहरूसँगको सहमति कार्यान्वयनका लागि गठन गरिएको संसदीय विशेष समितिले २९ फागुनमा सभामुखलाई प्रतिवेदन बुझाउँदै विपक्षीका मागअनुसार थपिएका आयोजनामा प्रस्ताव गरिएको बजेट अर्थ विविध वा अन्य शीर्षकअन्तर्गतको पुँजीगततर्फको विनियोजित रकमबाट रकमान्तर गर्न सुझाव दिएको थियो । सोही सुझावअनुसार प्रदेश सभा बैठकले सरकारलाई समितिको सुझाव कार्यान्वयन गर्न निर्देशन दिएपछि योजना थपिएको हो ।

भौतिक मन्त्रालयका सचिव अमृत श्रेष्ठले टुक्रे योजना भएकाले धेरै कार्यालयमा बाँडिने र एकै ठाउँमा चाप कम पर्ने भएकाले छोटो समयमा कार्यान्वयन गर्न सजिलो हुने बताए । उनले अन्तिम समयमा योजना थप भएकाले बढी जनशक्ति लगाएर दबाबमा काम गर्नुपर्ने पनि बताए ।

'प्रदेश सभाबाटै निर्देशन आएकाले कार्यान्वयन गर्न मन्त्रालय तयार छ । आर्थिक वर्षको अन्तिममा आएर थपिएका योजनामा काम गर्न सहज त हुँदैन, तर संसद्को निर्देशन सरकारले मान्ने र सरकारको निर्देशन हामीले मान्ने हो । काम त गर्नैपर्छ,' सचिव श्रेष्ठले भने ।

■ **भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव अमृत श्रेष्ठ भन्छन्-**



प्रदेश सभाबाटै निर्देशन आएकाले कार्यान्वयन गर्न मन्त्रालय तयार छ । आर्थिक वर्षको अन्तिममा आएर थपिएका योजनामा काम गर्न सहज त हुँदैन, तर संसद्को निर्देशन सरकारले मान्ने र सरकारको निर्देशन हामीले मान्ने हो । काम त गर्नैपर्छ ।

फोनपेले गऱ्यो इसेवा र होटेल संघसँग सम्झौता

काठमाडौं/ भारतीय फिनटेक कम्पनी फोन पेले होटेल संघ नेपाल र इसेवासँग साझेदारी गरेको छ। कम्पनीले फोन पे नेटवर्कमा युपिआईको प्रयोग बढाउने उद्देश्यले नयाँ वर्षको उपलक्ष्यमा अप्रिल ११ देखि अप्रिल १४ सम्म हुन गइरहेको फेवा महोत्सवमा होटेल संघ नेपालसँग साझेदारीको घोषणा गरेको हो।



यो साझेदारीमार्फत फेवा महोत्सव नेपालभरिका आन्तरिक पर्यटकमाझ मात्र नभएर भारतीय पर्यटकमाझ पनि उत्तिकै लोकप्रिय रहेको पाइन्छ। परम्परागत नेपाली तथा अन्तर्राष्ट्रिय परिकार, स्थानीय तथा अन्तर्राष्ट्रिय कलाकारको संगीत प्रस्तुति, परम्परागत नेपाली नृत्य तथा संगीत प्रस्तुति, कला प्रदर्शनी र कार्यशालालगायतका सांस्कृतिक प्रस्तुतिको साथमा फेवा महोत्सवले नेपाली संस्कृति र स्थानीय खानाको स्वादको अनुभव लिने अनुपम अवसर प्रदान गर्दछ।

यो साझेदारीले फेवा नयाँ वर्ष महोत्सवमा ग्राहकलाई डिजिटल भुक्तानीमा सहजता हुने कम्पनीले जनाएको छ। साथै, कम्पनीले स्थानीय व्यापारीहरूबीच डिजिटल भुक्तानीका बारेमा चेतना जगाउने उद्देश्यले थुप्रै गतिविधि गर्ने बताएको छ। डिजिटल ब्रान्डिङ, भुक्तानी सेवा प्रयोग गर्ने तरिका तथा युपिआईमार्फत भुक्तानी सेवामा सहजता देखाउने उद्देश्यसहित अन्य गतिविधिका लागि इसेवा र भारतीय फोनपेले होटेल संघ पोखराको सहकार्यमा गर्न लागेको हो। महोत्सवमा तीन हजारभन्दा बढी व्यापारी सहभागी हुनुका साथै एक लाखभन्दा बढी आन्तरिक तथा अन्तराष्ट्रिय पर्यटकहरूले सहभागिता जनाउने अपेक्षा गरिएको छ।

फोनेपे इन्टरनेसनल पेमेन्टका प्रमुख कार्यकारी निर्देशक रितेश पाईले फेवा नयाँ वर्ष महोत्सवमा इसेवा र होटेल संघ नेपालसंग साझेदारी गरी नेपालमा युपिआई प्रणालीलाई लोकप्रिय बनाउन पाउँदा उत्साहित भएको बताए। 'पोखरा जस्तो सुन्दर ठाउँको सङ्गीत, खाना र संस्कृतिको अनुभव गर्न हरेक वर्ष भारतबाट थुप्रै पर्यटक नेपाल आउँछन्। त्यसैले हाम्रो फोकस नेपालमा फोनपे नेटवर्कमा युपिआईको स्थान सुनिश्चित गर्न व्यापारीहरूलाई सचेतना र जागरुकता सिर्जना गर्नमा केन्द्रित हुनेछ,' उनले भने, 'यो साझेदारीले नेपालको डिजिटल परिदृश्यमा परिवर्तन ल्याउनुका साथै भारतीय एजयलभएभ प्रयोगकर्ताहरूले जुनसुकै स्थानमा आफ्नो आवश्यकताअनुसार सहजै लेनदेन गर्न सक्नेछन्।'

साथै, इसेवाका प्रमुख कार्यकारी निर्देशक जगदीश खड्काले फेवा नयाँ वर्ष महोत्सवका लागि फोनपे र होटेल संघ नेपालको साझेदारी नेपालमा डिजिटल भुक्तानीलाई थप प्रवर्द्धन गर्ने सुनौलो अवसर रहेको बताए। नेपाली पर्यटनका लागि भारतीय पर्यटक प्रमुख आधार भएकाले यो कदमले भारतीय पाहुनाको आवश्यकता पूरा हुन सहज हुने बताए।

सिद्धार्थ बैंकको पर्यटन प्रवर्द्धनलक्षित नयाँ वर्षको क्यालेन्डर

काठमाडौं/ सिद्धार्थ बैंक लिमिटेडले नयाँ वर्षको क्यालेन्डर सार्वजनिक गरेको छ। नेपालको पर्यटनमा सहयोग पुऱ्याउने उद्देश्यसहित बैंकले क्यालेन्डर सार्वजनिक गरेको हो।

क्यालेन्डरको मुख्य विषयवस्तु भनेको 'नेपालका कम परिचित पर्यटकीय गन्तव्यको प्रवर्द्धन'का साथै ती गन्तव्यमा जिम्मेवारपूर्वक अन्वेषण गर्नु रहेको बैंकले जनाएको छ।

बैंकले यस क्यालेन्डरको माध्यमबाट नेपालको सातै प्रदेशमा रहेका कम परिचित, तर आकर्षक पर्यटकीयस्थलको प्रवर्द्धन गर्ने प्रयास गरेको बताइएको छ। क्यालेन्डरमा सोलुखुम्बु जिल्लामा अवस्थित दुधकुण्ड, पर्सा जिल्लाको घडीअर्वा पोखरी, दोलखाको सैलुङ र छोरोल्पा ताल, सिन्धुपाल्चोकको पाँचपोखरी समेटिएका छन्। त्यस्तै, लमजुङको भुजुङ गाउँ, मनाङको नारफु उपत्यका, पूर्वी रुकुमको टकसेरा गाउँ, सल्यानको कुपिन्डे ताल पनि क्यालेन्डरमा समेटिएको बैंकले जनाएको छ। यसबाहेक उपल्लो डोल्पा, बाजुराको बडिमालिका र कञ्चनपुर जिल्लामा अवस्थित शुक्लाफाँटा राष्ट्रिय निकुञ्जजस्ता पर्यटकीय गन्तव्य समावेश भएका छन्।

नेक्सजेन म्यानेजमेन्टको 'युवा नवप्रवर्द्धक भेला'

काठमाडौं/ नेक्सजेन म्यानेजमेन्टले युवा नवप्रवर्द्धकको भेला गर्ने भएको छ। नयाँ वर्ष ०८१ को उपलक्ष्यमा काठमाडौंको बानेश्वरमा बिजनेस सेन्टरमा कार्यक्रम आयोजना गर्न लागिएको बताइएको हो।

बर्सेनि दसौं लाख युवा रोजगारीको खोजीमा विदेश पलायन भइरहेका र देशमै सानो पुँजीमा गर्न सकिने थुप्रै काम भएकाले युवालाई प्रेरित गर्न यो कार्यक्रम गर्न लागिएको नेक्सजेनका अध्यक्ष रमेशकुमार भट्टराईले बताए। 'सरकारी निकायको भर्ँै भर्मेला तथा बैंक वित्तीय संस्थाबाट सही सल्लाह र सजिलै कर्जा नपाउँदा देशमा काम गर्ने वातावरण बन्न सकिरहेको छैन,' उनले भने, 'त्यसैले सीप, जाँगर र चाहना हुँदाहुँदै पनि बाध्य भएर युवाहरूको रोजाइ विदेश हुन गइरहेको छ।'

यस्तो प्रतिकूल अवस्थामा युवालाई प्रेरित गर्न र उद्योग-व्यवसाय गर्ने वातावरण बनाउने गरी नेक्सजेन म्यानेजमेन्टले युवा नवप्रवर्द्धकको भेला गर्ने उनको भनाइ छ।

हकदाबी सम्बन्धी ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/१२/२९

संस्था दर्ता ऐन २०३४ को दफा (४) बमोजिम जिल्ला प्रशासन कार्यालय काठमाडौंमा मिति २०६३/०८/११ गते दर्ता भएको दर्ता नं. ५५९ को स्वास्थ्य तथा विकास सरोकार समुहको मिति २०८० भाद्र १५ गतेको ११औं वार्षिक साधारणसभाको विशेष निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ बमोजिम स्वच्छीक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

लिक्विडेटर : खड्ग प्रसाद अधिकारी ईजाजत ख १२१०
ठेगाना : शंखमुल रोड नयाँ बानेश्वर, फोन : ९८४१४२८४५२

Global IME Bank Limited
INVITATION FOR EXPRESSION OF INTEREST

Global IME Bank Limited invites Expression of Interest (EOI) from interested competent Firms/Company for Generative AI-based Debt Collection Solution. This solution aims to enhance debt collection efforts by facilitating personalized borrower interactions, identifying delinquency patterns, and recommending effective collection strategies.

1. Interested Firms/Companies can obtain EOI Document free of cost from Bank's General Services Department, Corporate Office, Kamaladi. No fee will be charged for EOI submission.
2. A complete set of EOI Documents can also be shared via email upon request to gsd@gibl.com.np with subject line "Request for EOI Document"
3. EOI document along with copy of other supporting documents must be addressed to General Services Department and submitted in person within the close of business hours on 20th April, 2024.
4. Global IME Bank reserves ultimate right to accept/reject EOI and will not disclose any reason whatsoever.
5. For details, please scan the QR.

Scan QR code

Global IME Bank ग्लोबल आइएमई बैंक लि. सबैका लागि बैंक

Registered/Corporate Office
Tel: 01-5328671/5326347
Global Connect: 01-5970600
[ICRANP-IR] A Rated

नेपालमै पहिलो 'सावर बन्जी' सुरु हुँदै



काठमाडौं/ पोखरामा हाइग्राउन्ड एडभेन्चर्सले नेपालमै पहिलोपटक सावर बन्जी सुरु गर्ने भएको छ। बन्जीमा हामफाल्दा पानीको फोहोराको मजा लिन पाइनेछ।

हेम्जामा सञ्चालन गरिरहेको बन्जीमा ५० लाख लगानी थपेर फरक स्वाद पस्कने योजनाले सावर बन्जीको अवधारणा ल्याइएको हाइग्राउन्ड एडभेन्चर्स नेपाल प्रालिका प्रबन्ध निर्देशक दिनेश महर्जनले बताए।

'विश्वकै दोस्रो र नेपालकै पहिलो सावर बन्जी सुरु गराउन पाउँदा हामी एकदमै एक्साइटेड छौं,' महर्जनले भने। 'जम्मा ६ हजार पाँच सयमा फोटो, भिडियो र टिसर्टसहित बन्जी बुक गर्न सकिनेछ जसमा सर्टिफिकेट र लेकसाइडदेखि हेम्जासम्मको दुइतर्फी यातायातसमेत पाइन्छ।'

सावर बन्जी विश्वमै अनौठो प्रोडक्ट हो। यसले पर्यटकीय राजधानीको क्रेज अझ बढाउनेमा दुई मत छैन।

युरोपेली एडभेन्चर कम्पनी 'बन्जी लाट्भिया'सँगको सहकार्यमा २०१४ नोभेम्बर १७ मा बन्जी जम्प सुरु गरिएको थियो। क्यान्टिलिभर ब्रिजको मोडेलमा बनाइएको यो नेपालकै पहिलो टावर बन्जी पनि हो। जोडीले अँगालो मारेर गर्ने टेन्डम बन्जी पनि नेपालमा हाइग्राउन्डले नै सुरु गरेको हो।

कम्पनीमा शरद गोल्छा, भरत गोल्छा, अभिनव चुरिवाल, साइनी खेतान र दिनेश महर्जनको लगानी रहेको छ।

'सिआइटी स्मार्ट मोबाइल एप' सञ्चालनमा

काठमाडौं/ नागरिक लगानी कोषले नयाँ मोबाइल एप सञ्चालनमा ल्याएको छ। कोषले 'सिआइटी स्मार्ट मोबाइल एप' सञ्चालनमा ल्याएको हो। यसअघि एन्ड्रोइडमा मात्रै रहेको यो एप अब एन्ड्रोइड तथा आइओएस दुवै भर्सनमा हेर्न सकिने बताइएको छ। कोषले सहभागीहरूलाई सहजता प्रदान गर्न परिष्कृत मोबाइल एप सञ्चालनमा ल्याएको जनाएको छ।

कोषका अनुसार नयाँ एपसँगै पुरानो मोबाइल एपमा दर्ता भएका सहभागीहरूको युजर नेम र पासवर्ड परिवर्तन भएको छ। परिवर्तित युजर नेम र पासवर्ड सबै पुराना एप प्रयोगकर्ताको मोबाइलमा एसएमएसमार्फत जानकारी गराएको कोषले जनाएको। त्यसैगरी, इ-सर्भिसमा दर्ता भएका सहभागीहरूलाई स्वतः नयाँ मोबाइल एपमा आबद्धता गराइएको पनि कोषले जनाएको छ। इ-सर्भिस पोर्टलकै युजर नेम र पासवर्ड मोबाइल एपमा लगइन गर्न सक्ने व्यवस्था कोषले गरेको छ।

Nepal Investment Mega Bank Limited Invites Sealed Bid Quotation for procurement of Visa Contactless Debit Cards

Nepal Investment Mega Bank Limited invites sealed proposals from experienced and reputed companies for procurement of Bank Visa Contactless Debit Cards.

Terms and Conditions:

- A copy of Firm/Companies Registration, VAT/PAN and Tax Clearance Certificate to be submitted along with the technical proposal.
- The bidder should be registered in Nepal or outside of Nepal. The bidder from outside Nepal should have local support in Nepal.
- Experience letter of supply works carried out in at least one Commercial Bank.
- Bidder must be able to provide Certified Card Profile from Visa and Master Card International for the personalization.
- A complete set of Request for Proposal (RFP) document with details of work to be carried out can be purchased on payment of NPR 10,000/- (non-refundable) in Account Number 001093701001 (A/C Payable Sundry Creditor Miscellaneous) for the submission of proposal by companies or on behalf of their Principal/Local Authorized partner.
- The bidders have to submit Bid Bond Guarantee issued by an "A" Class Commercial Bank of Nepal with minimum amount being 5% of the total bid value and valid for minimum 90 days.
- Bid document should be submitted in a sealed envelope addressing General Service Department, Nepal Investment Mega Bank Nepal Limited, Durbar Marg, Kathmandu latest by 25th April, 2024 by 5:30 P.M.
- In case the last date of submission is declared a public holiday, the sealed -bid can be submitted on the next working day. Bid documents sent through courier/mail/fax will neither be accepted nor will they be returned to the sender.

The Bank reserves the right to accept or reject any or all bids without assigning any reason whatsoever.

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

Nepal Investment Mega Bank Limited,
Durbarmarg, Kathmandu.
Phone No. 01- 5342530/01-5328229

लमजुङ भ्रमण वर्षको तयारी तीव्र

लमजुङ/ लमजुङमा भ्रमण वर्ष ०८१ को तयारी तीव्र पारिएको छ। पर्यटन प्रवर्द्धनका लागि आगामी वर्ष ०८१ लाई लमजुङ भ्रमण वर्षका रूपमा मनाउने तयारी गरिएको हो। भ्रमण वर्ष ०८१ सफल बनाउन मंगलबार बैंसीसहरमा कार्यशाला गोष्ठी सम्पन्न भएको छ।

लमजुङ उद्योग वाणिज्य संघको आयोजनामा आयोजित उक्त कार्यशाला गोष्ठीमा लमजुङ जिल्लाका ऐतिहासिक, धार्मिक, परातात्त्विक महत्त्वका विषयलाई बृहत् अध्ययन गर्न, कृषि पकेट क्षेत्र घोषणा गर्न, खेल, स्वास्थ्य, शिक्षा, साहित्यलाई पर्यटनसँग जोडेर परिणाममुखी बनाउन सरोकारवालाको जोड रहेको थियो। लमजुङ उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष राजेश थापाले लमजुङ भ्रमण वर्षको अवधारणापत्र वाचन गरेका थिए।

भ्रमण वर्षले कृषिमा व्यवसायीकरण, पर्यटन, जलविद्युत् र जडीबुटीको प्रवर्द्धन गर्नुपर्ने, सांस्कृतिक तथा ऐतिहासिक पक्षको यथार्थ र वस्तुसंगत तथ्यमा आधारित विषय प्रकाश गर्नुपर्ने भन्दै सहभागीले अवधारणापत्रमाथि टिप्पणी गरेका छन्।

भ्रमण वर्ष भव्यतापूर्वक सम्पन्न गर्नका लागि प्रत्येक पालिकाबाट एकजनाको प्रतिनिधित्व रहने गरी समिति निर्माण गरिने भएको छ।

त्यस्तै, प्रत्येक पालिकामा पनि पालिकास्तरीय भ्रमण वर्ष समिति बनाइने भएको छ।

नबिल बैंक लिमिटेड, गुसिङ्गाल शाखा, ललितपुरको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/१२/०७)
(दोश्रो पटक प्रकाशित मितिः २०८०/१२/२९)

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गारिँदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८०/१०/२८ को **कारोबार राष्ट्रिय दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्यौंट नगरेको हुनाले ऋणी/धितोदाताहरुले यस बैंकलाई लेखिँदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरी मिति २०८०/१२/०७ मा नयाँ पत्रिका राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मिति भित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्ने न्युनतम गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले/बोलपत्र पर्न नआएकोले पुनः दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ। प्रथम पटक प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रहरुलाई यथावत राखि दोश्रो पटक प्रकाशित सूचना अनुसार माग गरिएको गोप्य शिलबन्दी बोलपत्रमा समावेश गरिनेछ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको सात (७) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **गुसिङ्गाल शाखा, ललितपुर**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणीहरु तथा जमानत गरिँदिने व्यक्तिले लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिकीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ , सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा अवगत गराईन्छ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

परासर कट्टेलको नाति पुष्प लाल कट्टेलको छोरा मोरंग जिल्ला मधुमल्ला गा.वि.स वडा नं. ५ स्थायी घर भई हाल भक्तपुर जिल्ला चाँगुनारायण न.पा वडा नं.१३ बस्ने,ना.प्र.नं. १७४५ (जारी मितिः २०४३/०८/०६, स्थान मोरङ) भएका **श्री होमनाथ कट्टेल।**

व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण

१. भक्तबहादुर जी.सी. घर्ती क्षेत्रीको छोरी पुष्प लाल कट्टेलको बुहारी होमनाथ कट्टेलको श्रीमती सिन्धुपाल्चोक जिल्ला पांग्रेटार गा.वि.स वडा नं. ६ स्थायी घर भई हाल भक्तपुर जिल्ला चाँगुनारायण न.पा वडा नं.१३ बस्ने ना.प्र.नं. ६०८/५८७०२ (जारी मितिः २०४८/०९/२२, स्थान सिन्धुपाल्चोक) ठेगाना भएकी **श्रीमती शारदा जी.सी.।**
२. पुष्प लाल कट्टेलको नाति होमनाथ कट्टेलको छोरा भक्तपुर जिल्ला चाँगुनारायण न.पा वडा नं.१३ बस्ने,ना.प्र.नं. २९-०१-७३-०३८८९ (जारी मितिः २०७३/०८/२२, स्थान भक्तपुर) भएका **श्री किसन कट्टेल।**

धितोको विवरण

मोरंग जिल्ला मधुमल्ला गा.वि.स वडा नं. ५ स्थायी घर भई हाल भक्तपुर जिल्ला चाँगुनारायण न.पा वडा नं.१३ बस्ने **श्री होमनाथ कट्टेल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको भक्तपुर जिल्ला, दुवाकोट गा.वि.स वडा नं. २ सिट नं रख मा अवस्थित कि.नं. १३३६ क्षेत्रफल ०-३-०-२ रोपनी जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

लिलाम बिक्री सम्बन्धी अन्य शर्तहरु :

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा** वा **गुसिङ्गाल शाखा, ललितपुर**बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र अर्थात मिति २०८१/०१/०६ गते ५:०० बजे भित्र यस बैंकको **गुसिङ्गाल शाखा, ललितपुर** वा **कुनै पनि शाखा**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८१/०१/०७ गते ३:०० बजे बैंकको **गुसिङ्गाल शाखा, ललितपुर**मा उपस्थित प्रतिनिधि र/वा सर कारी निकायका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोल कबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी बापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदातालै बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगर्दै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीबापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै ब्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलामबिक्री गरिने सम्पत्तिको बारेमा थपजानकारी आवश्यक परेमा यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **गुसिङ्गाल शाखा, ललितपुर**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ४२२७१८१

नेपाल सरकार
शहरी विकास मन्त्रालय
स्थानीय पूर्वाधार विभाग
उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम
कार्यक्रम समन्वय एकाइ
श्रीमहल, पुल्चोक, ललितपुर

आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रकाशित मिति २०८०।१२।२९

उच्च पहाडी एवम् हिमाली क्षेत्रका मानव विकास सूचकाङ्कमा तुलनात्मक रुपमा पछाडि परेका स्थानीय तहमा भौतिक पूर्वाधार विकास एवम् जीविकोपार्जन सुधारका कार्यक्रमहरु सञ्चालन गरी स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यका साथ सुदूर-पश्चिम र कर्णाली प्रदेशका उच्च पहाडी एवम् हिमाली क्षेत्रका ११ जिल्लाका ८६ वटा स्थानीय तहहरुमा "उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम" लागू भएको छ। कार्यक्रम संचालनका लागि स्वीकृत कार्यविधि, २०८० को प्रावधान अनुसार आयोजना सञ्चालन गर्न इच्छुक, कार्यविधिको अनुसूची-१ मा उल्लिखित उच्च पहाडी एवम् हिमाली क्षेत्रका जिल्लाका स्थानीय तह (नगरपालिका तथा गाउँपालिका) ले कार्यविधिको अनुसूची-२ बमोजिमको फाराम भरी आयोजना प्रस्ताव गरी २०८१ वैशाख १५ गतेभित्र उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम, कार्यक्रम समन्वय एकाइ, पुल्चोक, ललितपुरमा पठाउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

आयोजना प्रस्ताव पेश गर्दा ध्यान दिनुपर्ने विषयहरु:

आ.व. २०८०/८१ को लागि स्थानीय तहले आयोजना माग गर्दा आयोजनाको प्राथमिकताक्रम तोकी कार्यविधिको दफा ८ को उपदफा (१) र उपदफा (३) बमोजिमको विवरण खुलाई पेश गर्नुपर्नेछ।

१. कार्यविधिको दफा ७ को उपदफा (२) मा उल्लेखित क्षेत्रहरु (स्थानीय सडक स्तरोन्नति, कृषि विकास, खानेपानी तथा सरसफाइ, ऊर्जा र विपद् जोखिम न्यूनीकरण पूर्वाधार) मा स्थानीय तहले दफा ५ (१) बमोजिम न्यूनतम दश प्रतिशत लागत सहभागिता व्यहोर्ने प्रतिबद्धता सहित आयोजना माग गर्नुपर्नेछ।
२. आयोजना माग गर्दा संघ, प्रदेश वा अन्य सरकारी वा गैरसरकारी निकायबाट सञ्चालित समान प्रकृतिका आयोजनासँग दोहोरो नहुने गरी माग गर्नुपर्नेछ।
३. आयोजना माग सम्बन्धी विवरण कार्यक्रम समन्वय एकाइको इमेल ठेगानाः himap.program@gmail.com मा पठाउनु पर्नेछ।
४. कार्यक्रम सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यक्रम समन्वय एकाइ, श्रीमहल, पुल्चोक, ललितपुरमा सम्पर्क (फोन नं.- ०१-५४२१०२१, ०१-५५४३१९७ मा) राख्न सकिने छ।
५. "उच्च पहाडी एवम् हिमाली क्षेत्र समृद्धि कार्यक्रम सञ्चालन कार्यविधि, २०८०" विभागको वेबसाइट www.doli.gov.np मा प्राप्त गर्न सकिने छ।

बिहीबार २९ चैत ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

■ जितपुरसिमरा गोल्डकप

आयोजक नव जनजागृतिलाई हराउँदै पुलिस सेमिफाइनलमा



नेपाल पुलिस क्लबविरुद्ध बल अगाडि बढाउँदै नव जनजागृति युवा क्लबका खेलाडी (सेतो)

बारामा **इन्दीप कोइराला**

आयोजक नव जनजागृति युवा क्लब सिमरालाई २-१ ले पराजित गर्दै विभागीय टोली नेपाल पुलिस क्लब १४औँ जितपुरसिमरा गोल्डकपको सेमिफाइनलमा प्रवेश गरेको छ। बुधबार राति सिमरा रंगशालामा भएको क्वार्टरफाइनलमा पुलिसलाई जित दिलाउन दुवै गोल म्यान अफ दी म्याच उज्ज्वल राईले गरेका थिए। आयोजकका लागि मोहित गुरुङले पेनाल्टीबाट एक गोल फर्काएका थिए। प्रतियोगिताअन्तर्गत बिहीबार विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफ क्लब र फ्रेन्ड्स क्लबबीच प्रतिस्पर्धा हुनेछ।

पुलिसको अग्रता

खेलको तेस्रो मिनेटमै आयोजकविरुद्ध पुलिसले अग्रता बनाएको थियो। आयोजकको समर्थनमा आठ हजारभन्दा धेरै समर्थक मैदानमा उपस्थित भएका थिए। दायाँ भागबाट सुजन मगरले मिलाएको पासलाई उज्ज्वलले सदुपयोग गरेका हुन्। दबाबमा परेको आयोजक खेलको पाँचौँ मिनेटमा पेनाल्टीमार्फत गोल गर्दै खेलमा फर्कियो। पुलिसका नीरज खड्काले मोहित गुरुङलाई बक्सभित्र लडाएपछि फिफा रेफ्री प्रज्वल क्षेत्रीले आयोजकलाई पेनाल्टी अवसर दिएका थिए। खेलको १९औँ मिनेटमा उज्ज्वलले नै गोल गोल गरे। पहिलो हाफमै तीन गोल हुँदा दोस्रो हाफमा कुनै गोल हुन सकेन। दुवै टोलीले केही अवसर बनाए पनि सदुपयोग गर्न सकेनन्।

महिला लिग छनोट सुर्खेतमा

अखिल नेपाल फुटबल संघ (एन्फा)ले कर्णाली खेलकुद विकास परिषद्को आर्थिक सहयोगमा महिला राष्ट्रिय लिग छनोट सुर्खेतमा आयोजना गर्ने भएको छ। आगामी ७ वैशाखदेखि सुर्खेतमा आयोजना हुने राष्ट्रिय महिला लिग छनोटका लागि एन्फाले बुधबार परिषद्सँग सम्झौता गरेको हो। सम्झौताअनुसार सहभागी हुने टोली तथा पदाधिकारीको आवास खर्च परिषद्ले व्यहोर्नेछ। सम्झौतामा एन्फा महासचिव किरण राई र परिषद्का सदस्यसचिव विश्वमित्र सञ्ज्यालले हस्ताक्षर गरेका छन्। हस्ताक्षर कार्यक्रममा एन्फाका केन्द्रीय सदस्य रोविन चन्दलगायत सहभागी थिए। छनोट प्रतियोगितामा सातवटै प्रदेशका टोली सहभागी छन्। यस प्रतियोगिताका शीर्ष तीन टोलीले राष्ट्रिय महिला लिगमा स्थान बनाउनेछन्। राष्ट्रिय लिगका विभागीय तीन टोलीहरू नेपाल पुलिस, त्रिभुवन आर्मी र सशस्त्र प्रहरी बलको एपिएफ क्लब हुनेछन्। यसअघि एन्फाले राष्ट्रिय महिला लिग बीचमै टुंग्याएर शीर्ष स्थानमा रहेको एपिएफलाई च्याम्पियन घोषणा गरेको थियो। यसैबीच कर्णाली प्रदेशको प्रशिक्षकमा पूर्वखेलाडी गणेश खड्का नियुक्त भएका छन्।

आरसी ३२ को लगातार दोस्रो जित

काठमाडौं/ बलियो मानिएको बागमती युवा क्लबलाई ३-० ले हराउँदै सहिद स्मारक 'सी' डिभिजन लिगमा आरसी ३२ फुटबल एकेडेमीले लगातार दोस्रो जित निकालेको छ। बुधबार सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा लगातार दोस्रो जित निकाल्दै आरसी शीर्ष स्थानमा उक्लिएको हो। आरसीलाई जित दिलाउन विवेक सन्तोषीले दुई तथा बबिन बोहराले एक गोल गरे। आरसीले दुई खेलबाट ६ अंक जोडेको छ। पराजित बागमतीको समान खेलबाट ३ अंक छ। पहिलो खेलमा आरसीले खालीबारी एफसीलाई १-० ले हराएको थियो। पहिलो खेलमा सर्लाहीको बागमती क्लबले सानेपा क्लबलाई ३-१ ले हराएको थियो। तर, दोस्रो खेलमा भने बागमती आरसी ३२ विरुद्ध निरीह बन्यो। पहिलो खेलमा बागमतीले सानदार प्रदर्शन गरे पनि त्यसलाई निरन्तरता दिन सकेन।

विवेकको दुई गोल

आरसीको जितमा विवेक सन्तोषीले दुई तथा बबिन बोहराले एक गोल गरे। आरसीले पहिलो हाफमै दुई गोल गरेको थियो। खेलको १०औँ मिनेटमा बबिनको गोलमार्फत आरसीले अग्रता लियो। विवेकले २८औँ मिनेटमा टोलीको अग्रता २-० ले बढाएका हुन्।

६८औँ मिनेटमा विवेकले व्यक्तिगत दोस्रो गोल गर्दै टोलीलाई सहज जित दिलाएका हुन्। राउन्ड रोबिन पद्धतिमा चलिरहेको प्रतियोगितामा १४ टोलीले प्रतिस्पर्धा गरिरहेका छन्। लिगमा कुल ९१ खेल हुनेछन्। आन्तरिक राजनीतिक द्वन्द्वमा फसेको अखिल नेपाल फुटबल संघ (एन्फा)ले दुई वर्षपछि सी डिभिजन लिग आयोजना गरेको हो।

सद्भाव, इदान्त र अवानी शीर्षस्थानमा



नयाँ पत्रिका

नेपाल गल्फ संघद्वारा आयोजित फाल्डो जुनियर टुर नेपाल च्याम्पियनसिपको पहिलो दिन सद्भाव आचार्य, इदान्तसिंह साउद र अवानी राई आ-आफ्नो उमेर समूहमा शीर्षस्थानमा रहेका छन्। रोयल नेपाल गल्फ क्लबमा भएको च्याम्पियनसिपअन्तर्गत पुरुष १७ देखि २१ वर्ष उमेर समूहमा राष्ट्रिय टिमका सदस्य सद्भाव आचार्य ५ अन्डर ६३ को उत्कृष्ट स्कोरसहित शीर्षस्थानमा रहे। उनले संसार विकमाथि १३ स्ट्रोकको फराकिलो अग्रता बनाएका छन्। सद्भावले फ्रन्ट नाइन २ अन्डर ३२ मा सकाए।

पहिलो, दोस्रो, चौथो र नवौँ होलमा एक-एक सट बचाएका थिए। तर, ५ अन्डर पारको तेस्रो होलमा डबल बोगी खेपे। यसपछि ब्याक नाइनमा दर्शौँदेखि १३औँ होलमा लगातार चार बर्डीको सफलता प्राप्त गरे। तर, १८औँ होलमा एक सट खेर फाले र ब्याक नाइन ३ अन्डर ३१ मा पूरा गरेका हुन्। दोस्रो स्थानमा रहेका संसारले ८ अन्डर ओभर ७६ मा पहिलो दिनको खेल सकाउने क्रममा उनले फ्रन्ट नाइन ३ अन्डर ओभर ३७ र ब्याक नाइन ५ अन्डर ओभर ३९ मा सकाए। १० अन्डर ओभर ७८ को स्कोरमा स्वप्नील भट्टराई तेस्रो स्थानमा रहेका छन्।

पुरुषकै १२ देखि १६ वर्ष उमेर समूहमा इदान्तसिंह साउद १६ अन्डर ओभर ८४ सहित सिद्धान्त सापकोटालाई २ स्ट्रोकले पछि पार्दै शीर्षस्थानमा रहेका हुन्। उनले फ्रन्ट नाइन ७ अन्डर ओभर ४१ र ब्याक नाइन ९ अन्डर ओभर ४३ मा पूरा गरे। १८ अन्डर ओभर ८६ को स्कोरमा सिद्धान्त दोस्रो स्थानमा छन्। यसैगरी सोहम अग्रवाल र दीपकबहादुर कामी २१ अन्डर ओभर ८९ सहित संयुक्त रूपमा तेस्रो स्थानमा छन्।

महिला खुलातर्फ अवानी राई २० अन्डर ओभर ८८ सहित शीर्षस्थानमा रहेकी छिन्। उनले आइन्स्टिना टण्डनलाई ५ स्ट्रोकले पछि पारिन्। आइन्स्टिनाले २५ अन्डर ओभर ९३ को स्कोर बनाइन्। ५४ होलको तीनदिने प्रतियोगितामा पुरूषतर्फ २७ र चार महिला गरी कुल ३१ खेलाडीको सहभागिता छ। तीन विधाका विजेता खेलाडीले फाल्डो सिरिज एसिया फाइनल खेल्न पाउनेछन्। प्रतियोगिता सकिएपछि तीन विधाको विजेता खेलाडीको स्कोर संघले फाल्डो फाउन्डेसनलाई पठाउने र त्यसपछि स्पेन वा भियतनाममा नेपालका खेलाडीले देशको प्रतिनिधित्व गर्न पाउनेछन्। प्रतियोगितामा काठमाडौंबाहेक पोखरा, धरान र चितवनका खेलाडीले सहभागिता छ। प्रतियोगिता सन् २०१२ देखि निरन्तर सञ्चालन हुँदै आएको छ।

खेल संक्षेप

पाराओलम्पिक प्रशिक्षणलाई सहयोग

काठमाडौं/ नेसनल पाराओलम्पिक कमिटी (एनपिसी) नेपालले पेरिस- २०२४ पाराओलम्पिक प्रशिक्षण तयारीका लागि नगद सहयोग गरेको छ। एनपिसीका अध्यक्ष राधा घलेले नेपाल तेक्वान्दो संघका उपाध्यक्ष भानबहादुर चन्दलाई दुई लाख १५ हजारको चेक हस्तान्तरण गरेका हुन्। चीनको तायानमा अघिल्लो साता भएको एसियाली ओलम्पिक तथा पाराओलम्पिक छनोट प्रतियोगिताबाट पारा तेक्वान्दो पलेसा गोवर्धन स्वर्णसहित पेरिस- २०२४ पाराओलम्पिकमा छनोट भएकी थिइन्। पलेशा नेपाली खेलकुद इतिहासमा छनोट हुन सफल तेस्रो खेलाडी हुन्। पलेसालाई प्रशिक्षण गर्न आर्थिक सहयोग गरेको एनपिसी नेपालका अध्यक्ष घलेले जानकारी गराइन्। पेलेसाले जापानमा सम्पन्न टोकियो-२०२० पाराओलम्पिक गेम्समा दुई खेल खेलेकी थिइन्। अमेरिका र सर्बियाका खेलाडीलाई हराएर इतिहास कायम गर्न सफल भएकी हुन्।

खेलकुद मन्त्रालय र काठमाडौं विश्वविद्यालयबीच समझदारी

काठमाडौं/ खेलकुद, शिक्षासम्बन्धी शैक्षिक कार्यक्रम विकास गर्ने लक्ष्यसहित बुधबार युवा तथा खेलकुद मन्त्रालय र काठमाडौं विश्वविद्यालयबीच समझदारीपत्रमा हस्ताक्षर भएको छ। खेलकुद मन्त्रालयका तर्फबाट निमित्त सचिव शिवप्रसाद रेग्मी र काठमाडौं विश्वविद्यालयका तर्फबाट उपकुलपति प्रा. भोला थापाले हस्ताक्षर गरे। भविष्यमा खेलकुद विज्ञान, व्यवस्थापन र शिक्षालाई सँगसँगै लैजानका निम्ति साझेदारी गर्ने उद्देश्यले सम्झौतामा हस्ताक्षर भएको मन्त्रालयले बताएको छ। विश्वविद्यालयमा खेलकुद सम्बद्ध अध्ययन तथा अध्यापनका लागि छोटो अवधिको कोर्ससँगै स्नातक, स्नातकोत्तर र विद्यावारिधिका निम्ति समेत सम्भाव्यताको खोजी गर्ने विषयलाई प्राथमिकता दिइएको छ।

बागचौरको विजयी सुरुवात

सल्यान/ सल्यानमा अन्तरपालिकास्तरीय शारदा मेयर टी-२० कप क्रिकेट प्रतियोगिता सुरु भएको छ। पहिलो दिन समूह 'ए'मा रहेको बागचौर नगरपालिकाले कपुरकोट गाउँपालिकालाई ७० रनले पराजित गर्दै ३ अंक जोड्यो। टस जितेर ब्याटिङ गरेको बागचौरले ९ विकेटको क्षतिमा १५४ रनको लक्ष्य प्रस्तुत गऱ्यो। प्रत्युत्तरमा कपुरकोटले १८.३ आभेरमा सबै विकेट गुमाउँदा ८३ रन मात्र बनाउन सक्यो। बागचौरका भुवन वलीले १० रन खर्चिएर तीन विकेट लिए। बुधबारबाट सुरु भएको प्रतियोगिता ३ वैशाखसम्म हुनेछ।

ढोलाहिटी र हेटौंडा भिड्ने

कास्की/ दोस्रो एबिसी ४५ प्लस एट ए साइड भेट्रान्स फुटबल प्रतियोगिताको उपाधिका लागि ढोलाहिटी फ्रिडम र हेटौंडा भेट्रान्स भिड्ने भएका छन्। पोखरामा रंगशालामा बुधबार सम्पन्न पहिलो सेमिफाइनलमा चितवन भेट्रान्सलाई २-० ले पराजित गर्दै ढोलाहिटीले फाइनलमा स्थान बनाएको हो। ढोलाहिटीका तेजबहादुर गलामी र प्रकाश रानामगरले समान एक गोल गरे। दोस्रो सेमिफाइनलमा आयोजक एबिसी भेट्रान्सलाई २-० ले पाखा लगाउँदै हेटौंडाले फाइनल यात्रा तय गऱ्यो।

नुवाकोटमा हाप्किडो

काठमाडौं/ नुवाकोट आमन्त्रण ओपन हाप्किडो राष्ट्रिय च्याम्पियन ७ र ८ वैशाखमा बेलकोटगढीमा आयोजना हुने भएको छ। प्रतियोगिता नयाँ वर्ष ०८१ को उपलक्ष्यमा आयोजना हुन लागेको नेपाल हाप्किडो संघका मुख्य प्रशिक्षक प्रवीण गुरुङले जानकारी दिए। प्रतियोगितामा स्पाइरिङ, हाई फल, लङ फल र डेमोस्ट्रेसन समावेश गरिएका छन्।

■ प्रथम अन्तरप्रदेश खेलकुद- २०८०

लुम्बिनी र गण्डकी सेमिफाइनलमा

भरतपुरमा **विवेक पोखेल**

लुम्बिनी प्रदेश महिला र गण्डकी प्रदेश पुरुष भलिबल टोली प्रथम अन्तरप्रदेश खेलकुद प्रतियोगिताअन्तर्गत सेमिफाइनलमा प्रवेश गरेका छन्। बुधबार भएको महिलातर्फको पहिलो खेलमा सुदूरपश्चिम प्रदेशलाई सोझो सेटमा हराउँदै लुम्बिनीले अन्तिम चारमा स्थान सुरक्षित गरेको हो। लुम्बिनीले खेल २५-११, २५-१६ र २५-९ ले जित्यो। महिलातर्फ नै मधेश प्रदेशलाई सोझो सेटमा हराउँदै कर्णाली प्रदेशले पनि सेमिफाइनलमा स्थान बनायो। कर्णालीले खेल २५-२०, २५-१० र २५-१९ ले जितेको थियो। त्यस्तै, कोशीलाई हराउँदै गण्डकी सेमिफाइनलमा स्थान बनाउन सफल भयो। महिलातर्फको फाइनल प्रवेशका लागि लुम्बिनी र गण्डकी तथा बागमती र कर्णाली प्रदेशबीच प्रतिस्पर्धा हुनेछ। पुरुषतर्फ कोशी, कर्णाली, गण्डकी र सुदूरपश्चिम सेमिफाइनलमा प्रवेश गरेका छन्। लुम्बिनीले बागमतीलाई सोझो सेटमा हरायो। सहज जित निकाल्ने क्रममा लुम्बिनीले खेल २५-९, २५-१३ र २५-१९ ले जित्यो। कोशीले सुदूरपश्चिममाथि ३-२ सेटको जित निकाल्यो। अन्तिम खेलमा कर्णालीमाथि गण्डकी प्रदेशले ३-२ सेटको जित निकालेको हो। बिहीबार हुने सेमिफाइलनमा कोशी र कर्णाली तथा गण्डकी र सुदूरपश्चिम प्रदेशबीच खेल हुनेछ।



लुम्बिनी प्रदेशको महिला भलिबल टोली

महिला फुटबल : कोशी फाइनलमा

अन्तरप्रदेश खेलकुदअन्तर्गत महिला फुटबलमा कोशी प्रदेश फाइनलमा प्रवेश गरेको छ। बुधबार भएको पहिलो सेमिफाइनलमा मधेश प्रदेशलाई २-० ले हराउँदै कोशी उपाधिनजिक पुगेको हो। कोशीले उपाधिका लागि सुदूरपश्चिम र कर्णालीबीचको विजेतासँग खेल्नेछ। भरतपुरको सारफानगर फुटबल मैदानमा भएको खेलमा कोशीलाई जित दिलाउन प्रतीक्षा राईले दुई गोल गरिन्। उनले खेलको १७औँ मिनेटमा गोल गरिन्। पहिलो हाफमा १-० गोलको अग्रता बनाएको कोशी दोस्रो हाफमा थप एक गोल गर्न सफल भयो। प्रतीक्षाले खेलको ६२औँ मिनेटमा दोस्रो गोल गर्दै टोलीलाई जित दिलाएकी हुन्।

पुरुष क्रिकेट : गण्डकी र कर्णालीको जित

पुरुष क्रिकेटमा गण्डकी र कर्णाली प्रदेशले सहज जित हात पारेका छन्। गण्डकीले बागमती प्रदेशलाई ३२ रनले हराएको हो। गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा गण्डकीले दिएको २३५ रनको लक्ष्य पछ्याएको बागमतीले प्रत्युत्तरमा सात विकेट गुमाउँदा मात्र २०२ रन बनायो। बागमतीका लागि रोबिन जोशीले सर्वाधिक ६८ रन बनाए। त्यस्तै शुभ कंसाकार र तिलकराज भण्डारीले समान ३७ रन बनाए। उत्तम थापामगरले २५ रनको योगदान गरेका हुन्। गण्डकीका लागि विपिन खत्री र सुभाष भण्डारीले समान दुई विकेट लिए।

त्यसअघि पहिले ब्याटिङ गरेको गण्डकीले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर २३४ रन बनाएको थियो। गण्डकीका लागि दीपक डुम्रे र अर्जुन कुमालले अर्धशतकीय पारी खेले। दीपकले ७५ रन बनाउँदा अर्जुनले ५५ रन बनाएका हुन्। सन्दीप खत्रीले २७ रनको योगदान गरेका हुन्। बागमतीका लागि रिजन ढकाल र कृजन गुरुङले एक-एक विकेट लिए।

दोस्रो खेलमा कर्णालीले कोशी प्रदेशमाथि १० रनको जित हात पाऱ्यो। कर्णालीले दिएको २०९ रनको लक्ष्य पछ्याएको कोशीले निर्धारित २० ओभरमा ६ विकेट गुमाउँदा मात्र १९८ रन बनाउन सक्यो।

जावलाखेल र आर्मीलाई उपाधि

नयाँ पत्रिका

दोस्रो उपत्यकास्तरीय ह्विलचियर बास्केटबल प्रतियोगिताको उपाधि पुरुषतर्फ विभागीय टोली त्रिभुवन आर्मी क्लब र महिलातर्फ जावलाखेल ह्विलचियर स्पोर्टस् क्लब (जेडब्लुएससी)ले जितेका छन्। नेपाल स्पाइनल कर्ड इन्जरी खेलकुद संघ (एनएससिआइएसए)को आयोजनामा त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्डहलमा बुधबार सम्पन्न फाइनलमा आर्मीले अर्को विभागीय टोली सशस्त्र प्रहरी बलको एपिएफलाई पराजित गरेको हो। पुरुषतर्फ रोमाञ्चक बनेको खेलमा आर्मीले एपिएफलाई २१-१७ ले पराजित गऱ्यो। आर्मी र एपिएफ पुल 'ए'मा सँगै थिए। पुल 'ए'बाट आर्मी विजेता र एपिएफ उपविजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेका थिए। पुलको खेलमा पनि आर्मीले एपिएफलाई २६-२१ ले पराजित गरेको थियो। आर्मीले सेमिफाइनलमा बिआइएमाथि ३६-१७ को फराकिलो जित हासिल गरेको थियो। एपिएफ भने प्रतिस्पर्धात्मक खेलमा एससिआइएनएनलाई २०-१९ ले पराजित गर्दै फाइनलमा पुगेको हो। प्रतियोगितामा एससिआइएनएन तेस्रो भयो।

महिलातर्फ जेडब्लुएससीले इस्पाइनल कट इन्जरी नेटवर्क नेपाल (एससिआइएनएन)लाई पराजित गर्दै उपाधि जितेको हो। सेमिफाइनलमा बिआइएलाई १४-० स्कोरले पराजित गर्दै जेडब्लुएससी फाइनल पुगेको थियो। फाइनलमा जेडब्लुएससीले एससिआइएनएनमाथि १८-७ को सहज जित दर्ता गऱ्यो। एससिआइएनएनले सेमिफाइनलमा विइनमाथि १४-४ को सहज जित हासिल गर्दै फाइनलमा स्थान बनाएको थियो।

आइपिएलमा धवन आठौँपटक स्टम्पिङ

शेखर धवन चेन्नई सुपर किंग्सका सुरेश रैना र रोबिन उथप्पासँगै सर्वाधिक आठपटक स्टम्पिङ हुने खेलाडी बने



एजेन्सी/ पन्जाब किंग्सका कप्तान शेखर धवन इन्डियन प्रिमियर लिग (आइपिएल)मा आठौँपटक स्टम्पिङ भएका छन्। सनराइजर्स हैदराबादविरुद्ध २ रनको हार बेहोर्दा धवन १६ बलमा १४ रन बनाएर स्टम्पिङ भएका हुन्। धवनलाई भुवनेश्वर कुमारले विकेटकिपर हेनरिक क्लासेनबाट स्टम्पिङ गराएका थिए। यसअघि चेन्नई सुपर किंग्सका सुरेश रैना र रोबिन उथप्पा सर्वाधिक आठपटक नै स्टम्पिङ भएका थिए। योसँगै आठपटक स्टम्पिङ हुने खेलाडी संख्या तीन पुगेको छ।

प्रतियोगितामा हैदराबादले पाँच खेल खेल्दा तीन जित निकालेर ६ अंक जोडेको छ। पन्जाबले समान खेलबाट ४ अंक मात्रै जोड्यो। यसअघि सुरुवाती ब्याटिङ गरेको हैदराबादले नौ विकेट गुमाएर १८२ रन बनाएको थियो।

प्रत्युत्तरमा पन्जाबले ६ विकेट गुमाएर १८० रन बनाउन सक्यो। प्लेयर अफ दी म्याच नीतीसकुमार रेड्डीले एक विकेट लिनुका साथै ६४ रन बनाएका थिए। अन्तिम ओभरमा पन्जाबलाई २९ रन चाहिएको अवस्थामा २६ रन मात्रै बनेको थियो। मोहालीमा पन्जाबले पावर प्लेमै सिजनको छोटो स्कोर बनाएको हो। यसै खेलमार्फत भुवनेश्वर कुमार लिगमा आफ्नो नाममा १३औँ मेडन ओभर फ्याँक्न सफल भएका छन्।

आइपिएलमा सर्वाधिक स्टम्पिङ हुने खेलाडी

खेलाडी	टिम	खेल	स्टम्पिङ
शिखर धवन	पन्जाब किंग्स	२२२	८
रोबिन उथप्पा	चेन्नई सुपर किंग्स	२०५	८
सुरेश रैना	चेन्नई सुपर किंग्स	२०५	८

अभिषेकको हजार रन पूरा

हैदराबादका अभिषेक शर्माले ११ बलमा १६ रन बनाउँदै आइपिएलमा हजार रन पूरा गरेका छन्। पन्जाबविरुद्ध २३ वर्षीय अलराउन्डरले दुई चौका र एक छक्का हिर्काएका थिए। अभिषेक हैदराबादबाट हजार रनको कोसेढुंगा पार गर्ने तेस्रो भारतीय खेलाडी हुन्। यसअघि मनीष पाण्डे र शिखर धवनले हजार रन बनाएका हुन्।

पावर प्लेमा पन्जाबको कम स्कोर

पन्जाव किंग्सले दोस्रो इनिङ्सको पहिलो पावर प्लेमा तीन विकेट गुमाएर मात्र २७ रन बनायो। आइपिएलको १७औँ सिजनको २३औँ खेल सम्पन्न हुँदा पहिलो पावर प्लेमा छोटो स्कोर बनेको पहिलोपटक हो। यसअघि राजस्थान रोयल्सले दिल्ली क्यापिटल्सविरुद्ध जयपुरमा मात्र ३१ रन बनाएको थियो।

भुवेनश्वरको १३औँ मेडन ओभर

हैदराबादका तीव्र गतिका बलर भुवनेश्वर कुमारले आइपिएलमा १३औँ पटक मेडन ओभर फ्यालेका छन्। उनी आइपिएल इतिहासमा सर्वाधिक मेडन राख्ने दोस्रो खेलाडी बने। यसअघि प्रवीण कुमारले यो कीर्तिमान बनाएका छन्। उनले १४ मेडन राखेका छन्।

नेपालको पहिलो खेल मलेसियासँग



फाइल तस्बिर

नयाँ पत्रिका

उपाधि दाबेदार नेपालले एससी प्रिमियर कप टी-२० क्रिकेट प्रतियोगिताको पहिलो खेल मलेसियासँग खेल्ने भएको छ। प्रतियोगिता ३० चैतबाट ओमानमा आयोजना हुँदै छ। प्रतियोगिताका लागि आयोजक एसियाली क्रिकेट काउन्सिल (एसिसी)ले सहभागी सबै टोलीको घोषणा गरिसकेको छ। नेपालको १४ सदस्यीय टोलीमा भारतमा एसएमएस फ्रेन्डसिप कप खेलेका खेलाडी छन्।

नेपाल प्रतियोगिताको समूह 'ए'मा रहेको छ। यस समूहमा हङकङ, मलेसिया, कतार र साउदी अरेबिया छन्। नेपालले ३० चैतमा मलेसियासँग खेल्दै प्रतियोगिताको सुरुवात गर्नेछ। दोस्रो खेल २ वैशाखमा कतारसँग हुनेछ। हङकङसँग ३ वैशाख र साउदीसँग ५ वैशाखमा समूहको अन्तिम खेल हुनेछ।

नेपाल रहेको समूह निकै कमजोर मानिन्छ। नेपाल तुलनात्मक रूपमा समूहकै बलियो टोली हो। समूह 'बी'मा ओमानसहित संयुक्त अरब इमिरेट्स (युएई), कुवेत, बहराइन र कम्बोडिया छन्। यो समूहमा ओमान र युएईलाई उपाधि दाबेदार मानिएको छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com